‘माझी जातिको चिनारी’ नेपालका आदिवासी जनजातिमध्ये एक माझी जातिको साङ्गोपाङ् विवरणको तस्बिर हो । यो पुस्तकमा माझी जातिको इतिहास, पहिचान, भाषा, धर्म, संस्कृति, संस्कार, सामाजिक संरचना, आर्थिक–राजनीतिक परम्परा र अभ्यासको अभिलेखन गरिएको छ । आधुनिकीकरणसँगै माझी जातिको परम्परागत पेशामा आएको सङ्कट र त्यसले उनीहरूको सामाजिक, आर्थिक जीवनमा आएका परिवर्तनबारे समाजशास्त्रीय/मानवशास्त्रीय विश्लेषण गर्ने प्रयास पुस्तकमा गरिएको छ । साथै, पुस्तकमा माझी जातिको शिक्षा, स्वास्थ्य र सहभागिताको अवस्थालाई उठाएर उनीहरूको सामाजिक समावेशीकरण र राजनीतिक सशक्तिकरणका लागि राज्यसत्ता र स्वयम् माझी समुदायलाई झक्झकाउन पनि खोजिएको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

नेपाल माझी उत्थान संघ

ISBN 993723683-5
9789937236836

माझी जातिको चिनारी

घर्तीमगर र माझी



माझी जातिको चिनारी

झकेन्द्र घर्तीमगर
धन बहादुर माझी

माझी जातिको चिनारी

माझी जातिको चिनारी

झकेन्द्र घर्तीमगर
धन बहादुर माझी

आदिवासी जनजाति उत्थान
राष्ट्रिय प्रतिष्ठान
जावलाखेल, ललितपुर, पो.ब.नं. १४३८५
इमेलः nfdin@infoclub.com.np
होमपेजः www.nfdin.gov.np

नेपाल माझी उत्थान संघ
केन्द्रीय समिति
मधुवन, सुनसरी
फोन : ०१४४४२९९७

जातिशास्त्रीय विवरणिका/दर्पण शृङ्खला-६

कृति	माझी जातिको चिनारी
प्रकाशक	आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जावलाखेल, ललितपुर, नेपाल र नेपाल माझी उत्थान संघ केन्द्रीय समिति, मधुवन, सुनसरी
सर्वाधिकार	प्रकाशकमा/आजउरा प्रतिष्ठानको आर्थिक सहयोगमा प्रकाशित
लेखकहरू	झकेन्द्र घर्तीमगर धन बहादुर माझी
भाषा सम्पादन	जीवनकुमार राई, भावेस भुमरी, दीपेन्द्र राई र प्रमुख, प्राज्ञिक महाशाखा
प्रबन्ध/कार्यकारी सम्पादक	डा लाल-श्याँकारेलु रापचा
प्रकाशन प्रति	एक हजार
प्रकाशन मिति	असार, २०६८
आवरण तस्बिर	सुनकोशी नपुघाटमा डुङ्गा तार्दै एक माझी
आवरण/लेआउट	अल मिडिया सोलुसन बागबजार, ४२५३९६४
ISBN	978-9937-2-3683-6

अरू भाषामा अनुवादलगायत यो कृतिको सर्वाधिकार प्रकाशकमा सुरक्षित गरिएको छ । साथै, समीक्षा र अन्य अनुसन्धनात्मक उद्धरण बाहेक यो पुस्तकको कुनै पनि भाग प्रकाशकको अनुमति बाहेक छायाँकपि वा पुनः प्रकाशन गर्न पाइने छैन ।

Majhi Jatiko Chinari
Jhakendra Gharti Magar
Dhana Bahadur Majhi

समर्पण

उज्ज्वल
भविष्यको आशामा कठीन
सङ्घर्ष गरिरहेका
माझी समुदायका लागि

"You may write me down in history
With your bitter, twisted lies,
You may trod me in very dirt
But still like dust, I'll rise."

- **Maya Angelou**

विषयसूची

क्रम	पाना
जातिशास्त्रीय विवरणिका श्रृङ्खला-६ बारे	ज
हाम्रो भन्नु	ञ
नेपाल माझी उत्थान संघको कृतज्ञता	ठ
तस्बिर र तालिका सूची	ढ
लेखकहरूको संक्षिप्त परिचय	पश्चजिल्दा
१ पृष्ठभूमि	१-५
२ इतिहास, आगमन र पुर्ख्यौली थलो	६-१७
२.१ जातीय उत्पत्ति र इतिहास	६
२.२ माझी जातिको पुर्ख्यौली थलो	१०
२.३ पूर्व अध्ययनहरू	१४
३ भाषिक तथा जनसाङ्ख्यिक अवस्था	१८-२३
३१ माझी भाषा	१८
३.२ जनसाङ्ख्यिक अवस्था	२१
४ सामाजिक संरचना र सम्बन्ध	२४-३५
४.१ बासस्थान प्रकार	२४
४.२ परिवार	२७
४.३ थर र उपथरहरू	२८
४.४ नाता, कुटुम्ब र साइनोसम्बन्ध	३०
४.५ महिलाको स्थान र भूमिका	३४
५. धर्म, धार्मिक परम्परा, पूजाआजा र चाडपर्व	३६-५३
५.१ परम्परागत धर्म र धार्मिक विश्वास	३६
५.२ प्रमुख धार्मिक पूजाआजा	४०
५.२.१ कुलपूजा	४०
५.२.२ लदीपूजा (कोसीपूजा)	४२

५.२.३ संसारीपूजा ४७
५.२.४ बैशाखे पूर्णे/वायुपूजा ४८
५.२.५ आइतबारे/आइतबारेनीको पूजा ४८
५.२.६ गोठ पूजा ४९
५.२.७ भूमेपूजा ५०
५.३ प्रमुख चाडपर्वहरू ५०
५.३.१ साउने सङ्क्रान्ति ५०
५.३.२ दशैँ ५१
५.३.३ तिहार ५२
५.३.४ माघे सङ्क्रान्ति ५२
५.३.५ चैतेदशैँ ५३

६ जीवनचक्रीय संस्कार ५४-८२

६.१ जन्म संस्कार ५४
६.२ न्वारान ५५
६.३ पास्नी ५७
६.४ छेवर ५७
६.५ विवाह ५८
६.५.१ प्रचलित मागी विवाहको प्रक्रिया ६१
६.५.१.१ केटी माग्न जाने ६१
६.५.१.२ कुरा छिन्ने र ठेकी लगाउने ६२
६.५.१.३ जन्ती जाने ६२
६.५.१.४ सगुन खुवाउने र पर्सिने ६३
६.५.१.५ साइमुन्द्री बुझाउने र बेहुली अन्माउने ६४
६.५.१.६ बेहुली भित्र्याउने ६५
६.५.१.७ सिन्दूर हाल्ने र ठाउँ सार्ने ६५
६.५.१.८ सिन्दूर धुने र ढोगभेट गर्ने ६६
६.५.१.९ दुलान फर्काउने ६८
६.५.२ ढोकभेट फुकाउने वा सम्धिनी जोडाउने ६९
६.५.३ आशिषसेवा पठाउने ६९
६.६ मृत्यु संस्कार ६९
६.६.१ दाहसंस्कार ६९
६.६.२ किरियापुत्री बस्ने ७१
६.६.३ चोखिने वा शुद्ध हुने (शुद्धयाइ) ७२
६.६.४ पूर्णिमा मान्ने ७४

६.६.५ सराद्ध ७५
६.६.६ पितृ बोलाउने ७७
६.६.७ वरनी चलाउने ७८
६.६.८ भाराकी ढुकाउने ७९
६.६.९ खउला गाँस्ने ८०
६.६.१० दुःख फुकाउने ८०
६.६.११ पितृ बगाउने ८१
६.६.१२ भान्से बिदा गर्ने ८२
७ आर्थिक तथा राजनीतिक परम्परा र अभ्यास ८३-९५
७.१ परम्परागत पेशा ८३
७.२ आधुनिकीकरण प्रभाव : परम्परागत पेशाको सङ्कत ८४
७.३ परम्परागत संस्थाः मझेसावा ८७
७.४ सामाजिक तथा राजनीतिक आन्दोलन ८८
७.५ पहिचान र समावेशीकरणका लागि समानुपातिक प्रतिनिधित्व र माझी स्वशासित क्षेत्र ९१
७.६ सहभागिता र परामर्श ९३
८ लोकगीत, सङ्गीत र भौतिक संस्कृति ९६-९९
८.१ लोकगीत, सङ्गीत र बाजागाजा ९६
८.२ खानपिन र पाहुना सत्कार ९६
८.३ भेषभूषा र गरगहना ९८
८.४ भाँडावर्तनहरू ९९
९ शिक्षा र स्वास्थ्य १००-१०३
१०.१ शिक्षा १००
१०.२ स्वास्थ्य १०३
१० सारांश तथा निष्कर्ष १०४-१०७
११.१ सारांश १०४
११.२ निष्कर्ष १०६

अनुसूचीहरू १०८-११४
सन्दर्भसूची ११५

जातिशास्त्रीय चिनारी श्रृङ्खला-६ को बारेमा

जातिशास्त्रीय चिनारी श्रृङ्खला-६ मा *माझी जातिको चिनारी* (ई.२०११) लाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (आजउरा प्रतिष्ठान) र नेपाल माझी उत्थान संघको संयुक्त प्रयासबाट प्रकाशनमा आउन सफल भएको छ । सं. २०५८ सालमा तत्कालीन श्री ५ को सरकारले आजउरा प्रतिष्ठान ऐन–२०५८ जारी गरी त्यस ऐन अनुसार आदिवासी जनजातिहरूको उत्थान गर्ने उद्देश्यले आजउरा प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठान ऐनले नेपालका विभिन्न ५९ आदिवासी जनजाति समूहहरूलाई सूचीकरण गरेको छ । प्रतिष्ठानको स्थापना कालदेखि नै सूचीकृत आदिवासी जनजातिहरूको उत्थान र सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरू सम्वन्धित जातीय संघ/संस्था तथा गैर-सरकारी संस्थाहरू र प्रतिष्ठान आफैले पनि कार्यान्वयन गर्दै आएको छ । तर सूचीकरणमा परेका धेरै आदिवासी जनजातिहरूको ऐतिहासिक, भाषिक, सांस्कृतिक, वर्तमान आदि अवस्थाबारे भरपर्दो ज्ञान र सूचनाको अभावले गर्दा कार्यक्रमहरू प्रभावकारी ढंगले कार्यान्वयन गर्न कठिनाइ महसुस भई रहेको हुनाले सवै सूचीकृत आदिवासी जनजातिहरूको वर्तमान भाषिक, साहित्यिक, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक अवस्थावारे समाज-मानवशास्त्रीहरूबाट अध्ययन-अनुसन्धान गरिएको थियो ।

अध्ययन-अनुसन्धानमा विज्ञहरूको तथा अध्ययन-अनुसन्धान स्थलको छनौट र अध्ययन प्रतिवेदनको समालोचनात्मक समीक्षा आदि सम्वन्धित जातीय संस्थाको परामर्श र सहकार्यामा सम्पन्न गरिएको थियो । अनुसन्धान प्रक्रियामा प्रस्ताव लेखनदेखि अनुसन्धानमा अपनाइने वैज्ञानिक पद्धतिहरू, अनुसन्धाताहरूलाई मार्गनिर्देशन र प्रतिवेदनको समालोचनात्मक टिप्पणी गर्नु हुने विद्वान्हरू डा. चैतन्य मेन्याङबो-सुब्बा (पूर्व-सदस्य, योजना आयोग), अग्रज समाजमानवशास्त्री डा. कृष्ण भट्टचन (त्रिवि, कीर्तिपुर), भौतिकशास्त्री अर्जुन नुगो-लिम्बू (त्रिचन्द्र, त्रिवि) र सांस्कृतिक-समाजमानवशास्त्री जनक थुलुङ-राई (मिसिगन, अमेरिका) धन्यवादका पात्र हुनुहुन्छ । लेखकद्वय झकेन्द्र घर्तीमगर र धन बहादुर माझीको अनुसन्धनात्मक प्राज्ञिक दक्षता, अनुभव र बौद्धिक इमान्दारी यस कृतिमा छर्लङ्गिएको छ ।

यस अध्ययन-अनुसन्धान तथा प्रकाशन कार्यको मूल उद्देश्य सम्वन्धित जाति र समुदायको चौतर्फी उत्थानमा सहयोग पुगोस् भन्ने रहेकोले नै अनुसन्धाताहरूको प्रतिवेदनलाई प्रतिष्ठान र सम्वन्धित जातिको प्रतिनिधिमुलक संस्थाको संयुक्त प्रयासमा यो ग्रन्थ प्रकाशनमा ल्याइएको हो । किनभने यो प्रकाशन सम्वन्धित सरोकारवालाहरू विच पनि सहज ढंगले उपलब्ध होओस् भन्ने नै हो ।

प्रकाशन कत्तिको सफल रहला भन्ने तथ्य पाठक वर्गको पाठकीयताबाट आउन बाँकी नै छ । अहिलेलाई डा.कृष्ण भट्टचनले धन बहादुर माझीद्वारा लिखित ग्रन्थ *माझी जातिको संस्कार र संस्कृति* (भूमिकामा सं. २०६३ः छ) मा लेख्नु भएको कथन– "रामायण र वेदहरूमा भएका गलत मिथकहरूलाई औंल्याएर माझीहरू चार वर्णको मनुवादी व्यवस्थाभित्र नपर्ने र आफ्नै मूल थलो र आफ्नै मन्दरे माझी राजा भएको तथ्यहरू अगाडि सार्नु भएको छ । त्यसै गरेर विगतमा हिन्दू धर्म लादिएको यथार्थतालाई "खाऔं जात जाने नखाऔं गर्दन जाने" भन्ने माझी बूढापाकाहरूको भनाइ र सोको प्रतिरोध पर्चा छरेर चोखिन खोजेको मार्मिक प्रसंग (र माझी जातिले जन्म, विवाह, मृत्यू कुनै पनि कार्यमा बाहुन लाउदैनन्) र माझीहरूको सवै भन्दा ठूलो चाड *लदी* पूजा (कोशी पूजा) हो भन्ने सत्य-तथ्यले विगतमा भएका हिन्दूकरण र संस्कृतकरणले माझी आदिवासी जनजातिमा लागेको फोहोरहरू सफा गर्न प्रयास गर्नु भएकोले धेरै खुशी लागेको छ" झैं लेखकद्वयले वर्तमान कृतिमा पनि त्यत्तिकै वौद्धिकता पस्केका छन् ।

त्यसर्थ, लेखकद्वयको भूमिका र नेपाल माझी उत्थान संघको सहकार्य स्तुत्य छ । यस संयुक्त सह-कार्यले नेपालमा हिजो उत्पीडन र किनारामा पारिएका नागरिकहरूको इतिहासमा नयाँ अध्यायको शुरूवात गरेको छ । त्यसैले आजउरा प्रतिष्ठान र नेपाल माझी उत्थान संघ सारा (मूल)आदिवासी जनजाति र मूलतः माझीहरूको समतामूलक वौद्धिक मुटु र दिमाग हुन् । साथै जातीय उन्मुक्तिको ढोका पनि हुन् । यसको प्रत्यक्ष प्रमाण भनेको नै *माझी जातिको चिनारी* (ई.२०११) कृति हो । यो कृति त्यस अर्थमा भीमकाय छलाङ 'जायन्ट लीप' नभए पनि छोटो कदम 'स्मल स्टेप' चाहिँ अवश्य हो ज्ञान र विवेकको संस्थागतीकरणको प्रक्रियामा । आवाजविहीन किनारीकृत (मूल)आदिवासी जनजाति भूमिपुत्र(ी)हरूबाट अब उसो डुकुको हुँदो मात्रै नभई ज्ञान र विवेकको संस्थागतीकरण प्रक्रियाको पनि थालनी गरेको र जातीय उन्मुक्ति द्वारतिरको लम्काइ प्रयास पनि हो यो ।

प्राज्ञिक तथा अनुसन्धान महाशाखा
आजउरा प्रतिष्ठान
जावलाखेल, ललितपुर

हाम्रो भन्नु

नेपालका आदिवासी जनजातिबारे जातिशास्त्रीय विवरणिका 'एथ्नोग्राफिक प्रोफाइल' तयार गर्ने ऐतिहासिक निर्णय र पहल गरेर आदिवासी जनजाति उत्थान राष्ट्रिय (आजउरा) प्रतिष्ठानले अत्यन्त महत्वपूर्ण कामको थालनी गरेको छ । विविधतापूर्ण नेपाली समाजको प्रमुख आधारका रूपमा रहेका आदिवासी जनजातिहरूको एकीकृत मानवशास्त्रीय र समाजशास्त्रीय अध्ययन हुन नसकेको अवस्थामा प्रतिष्ठानको यो पहल साँच्चिकै समय सान्दर्भिक छ । यसले नेपालको सामाजिक इतिहास पुनर्लेखनको क्रममा अत्यन्त महत्व पनि राख्नेछ । तसर्थ, प्रतिष्ठानको सार्थक प्रयासको थालनी र आदिवासी जनजातिहरूको जातिशास्त्रीय विवरणिका लेखनक्रममा हामीलाई 'माझी' जातिको विवरणिका लेखन अवसर उपलब्ध गराएकोमा तथा उक्त विवरणिकालाई 'माभी जातिको चिनारी' पुस्तकका रूपमा प्रकाशन गर्न आर्थिक सहयोग गरिदिएकोमा सर्वप्रथम प्रतिष्ठानप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

नेपालका माझी जातिका बारेमा अहिलेसम्म विस्तृत जातिशास्त्रीय अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा यो विवरणिकाले केही हदसम्म भए पनि सो अभावलाई परिपूर्ति गर्ने विश्वास लिइएको छ । उक्त अनुसन्धान अवधिभर मेरो अनुसन्धान निरीक्षकका रूपमा आफ्नो भूमिका निर्वाह गर्नुभएकोमा र मस्यौदा प्रतिवेदन पढेर महत्वपूर्ण सुझाव दिनुभएकोमा अर्जुन लिम्बूप्रति विशेष आभारी छु । त्यसैगरी यो अध्ययनमाथि आफ्नो अपनत्व महसुस गरी व्यक्तिगत तथा संस्थागत रूपमा निरन्तर सहयोग, सल्लाह र सुझाव दिनुहुने नेपाल माझी उत्थान सङ्घका कार्यवाहक अध्यक्ष, महासचिव गोविन्दलाल माझी, नेपाल माझी उत्थान महिला सङ्घका अध्यक्ष चिनीमाया माझी र नेपाल माझी विद्यार्थी सङ्घका महासचिव धनबहादुर माझी पनि धन्यवादका भागिदार हुनुहुन्छ । उहाँहरू सबैको आत्मीय सहयोगविना यो अध्ययन सफल हुने थिएन ।

अध्ययनक्रममा आफ्नो अमूल्य ज्ञान, सीप, अनुभव र सूचना उपलब्ध गराउने सिन्धुली र रामेछापका माझीहरूप्रति उत्तिकै आभारी छौं। विशेषगरी रामेछाप मन्थलीका इन्द्रबहादुर माझी, गोरे माझी, पुजारी माझी, कल्पना माझी, भटौलीका मानबहादुर माझी, रणमान माझी, चन्द्रबहादुर माझी, भलवाजोरका शेरबहादुर माझी, चिसापानीका जङ्गवीर माझी, वीरबहादुर माझी, सेलेघाटका शिरबहादुर माझी, सिन्धुली कपिलाकोटका धनुषा माझी, शुरवीर माझी, बबिन्द्रलाल माझी, कल्पवृक्षका जङ्गीलाल माझीले अध्ययनक्रममा माझी जातिबारे उपलब्ध गराउनुभएको ऐतिहासिक सूचनाको सराहना गर्दै धन्यवाद दिन चाहन्छौँ। यसबाहेक अन्य थुप्रै माझी समुदायका प्रतिनिधि (जसको यहाँ नाम उल्लेख गर्न सकिएको छैन) ले यो विवरणिका लेखन क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गरेका छन्, उनीहरू सबैप्रति मुरीमुरी धन्यवादका पात्र छन्।

त्यसैगरी अध्ययनकै सिलसिलामा विभिन्न प्राविधिक सहयोगका साथै मस्यौदा प्रतिवेदन पढेर महत्वपूर्ण टिप्पणी र सुझाव दिनुहुने द हिमालयन टाइम्सका पत्रकार यादवराज जोशी तथा भाषा सम्पादन गरी सहयोग गर्नुहुने जीवनकुमार राई, भावेश भुमरी र दीपेन्द्र राईलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छौँ। र, 'माझी जातिको चिनारी' नामक यो कृतिले माझी जातिबारे चासो राख्ने र अध्ययन अनुसन्धान गर्ने सबैलाई एउटा सन्दर्भसामग्रीका रूपमा सहयोग गर्नेछ भन्ने विश्वास लिएका छौँ। त्यसैले यो अध्ययनलाई आफ्नो जातीय पहिचान र पहुँचलाई सुनिश्चित गरी एक्काइसौँ शताब्दीको सवल र समृद्ध माझी समाज निर्माण गर्न चाहने आदिवासी माझी जातिका युवापुस्ताप्रति समर्पित गर्दछौँ।

अन्त्यमा, पुस्तकको आकर्षक साजसज्जाका लागि अल मिडिया सोलुसन, बागबजारका वासुदेव श्रेष्ठ तथा सुरेन्द्र चालिसेप्रति हार्दिक आभार व्यक्त गर्दछौँ। त्यसैगरी पुस्तकका प्रवन्धक/कार्यकारी सम्पादक तथा आजउरा प्रतिगठानका प्राज्ञिक तथा अनुसन्धान महाशाखा प्रमुख डा. लाल–श्याँकारेलु रापचा, अनुसन्धान अधिकृत सरिना गुरूङ र मेनुका घिसिङलाई पनि धन्यवाद व्यक्त गर्दछौं। पुस्तकका कमीकमजोरीको नैतिक दायित्व अन्य कसैको नभई अनुसन्धानधाताको हैसियतले हाम्रै कमजोरी ठहरिनेछ। सृजनात्मक सुझावलाई सदा स्वागत गर्दै आगामी संस्करणमा सुधार गरी प्रकाशित गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ।

■ **झकेन्द्र घर्तीमगर र धन बहादुर माझी**

असार, २०६८

नेपाल माझी उत्थान संघको कृतज्ञता

नेपालमा आदि/अनादि कालदेखि बसोवास गर्दै आएको जातिहरूमध्ये माझी पनि एक हो । नेपाल सरकारद्वारा सूचिकृत ५९ आदिवासी जनजातिमध्ये भित्री तराइमा बसोबास गर्ने आदिवासीको रूपमा यो जातिलाई चिनिन्छ । आफ्नो मौलिक इतिहास, भाषा, धर्म र संस्कृति भएको यो जातिको नदीसँग निकट सम्वन्ध रहेको छ । माछा मार्ने र डुङ्गा चलाउने जस्ता परम्परागत पेशा भएको माझी जाति नेपालको प्रमुख नदीहरू सुनकोशी, तामाकोशी लगाएत सप्तकोशीको आसपासका भू–भागमा मुख्य बसोवास गर्दछन् । त्यस वाहेक नारायणी, त्रिशुली र पहाडका विभिन्न भू–भागहरूमा पनि माझी जातिको बसोबास रहेको छ ।

ई. २००१ को जनगणना अनुसार झण्डै एक लाखको हाराहारीमा जनसङ्ख्या रहेको माझी जाति साँस्कृतिकरूपमा धनी भए पनि आर्थिक, राजनीतिक रूपमा पछाडि छ । अहिलेसम्मको नेपालको राज्य सञ्चालनको इतिहासमा राज्यवाट वेवास्ता गरिएको तथा सामाजिक बहिष्करणका कारण अति सीमान्तकृत समूहमा पर्ने माझी जातिको वारेमा केही सीमित अध्ययनहरू वाहेक वृहत् मानवशास्त्रीय अध्ययन हुन सकेको छैन । यसले गर्दा माझी जातिको भरपर्दो जानकारी दिने प्रकाशित सामग्रीको अभाव रहँदै आएको छ । यो स्थितिमा आजउरा प्रतिष्ठानले प्राज्ञिक व्यक्तित्वहरूको संलग्नतामा सूचीकृत सवै आदिवासी जनजातिहरूको जातिशास्त्रीय अध्ययन गराएर पुस्तकको रूपमा प्रकाशन गर्न लागेको खवरले हामीलाई हर्षित तुल्याएको छ । यो सार्थक प्रयासका लागि हाम्रो संस्थाको तर्फवाट आजउरा प्रतिष्ठानलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यसै क्रममा माझी जातिको जातिशास्त्रीय अध्ययन गर्ने समाजशास्त्री झकेन्द्र

घर्तीमगर र भाषा तथा संस्कृतिविद् धन बहादुर माझीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सोही अध्ययनको आधारमा *माझी जातिको चिनारी* (ई.२०११) नामक ग्रन्थ आजउरा प्रतिष्ठान र हाम्रो संस्थाको संयुक्त प्रकाशनमा प्रकाशित भएकोमा हामीहरूलाई खुशी लागेको छ । लेखकद्वयको जोश, जाँगर र प्राज्ञिक लगनशीलताले *माझी जातिको चिनारी* (ई.२०११) ग्रन्थ प्रकाशित हुन सम्भव भएको हो । यो अनुसन्धानात्मक कृतिले माझी जातिबारे केही हदसम्म भए पनि भरपर्दो जानकारी दिने नै छ भन्ने विश्वास लिएका छौं हामीले । यस अर्थमा लेखकद्वयले माझी समुदायलाई लगाएको गुणप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, माझी जातिको यो जाति अध्ययनको सुरूदेखि प्रकाशनसम्म आ-आफ्नो क्षेत्रवाट सहयोग पुऱ्याउने प्राज्ञिक तथा अनुसन्धान महाशाखा, आजउरा प्रतिष्ठान र सबै महानुभावलाई नेपाल माझी उत्थान संघको तर्फबाट धेरै-धेरै धन्यवाद ।

सेवा ढोग !

■ **गोविन्दलाल माझी**
महासचिव
नेपाल माझी उत्थान **संघ**
केन्द्रीय समिति

१५ असार, २०६८

तस्बिर र तालिका सूची

तस्बिरहरू
तस्बिर - १ रामेछापको रजगाउँस्थित मन्दरे माझी राजाको दरबार रहेको स्थान वरपर भेटिने प्राचीन इँटाहरू/१३
तस्बिर- २ रामेछापको मन्थलीमा अवस्थित माझीहरूको परम्परागत घर/२५
तस्बिर - ३ सिन्धुलीको मरिनखोलामा अवस्थित माझीहरूको घर/२६
तस्बिर - ४ माझीको बस्ती रहेको रामेछापको सदरमुकाम मन्थली/३०
तस्बिर - ५ रामेछापको ऐतिहासिक माझीगाउँ कुनौरी, जहाँ मन्दरे माझी नाम गरेका राजाले आफ्नो हात्ती घोडालाई खुवाउने कुनौरो राख्ने गर्दथे भन्ने किम्वदन्ती छ/२३
तस्बिर - ६ प्रमुख चाड लदीपूजामा माझी महिलाहरू सामूहिक खानपानमा/३४
तस्बिर - ७ लदीपूजामा तामाकोसी किनारमा पूजा गर्दै रामेछाप, मन्थलीका माझीहरू/४३
तस्बिर - ८ लदीपूजापछि सामूहिक भोजमा माझीहरू/४६
तस्बिर - ९ आइतबारेआइतबारेनीको पूजा गर्दै माझीहरू/४८
तस्बिर - १० विवाहमा माझी दुलाहादुलही/५९
तस्बिर- ११ मृत्यु संस्कार/७१
तस्बिर - १२ सुनकोसीको नपुघाटमा यात्रुलाई डुङ्गामा तार्दै एक माझी/८४
तस्बिर - १३ सिन्धुलीको मरिनखोलामा जाल हान्दै माझी युवाहरू/८५
तस्बिर - १४ रामेछापको, मन्थलीघाटमा रहेको झोलुङ्गेपुल । यस्ता पुलहरूले माझीको परम्परागत पेसा (डुङ्गा तार्ने)लाई सङ्कटमा पारेका छन्/८६
तस्बिर- १५ आदिवासी जनजाति अधिकारसम्बन्धी आइएलओ-१६९ प्रशिक्षण कार्यक्रममा सहभागी माझीहरू/८९
तस्बिर - १६ रामेछाप, मन्थलीका माझीहरूको पितृ बोलाउने ठाउँ, जहाँ गाविसले उनीहरूको सहमतिविपरीत हाटबजार सञ्चालन गरिरहेको छ/९४
तस्बिर - १७ माझी जातिको लोकप्रिय बाजा मादल बजाउँदै माझी महिला/९७
तस्बिर - १८ जातीय पोसाकमा सजिएका माझी युवतीहरू/९८
तस्बिर - १९ माछा मार्ने जाल र माछा राख्ने भाँडो 'फुर्लुङ'का साथ एक माझी/९९
तस्बिर - २० रामेछाप रजगाउँस्थित भिमेश्वर प्रस्तावित मा.वि.मा अध्ययनरत माझी विद्यार्थीहरू/१०१
तस्बिर - २१ माझी समुदायबाट पहिलो स्नातक गर्ने शिरबहादुर माझी, रामेछापको खाँडादेवी प्रावि, सेलेघाटको प्राङ्गणमा, उनी सोही स्कुलका प्रधानाध्यापक हुन्/१०२
अनुसूचीहरू
अनुसूची १ माझीजातिमा साइमुन्द्री बुझाउँदा गरिने धर्मअक्षरको नमुना/१०८
अनुसूची २ माझी समुदायमा मृतकको चोखिने दिन भनिने पाराङ्गेको नमुना/११०
अनुसूची ३ माझी भाषाका १०० स्वाडेश शब्दसूची/११२

तालिकाहरू
तालिका नं. १. पाँच सयभन्दा माथि माझी मातृभाषा भएका ११ जिल्लाहरू/२०
तालिका नं. २ भौगोलिक तथा विकास क्षेत्रको आधारमा माझी जातिको जनसङ्ख्या/२२
तालिका नं. ३ सबैभन्दा धेरै माझी जनसङ्ख्या (दुई हजारभन्दा माथि) भएका जिल्लाहरू/२३
तालिका नं. ४ विभिन्न व्यक्तिहरूले उल्लेख गरेका माझीथरहरूको विवरण/२९

नक्सा
जनसङ्ख्याका आधारमा माझी जातिको जिल्लागत अवस्था (स्रोतः गुरूङ तथा अरू २००६, राष्ट्रिय जनगणना २००१, केन्द्रीय तथ्याङ्क विभाग)/११

अध्याय १

पृष्ठभूमि

नेपाल जातीय, भाषिक, धार्मिक तथा साँस्कृतिक विविधताले भरिएको देश हो । भौगोलिक रूपमा हिमाल, पहाड र तराई (मधेस) मा विभाजित यस देशको भौगोलिक विविधताभित्र सयभन्दा बढी जातजाति र भाषाभाषी आफ्नो मौलिक साँस्कृतिक पहिचानसहित बसोबास गर्दै आएका छन् । यीमध्ये झन्डै पाँच दर्जन आदिवासी जनजातिहरू सदियौँदेखि हिमालय पर्वतमालाको काखमा भूमिपुत्रका रूपमा बस्दै आएका छन् । यी सबै जातजाति, भाषाभाषीका विविध संस्कृति, परम्परा र रहनसहनले नेपाललाई 'सबै जातको साझा फूलबारी' तथा 'सयौँ थुँगा फूलका हामी, एउटै माला नेपाली' को गर्विलो परिचय दिएको छ ।

ई. २००१ को जनगणनाअनुसार, नेपालमा ५२ हिन्दू जात समूह, ४४ आदिवासी जनजाति, ३ भाषिक समूह र १ धार्मिक समूह गरी सय जातजाति रहेका छन् । तीमध्ये जात समूहको ५८.६ प्रतिशत, आदिवासी जनजातिको ३६.४ प्रतिशत र अन्यको ५.३ प्रतिशत जनसङ्ख्या रहेको छ । राज्यद्वारा सूचीकृत ५९ आदिवासी जनजातिमध्ये हिमालमा १८, पहाडमा २३, भित्री तराईमा ७ र तराईमा ११ आदिवासी जनजातिको उपस्थिति रहेको छ । आदिवासी जनजातिमध्ये जनसङ्ख्याको हिसाबले मगर (७.१ प्रतिशत), थारू (६.८ प्रतिशत), तामाङ (५.६ प्रतिशत) र नेवार (५.४ प्रतिशत) क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो स्थानमा पर्छन् । यी चारवटै समुदायको जनसङ्ख्या पाँच प्रतिशतभन्दा माथि छ । त्यसैगरी सोही जनगणनाले पहिचान गरेका ९२ भाषामध्ये ६९ भाषा आदिवासी जनजाति समुदायसँग सम्बन्धित छन् । यो भाषिक विविधताको सुन्दर नमुना हो ।

यसका अतिरिक्त यहाँ विभिन्न धार्मिक समुदायको पनि बसोबास रहेको छ । ई. २००१ को जनगणनाअनुसार हिन्दू, बौद्ध, मुस्लिम, किरात, इसाई, जैन, बहाई र शिख गरी आठ धर्म मान्ने मानिस यहाँ रहेका छन् । जनसङ्ख्याको हिसाबले सदियौँदेखि राज्यद्वारा लादिएको हिन्दू धर्म मान्नेको बाहुल्य (८०.६ प्रतिशत) नेपालमा छ भने बौद्ध धर्म दोस्रो ठूलो धर्म हो । बौद्ध १०.७ प्रतिशत, मुस्लिम ४.२ प्रतिशत, किरात ३.४ प्रतिशत र इसाई ०.५ प्रतिशत छन् भने जैन, बहाई र शिख ६ हजारभन्दा कम जनसङ्ख्याले मान्ने धर्ममा पर्छन् (गुरूङ २००४) । यी सबै धर्मको उपस्थितिले नेपाललाई धार्मिक विविधताको देशसमेत बनाएको छ ।

नेपालका आदिवासी जनजातिमध्ये प्रायले प्रकृतिलाई पूजा गर्छन् । यस अर्थमा नेपालमा पहिचान गरिएका आठ धर्ममध्ये बौद्ध र किरात धर्मबाहेक अन्य धर्मसँग आदिवासी जनजातिको समुदायगत साइनो छैन । यद्यपि सबै आदिवासी जनजातिमा विभिन्न धर्म मान्ने मानिस छन् । झन्डै अढाई सय वर्षदेखि राज्य धर्मका रूपमा लादिएको हिन्दू धर्मको प्रभाव प्रायः ई. २००१ को जनगणनाले सबै आदिवासी जनजातिमा देख्न सकिन्छ । आदिवासी जनजातिको परम्परादेखिको अभ्यासलाई हेर्ने हो भने उनीहरूको आस्थाको आधार प्रकृति हो । त्यसैले उनीहरू प्रायः जमिन, आकाश, नदी, आगो र वायुसँग सन्निकट सम्बन्ध राख्छन् ।

नेपालका आदिवासी जनजातिमध्ये माझी जाति मध्य पहाडी र भित्री तराईमा प्रमुख बसोबास रहेको एक विशिष्ट जाति हो । परम्परादेखि नै नदीमा निर्भर माझी जातिका बारेमा अहिलेसम्म विस्तृत समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन हुन नसक्दा यसको उत्पत्ति, इतिहास, भाषा, धर्म, संस्कृति र रहनसहनबारे धेरै कुरा बाहिर आउन सकेका छैनन् । तथापि हालसम्म भएका अध्ययनअनुसन्धानले माझीलाई अलग पहिचान दिएका छन् र तिनै पहिचानका आधारमा माझी समुदाय नेपालका आदिवासी जनजातिको सूचीमा समावेश छ ।

सामान्य रूपमा हेर्दा नदीमा डुङ्गा खियाउने र माछा मारेर जीविकोपार्जन गर्ने समुदाय नै माझी हो । तर बोटे, कुसहर, दरै र राजीजस्ता अन्य समुदायको पुर्ख्यौली पेसा पनि डुङ्गा खियाउने र माछा मारेर जीविकोपार्जन गर्ने भएकाले यही अर्थले मात्र माझीलाई चिनाउन सकिन्न । अर्थात् माझीका लागि जीवनवृत्तिको यो परिचयमात्र पर्याप्त छैन । त्यसैले माझीलाई भौगोलिक, सामाजिक र साँस्कृतिक आधारमा पनि परिचय गराउन थालिएको छ । माझीको मुख्य बसोबास सप्तकोसीका सहायक नदीहरू सुनकोसी, तामाकोसी, दूधकोसी, अरूण, बरूण,

तमोर र इन्द्रावतीकिनार भएको पाइन्छ । रामेछापको तामाकोसी र सिन्धुलीको मरिनखोलाआसपास नै माझीको पुर्ख्यौली बसोबासस्थल हो । हाल नेपालका पूर्वी तथा मध्य तराई र पहाडी जिल्लाहरूमा पनि यिनीहरू छरिएर रहेका छन् ।

नेपालका आदिवासी जनजातिमध्ये कतिपयको मानवशास्त्रीय तथा समाजशास्त्रीय अध्ययन भएका छन् । उदाहरणका लागि गुरूङ, तामाङ, सेर्पा, थकाली, नेवार, लिम्बू आदिलाई लिन सकिन्छ । कतिपय आदिवासी जनजातिको अध्ययन विदेशी विज्ञसमेतले गरेका छन् । तर, माझीका बारेमा विस्तृत अध्ययन भएको छैन । विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीले शोधपत्र लेखनक्रममा गरेका कुनै गाउँविशेषमा सीमित अध्ययनबाहेक अन्य अध्ययन खासै भएको छैन भन्दा अत्युक्ति नहोला । नेपालका धेरै जातजातिको जस्तै माझीजातिबारे लेख्ने पहिलो मानवशास्त्री डोरबहादुर विष्ट नै हुन् ।

उनले आफ्नो पुस्तक 'सबै जातको फूलबारी'मा दनुवार, माझी र दरै जातिबारे एउटै शीर्षकमा लेखेको लेख, माझी अधिकारकर्मी धनबहादुर माझीले लेखको पुस्तक 'माझीजातिको संस्कार र संस्कृति' र डा. राजेश गौतम र अशोककुमार थापामगरको 'ट्राइबल एथ्नोग्राफी अफ नेपाल' भाग २ मा समेटिएको माझी शीर्षकको लेख नै माझी अध्ययनको हालसम्मका भरपर्दा दस्तावेज हुन् ।

नेपालभित्र बसोबास गर्ने माझीको जन्मदेखि मृत्युसम्मको साङ्गोपाङ्गो समेटिएको, तर मानवशास्त्रीय अध्ययन नभएको सन्दर्भमा यो जातिबारेमा जानकारी दिने लिखित दस्तावेजको कमी छ । आदिवासी जनजातिको हकहितमा क्रियाशील सङ्घ-संस्थामा समेत यस्तो दस्तावेज अभाव छ । त्यसैले यो अध्ययनको मुख्य उद्देश्य नेपालका आदिवासी जनजातिमध्ये एक माझीको जातिवशास्त्रीय विवरणिका (ethnographic profile) तयार गर्नु रहेको छ ।

यो अध्ययन माझीमा केन्द्रित रहेकाले नेपालको भौगोलिक सीमाभित्र बसोबास गर्ने र थरको स्थानमा माझी लेख्ने समुदायलाई अध्ययनले समेटेको छ । समान प्रकृतिको पुर्ख्यौली पेसा डुङ्गा खियाउने र माछा मार्ने बोटे, दरै, राजी र कुसहरलाई अध्ययनबाट बाहिर राखिएको छ । यसैगरी सप्तकोसी र त्यसका सहायक नदीआसपासका क्षेत्रलाई माझीको पुर्ख्यौली भूमि मानिएकाले अध्ययन क्षेत्र पनि यही तामाकोसी आसपासका माझी बस्तीमा केन्द्रित छ । तर, सो क्षेत्रबाट अन्यत्र बसाइँ सरेका माझीलाई पनि अध्ययनमा समेटिएको छ ।

नेपालका आदिवासी जनजाति नै यो देशका वास्तविक पहिचान र सम्पदा हुन् । भाषा, संस्कृति र भेषभूषा नै आदिवासी जनजातिका प्रमुख पहिचान हुन् । तसर्थ तिनका बारेमा अध्ययन अनुसन्धान गरी संरक्षण, सम्बर्द्धन र विकास गर्नु अत्यावश्यक छ । यसै सन्दर्भमा यो अध्ययन पनि माझी समुदायको इतिहास र वर्तमानको अद्योपान्त विवरण हो । यो अध्ययनले थप अध्ययन अनुसन्धानका लागि प्रोत्साहन र जग बसाल्ने काम गर्ने छ । जसबाट माझीको इतिहासको गर्भमा रहेका अनेकन तथ्य भविष्यमा उजागर हुँदै जानेछन् । खासगरी यस अध्ययनले माझीका बारेमा जानकारी राख्न चाहने स्वदेशी र विदेशी अनुसन्धातालाई हालसम्म प्राप्त तथ्य एवम् प्रमाणको समष्टिगत जानकारी दिने छ । अर्कोतर्फ यो अध्ययन माझीबारे मानवशास्त्रीय तथा समाजशास्त्रीय अध्ययनको दस्तावेजका रूपमा दीर्घकालसम्म अध्येताका लागि सन्दर्भस्रोतका रूपमा रहनेछ ।

माझीको यो जातिशास्त्रीय (ethnographic) अध्ययनका लागि पूर्वसाहित्य समीक्षाका साथै मानवशास्त्रीय अध्ययनका विधि अपनाइएका छन् । जसअन्तर्गत स्थलगत अध्ययन, स्रोतव्यक्तिसँगको अन्तर्वार्ता, चाडपर्व एवम् रीतिरिवाजमा सहभागी भई सम्पूर्ण पक्षको सूक्ष्म अवलोकन गरी आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ । अध्ययनका लागि उपलब्ध छोटो समय र आर्थिक सीमितताका कारण विस्तृत सर्वेक्षण गरिएको छैन । जातीय तथ्याङ्कका लागि ई. २००१ को जनगणना र प्रतिष्ठित लेखकका रचना एवम् विश्लेषणलाई आधार बनाइएको छ ।

अध्ययनको सन्दर्भमा विभिन्न साहित्यमा उल्लेख भएका आधारमा कोसी र त्यसका सहायक नदीकिनारमा बसोबास गर्ने माझी अर्थात् रामेछाप र सिन्धुली जिल्लाको मन्थली, चिसापानी, भटौली, रजगाउँ र मरिनखोलाका माझीको सामाजिक, आर्थिक, साँस्कृतिक एवम् राजनीतिक पक्षको अवलोकनसाथै विश्लेषण गरिएको छ । कोसीकिनारबाट बसाइँ सरी पूर्वी तराईमा बसोबास गर्ने माझीको अध्ययन सन्दर्भमा स्रोतव्यक्ति र काठमाडौंमा उपलब्ध स्थानीय व्यक्तिलाई आधार बनाइएको छ ।

पुस्तकको पहिलो खण्डमा माझी जातिको अध्ययनको पृष्ठभूमि र परिचयलाई समेटिएको छ भने दोस्रो खण्डमा माझी जातिको इतिहास, पुर्ख्यौली थलो तथा माझीबारे अहिलेसम्म भएका अध्ययन तथा लेखनको सङ्क्षिप्त विवरण राखिएको छ । माझीको भाषिक तथा जनसाङ्ख्यिक अवस्था तेस्रो खण्डमा प्रस्तुत गरिएको

छ भने सामाजिक संरचना र सम्बन्ध तथा माझीको धार्मिक विश्वास एवम् धार्मिक-साँस्कृतिक चाडपर्वलाई क्रमशः चौथो र पाँचौँ भागमा विश्लेषण गरिएको छ । माझी जातिमा विद्यमान जीवनचक्रीय संस्कारलाई छैटौँ तथा आर्थिक परम्परा र अभ्यासबारे सातौँ अध्यायमा छलफल गरिएको छ । पुस्तकको आठौँ भागमा माझीका लोकगीत-सङ्गीतजस्ता भौतिक संस्कृतिको वर्णन गरिएको छ भने नवौँ र दसौँ भागमा क्रमशः माझीको सामाजिक-राजनीतिक परम्परा र अभ्यास तथा शिक्षा र स्वास्थ्य अवस्थाबारे वर्णन गरिएको छ । त्यसपछिको खण्डमा माझी समाजमा सहभागिता र परामर्शलाई राखिएको छ भने अन्त्यमा अध्ययनको सारांश र निष्कर्षलाई राखिएको छ ।

अध्याय २

इतिहास, आगमन र पुर्ख्यौली थलो

२.१ जातीय उत्पत्ति र इतिहास

'माझी' शब्दको अर्थ, उत्पत्ति र विकासबारे स्पष्ट धारणा पाइँदैन । यद्यपि यो शब्दले नेपालको एउटा छुट्टै आदिवासी जनजातिको परिचय गराउँछ । नेपाली बृहत् शब्दकोश (सं २०६०) मा 'माझी' शब्दलाई दुई किसिमले अर्थ्याइएको छ । पहिलो, पुर्ख्यौलीदेखि डुङ्गा खियाएर तथा माछा मारेर जीविकोपार्जन गर्ने एक जाति भनेर अर्थ्याइएको छ भने र दोस्रो, बीचको अर्थात् माझको अर्थ दिने विशेषणका रूपमा । पहिलो अर्थअनुसार माझी नेपालमा आदिकालदेखि बसोबास गर्दै आएको र नदीसँग विशेष सम्बन्ध रहेको देखिन्छ भने दोस्रो अर्थले माझी शब्दको कसरी उत्पत्ति भयो र कसरी यसले एउटा जातिलाई प्रतिनिधित्व गर्छ भन्ने आधार निर्माण गरेको छ ।

माझीबारे अहिलेसम्म बृहत् मानवशास्त्रीय अध्ययन भएको छैन । त्यसैले यस जातिको उत्पत्ति र इतिहासबारे स्पष्ट तथ्य पाउन सकिँदैन । माझीबारे भएका सीमित अध्ययनले यस जातिको पहिचानबारे विभिन्न मत राख्छन् । मानवशास्त्री डोरबहादुर विष्टका अनुसार पहाडमा माझी भनिने जातिलाई तराई वा भित्रीमधेसमा बोटे र चितवनमा कुसहर भनिने यी जातिहरू नेपालका यस भू-भागमा आदिकालदेखि बसिआएका सबैभन्दा पुराना बासिन्दा भएको उल्लेख गरेका छन् (विष्ट ई. २००५) । विष्टले एउटै जातिका रूपमा उल्लेख गरेका बोटे र माझीलाई नेपाल सरकारले छुट्टाछुट्टै जातिका रूपमा पहिचान गरेको भए पनि

अहिलेसम्म यी जातिबारे अध्ययन गर्ने अध्येतामध्ये प्रायले यी दुवै जातिलाई एउटै तथा सबैभन्दा निकट जातिका रूपमा व्याख्या गरेका छन् (माझी सं २०६३, गुरूङ ई. १९९५, गौतम र थापामगर ई. १९९४) । त्यसैगरी कतिपय अध्येताले थारू, दनुवार, दराई र कुमालसँग पनि माझीको निकट सम्बन्ध देखाएका छन् । थाल्थारू माझी, दनुवार माझी र कुमाले माझीजस्ता तीनवटै जातिसँग मिल्ने थर माझीमा पाइनुले पनि उनीहरूबीचको सम्बन्धलाई पुष्टि गर्छ ।

थारू, दनुवार र माझी एउटै परिवारका सन्तान थिए भन्ने सन्दर्भमा माझी बूढापाकाहरूसँग एउटा धार्मिक कथा पनि प्रचलित छ । कथाअनुसार, प्राचीन समयमा एउटा गरिब निःसन्तान परिवार थियो । त्यो परिवारले भगवान्सँग पुत्र प्राप्तिका लागि प्रार्थना गऱ्यो । फलस्वरूप उनीहरूलाई तीन पुत्रलाभ भयो । गरिब परिवार भएकाले उनीहरूसँग भाँडाकुँडा पर्याप्त थिएनन् । त्यसैले आमाबुबाले खानेकुरा दिँदा तीन भाइमध्ये जेठालाई थालमा, माहिलालाई कचौरामा र कान्छालाई दुनामा दिने गर्थे । उनीहरू हुर्कंदै गएपछि थाल पाउन आपसमा झगडा गर्न थाले । झगडा मिलाउन आमाबुबाले तीनै छोरालाई तीन भिन्न दिशातिर पठाइदिए । त्यसपछि थालमा खाने सन्तानलाई थारू, कचौरामा खाने सन्तानलाई माझी र दुनामा खाने सन्तानलाई दनुवार भनियो । यसरी खानेकुरा खाने भाँडाका आधारमा माझी नामकरण भएको विश्वास गरिन्छ । यो धार्मिक कथापछाडि कुनै वैज्ञानिक आधार नभए पनि थारू, दनुवार र माझी एउटै परिवारका हुन् भन्ने भाव कथाले दिन खोजेको बुझिन्छ । त्यसैगरी कचौरामा खाने भएरमात्र होइन, जेठा र कान्छाबीचको 'माइलो सन्तान' भएकाले पनि माझी भनिएको हुन सक्छ भन्ने अनुमान गर्न सकिन्छ । यस्तै किसिमको अर्थ दिनेगरी माझी शब्दको प्रयोग हायू, सन्थाल र धिमालमा पनि गरिन्छ । हायू प्रत्येक गाउँको एउटा नेता हुन्छ, जसलाई उनीहरू *मझुवा* भन्छन् । मझुवालाई माझी पनि भनिन्छ । त्यसैगरी धिमालको सामाजिक सङ्गठनको मुख्य अधिकारीलाई पनि माझी *वाराङ* भनिन्छ ।[1]

नेपालमा माझीको प्रवेश कहिले र कसरी भयो ? भन्ने सन्दर्भमा पनि ठोस तथ्य

१. जनकलाल शर्माका अनुसार हायू, धिमाल र सन्थाल जातिका सामाजिक सङ्गठनका प्रमुख नेतालाई पनि माझी भनिन्छ र यी जातिका माझीले आफ्नो गाउँको जातीय वा सामाजिक झगडा मिलाउने र सामूहिक चाडपर्वमा भोजभतेरको व्यवस्था गर्ने जिम्मा हुन्छ (शर्मा सं २०४९ः २८९) ।

पाइँदैन । एकथरिको मतमा माझी करिब दुई हजार वर्षपहिले भारतबाट मिथिला हुँदै भित्रीमधेस भएर मध्यपहाडतिर बसोबास गर्दै आएका हुन् । मध्यपहाडी क्षेत्रमा बसोबास गर्दै आएका कारण मध्यबाट माझ र माझबाट अपभ्रंश हुँदै माझी भनियो (कँडेल सं २०५५) । बालकृष्ण पोखरेलका अनुसार माझीको मूल थलो भारतको मध्यप्रदेश थियो र नेपाल प्रवेशपछि तराईका आदिवासी थारू जातिसँग अलग्गिएर नदीकिनार र कछाड हुँदै पहाडी प्रदेशमा बसोबास गर्न आएका हुन सक्छन् (पोखरेल सं २०३१) ।

केही अध्येयताले माझी भारतबाट सप्तकोसी र अरूण नदीकिनार हुँदै नेपाल पसेको अनुमान गरेका छन् (कुमार सं २०२६) । अहिले पनि यी नदीहरूको आसपासमा माझीको बसोबास भएकाले यस अनुमानको पछाडि केही सामिप्यता पनि देखिन्छ । यसैगरी जनकलाल शर्माले माझी भारतको सिन्धुप्रदेशबाट नेपालमा प्रवेश गरेको उल्लेख गरेका छन् (शर्मा सं २०३९) । माझी समुदायका नेता तथा 'माझी जातिको संस्कार र संस्कति' नामक पुस्तकका लेखक धनबहादुर माझीका अनुसार पनि नेपालमा माझी दुई हजार वर्षभन्दा अगाडिदेखि नै सप्तकोसीका सहायक नदीहरूको आसपासमा र मध्य तथा पूर्वी क्षेत्रका भित्रीमधेसमा बसोबास गर्दै आएको विश्वास गरिन्छ (माझी सं २०६३) ।

यी विभिन्न तर्क र तथ्यले माझी नेपालको आदिकालदेखि नै बसोबास गर्दै आएको जाति भएको र यस जातिको उत्पत्तिदेखि नै नदीसँग विशेष सम्बन्ध रहँदै आएको छ भन्ने स्पष्ट हुन्छ । अहिले पनि प्रायः माझी नदीकिनारमै बस्ने र नदीबाट जीवन निर्वाह गर्ने भएकाले प्राचीनकालमा मत्स्य गणचिह्न (टोटेम) भएका कविला एवम् नदीजन्य वस्तुबाट जीवन निर्वाह गर्ने समुदाय नै वर्तमान अवस्थाका माझीका पुर्खा थिए भन्न सकिन्छ (नेपाल सं २०५६) । माझी नदीकिनारमा बसोबास गर्नुका कारणबारे एउटा भनाइ प्रचलित छ, परापूर्वकालमा उनीहरू शत्रुको आक्रमणबाट बाँच्न भाग्दै जाँदा मध्यपहाडी भेगमा प्रवेश गरी नदी पार गरे र उनीहरूलाई लखेट्दै आएका शत्रुहरू नदी तर्न नसकी फर्केकाले नदीकिनारलाई सुरक्षित मानी त्यहीँ बस्न थाले ।

माझीको उत्पत्तिबारे माझी समुदायमा विभिन्न किम्वदन्ती पाइन्छन् । तर, प्रायः किम्वदन्ती हिन्दू धर्मग्रन्थसँग सम्बन्धित छन् । ती किम्वदन्तीमध्ये महादेवले आफ्नो जीउको मयलबाट माझीको सृष्टि गरेको कथा यस्तो छ- महादेवले पृथ्वीको सृष्टि गरिसकेपछि पार्वतीलाई आफूले गरेको सृष्टिको वर्णन गर्दै पृथ्वी

देखाउन थाले । पार्वतीले पृथ्वी हेर्दै जाँदा हरियो वनजङ्गल, नीलो खोला, नदी र नदी वारिपारि मानिस बसोबास गरेको रमणीय गाउँसमेत देखिन् । तर, नदी वारिपारि गर्ने बाटो देखिनन् र पार्वतीले महादेवलाई सोधिन्- प्रभु यो नदीमा वारिपारि गर्ने बाटो नभएपछि यी मानिस कसरी वारिपारि गर्छन् ? पार्वतीको प्रश्न सुनिसकेपछि महादेव झसङ्ग हुँदै सृष्टि गर्दा नै यो छुटेको हो भन्दै हतारहतार आफ्नो जीउको मयल डल्लो पारेर नदी वारपार गर्न डुङ्गा चलाउन माझीको सृष्टि गरे । माझी बूढापाकाहरूमा प्रचलित यो किम्वदन्तीको कुनै वैज्ञानिक आधार देखिँदैन । अर्कोतर्फ हिन्दू धर्मग्रन्थले पृथ्वी र मानवलगायत जीवात्माको सृष्टि ब्रह्माले गरेको वर्णन पाइन्छ । यसबाट यो कथाको धार्मिक आधार पनि देखिँदैन ।

अर्को किम्वदन्तीअनुसार वेदव्यासद्वारा रचित महाकाव्य महाभारतमा 'मत्स्यगन्ध्या' माझीकी छोरी थिइन् र उनी माछाको गर्भबाट जन्मिएकी हुन् । परासर नामक ऋषिलाई मत्स्यगन्ध्याले नदी तार्दा मत्स्यगन्ध्या र परासर ऋषिको सहवास भएको र त्यसैबाट गर्भ रहन गई वेदव्यास जन्मिएको उल्लेख भएको पाइन्छ । परासर ऋषिको गुफा, मत्स्यगन्ध्याले परासर ऋषिलाई तारेको घाट तनहुँ जिल्लाको दमौलीदेखि दक्षिणतिर प्रसिद्ध तीर्थस्थलका रूपमा अहिलेसम्म प्रख्यात छँदै छ । यसबाट गण्डकी र नारायणी आसपासमा महाभारतकालमा नै माझी अस्तित्वमा थिए भन्ने केही आधार मिल्छ । केही लेखकले माझीहरू शताब्दियौँअगाडि तनहुँबाट नारायणी नदीकिनारमा बसाइँ सरेर गएको पनि उल्लेख गरेका छन् (गौतम र थापामगर ई. १९९४) ।

माझीको इतिहासलाई रामायणकालीन कथासँग पनि जोड्ने गरिन्छ । रामले सीतालाई वाल्मीकि आश्रममा निर्वासित गरेको बेला लोहरी (लव) नामक छोरो जन्मियो । एक दिन सीता लवलाई सँगै लिएर नारायणी नदीमा नुहाउन गएको बेला वाल्मीकि ऋषिले लवलाई आफ्नो आश्रममा देखेनन् । त्यसपछि सीताले आफ्नो बच्चा नदेखेपछि बिलौना गर्लिन् भन्ने डरले कुश (एकप्रकारको घाँस) बाट एउटा बच्चा बनाई लवको कोक्रोमा राखिदिए । केहीछिनमा सीता नदीबाट फर्कंदा लव पनि उनकै साथमा आएको देखेपछि ऋषिले सबै वृत्तान्त सुनाए र त्यस बच्चाको नाम कुशारी (कुश) राखियो । त्यही कुशका बङ्शज कुसहर वा माझी भएको र लवका बङ्शज चेपाङ भएको विश्वास गरिन्छ । माझीको एउटा थर कुसुवार भएकाले आफूहरू कुसका सन्तान भएको विश्वास गरिएको हुन

सक्छ ।[२] तर, रामायण हिन्दू धर्मग्रन्थ हो भने त्यसमा वर्णन गरिएका राम र कुश पनि हिन्दू आर्यबङ्शका मानिन्छन् । आफूलाई कुशका सन्तान ठान्ने माझीको साँस्कृतिक र सामाजिक अभ्यासमा हिन्दू आर्यहरूले जस्तो जनै लगाउने र कर्मकाण्ड बाहुनबाट गर्ने परम्परा भेटिँदैन । त्यसैले माझी कुशका सन्तान भएको कुनै भरपर्दो आधार छैन । यस कथाका आधारमा माझी प्राचीनकालदेखि नै नारायणी नदीकिनारमा बस्ने गरेको अन्दाज भने गर्न सकिन्छ ।

२.२ माझी जातिको पुख्र्यौली थलो

नेपालमा माझीहरूको पुख्र्यौली भूमि कहाँ हो भन्ने सन्दर्भमा मुख्य गरी दुई कथन पाइन्छन् । पहिलो कथनअनुसार माझी सुरुदेखि नै सप्तकोसीका सात सहायक नदीहरू इन्द्रावती, सुनकोसी, तामाकोसी, लिखु (बरूण), दूधकोसी, अरूण र तमोर किनारका निश्चित भू-भागमा बस्दै आएका हुन् । यसबाहेक बागमतीआसपास, मकवानपुर र काभ्रे, सिन्धुलीको मरिनखोला र कमलामाई तथा उदयपुरको त्रियुगा नदीआसपासमा पनि माझीको पुरानो बसोबास भएको पाइन्छ । अहिले पनि यी ठाउँमा माझीका उल्लेख्य बस्ती भएकाले उनीहरू पहिलेदेखि नै यस क्षेत्रमा बसोबास गर्दै आएका आदिवासी हुन् भन्ने पुष्टि हुन्छ ।

माझीजातिको पुख्र्यौली थातथलोबारे लिखित इतिहासको अध्ययन गर्दा झन्डै सात सय वर्षअघि नेपालमा माझीहरू विभिन्न ठाउँमा शासन गर्थे भन्ने थाहा हुन्छ । ने.सं ४४६ (विसं १३८२) मा दिल्लीका वादशाह गयासुद्दिन तुगलकले आफ्नो राज्यमा आक्रमण गर्न आएको ठानी तिरहुती राजा हरसिंहदेवले उनीमाथि जाइलाग्दा सिम्रौनगढ राज्य ध्वस्त हुनुका साथै उनीहरूको ज्यानसमेत खतरामा परेकाले जोगिनका लागि दोलखातिर भागेर आउँदै गर्दा तिनपाटन भन्ने ठाउँमा राजा हरसिंहदेवको मृत्यु भएको र उनका छोरा तथा मन्त्रीहरूलाई राजग्राम राज्यका भारदारहरूले कैद गरी सबै धन-सम्पत्ति कब्जा गरे भनी 'गोपालराज बङ्शावली'मा उल्लेख गरिएको छ । यहाँ उल्लेख गरिएको तिनपाटन सिन्धुली जिल्लामा र राजग्राम भनिएको रजगाउँ रामेछाप जिल्लामा पर्छ । तिनपाटनबाट

२. रौतहतका माझीबारे गरिएको एक अध्ययनमा पनि माझीले कुसहर लेख्नुका कारण तराईमा माझी भनिने जातिमा मुसहर, मल्लाह, थारू आदि पनि पर्ने भएकाले ती जातिहरूभन्दा पृथक् कुशका बङ्शज कुसहर भएको देखाउन कुसहर माझी लेख्नुपरेको उल्लेख गरिएको छ (थप जानकारीका लागि हेर्नुहोस् : पोखरेल सं २०५७:१४) ।

नक्सा – १ : जनसङ्ख्याका आधारमा माझी जातिको जिल्लागत अवस्था



स्रोत : गुरूङ तथा अरू २००६

दोलखा जाँदा रजगाउँ बाटोमा पर्छ । त्यसबखत रजगाउँमा को राजा थिए भन्ने बङ्शावलीमा उल्लेख नभए पनि माझी बूढापाकाको भनाइ र अहिलेसम्म पाइने भग्नावशेषअनुसार रजगाउँमा मन्दरे नाम गरेका माझी राजा थिए भन्ने केही आधार छन् ।[३] यी आधारमा माझीको पुर्ख्यौली थलो रामेछापको तामाकोसी गड्तीर

---

३. रामेछाप जिलाको रजगाउँ तामाकोसीकिनारमा अवस्थित माझी गाउँ हो । यस भेगका माझी बूढापाकाहरूका अनुसार रजगाउँमा मन्दरे नाम गरेका राजाको दरबार थियो । दरबारको भग्नावशेषका रूपमा अहिलेसम्म पनि बारीमा खन्दा प्राचीन मोडेलका ठुल्ठूला इँटा प्रशस्त भेटिन्छन् । रजगाउँदेखि तल मसानटार (मसानघाट), रजगाउँको ठीक पारिपट्टि हात्तीटार (मन्दरे राजाका हात्तीघोडा बाँध्ने ठाउँ) र हात्तीटारको माथितिर कुनौरी (हात्तीघोडालाई खुवाउने कुनौरो, पराल राख्ने ठाउँ) पर्छ । रजगाउँ, मसानटार, हात्तीटार र कुनौरीमा अहिलेसम्म पनि माझीहरूको मात्र बस्ती छ । रामेछापको पहिलेको सदरमुकामबाट आउने सुकाजोरखोला तामाकोसीमा मिसिनुभन्दा केहीमाथि खोलामा मन्दरे माझी राजाले तन्त्रमन्त्र विद्याद्वारा निकालेको विश्वास गरिने जरूवापानी अहिले पनि देख्न सकिन्छ । उक्त जरूवापानीलाई मन्दरे पानी भनिन्छ (मिति २०६६ माघ २५ देखि फागुन २९ सम्म गरिएको उक्त क्षेत्रको अध्ययन भ्रमणमा माझी बूढापाकाहरूसँग गरिएको कुराकानी र अवलोकनमा आधारित) । थप जानकारीका लागि हेर्नुहोस् (माझी सं २०६३:१२), (बज्राचार्य र मल्ल सं २०३७:४६)

वा रजगाउँ नै हो भन्न पनि सकिन्छ । त्यसैगरी रामेछापकै गोल्मा राजा र मकवानपुरका गङ्गटे राजाको चर्चा गरिए पनि उनीहरूबारे लिखित दस्तावेज भने पाइँदैन, तर उनीहरूको दरबारको भग्नावशेष भने अहिलेसम्म देख्न सकिन्छ ।

माझी पहिलेदेखि नै सप्तकोसीका सहायक नदीकिनारमा बसोबास गर्दै आएका र त्यस समयमा खोलाकिनारमा औलोलगायत विभिन्न महामारी रोग लाग्ने भएकाले अन्य जातजाति बसोबास गर्दैनथे । त्यसैले कोसीकिनारका समथर जमिनलाई माझीले नै आवाद गरी खेतीयोग्य बनाई भोगचलन गर्दै आएका हुन् भन्ने बलियो आधार देखिन्छ । पृथ्वीनारायण शाहले विसं १८२५ मा गोर्खा राज्यविस्तार गरेपछि पनि सो जग्गा किपटका रूपमा माझीले नै भोगचलन गर्दै आएका थिए ।[४] किपट जग्गा भोगचलन गरेबापत विभिन्न घाटमा वर्षा, भेल, बाढीमा पनि दिनमा एकपटक हुलाक र सरकारी कर्मचारी तार्न अनिवार्य रूपमा डुङ्गा चलाउनुपर्थ्यो । किपट जमिन माझीबाहेक अन्य जातजातिमा किन्न वा बेच्न हुँदैनथ्यो ।

त्यसैगरी नेपालमा मात्र नभएर भारतको विहार राज्यको पूर्णिया जिल्लाको मकनहा र हरिपुर दार्जिलिङ, आसाम र भुटानका गलेफु, चिराहाडमा समेत माझीको बसोबास पाइन्छ । यिनीहरू पनि कोसीकिनारबाट सात/आठ पुस्ता पहिले विभिन्न कारणले गर्दा गएको अनुमान गरिन्छ (माझी सं २०६३) । त्यहाँका माझी र सप्तकोसीआसपासबाहेक नेपालका अन्य भागमा बस्ने माझी पनि आफ्नो पुर्ख्यौली मूलथलो यिनै कोसीकिनारको घाट र गाउँको नाम बताउँछन् । जस्तै चिसापाने, मन्थले, कुनौरे, भटौले, रजगाउँले, पुँजीघाटे, डबखाली, सित्खाली, कोथपेली, लुबेली, सेलेघाटे, नपुघाटे, धनेघाटे, सुङ्रेली, नौलपुरे, रँबुवाली, टोक्सेले, मूलघाटे, मरिनखोले, कोलोन्जोरे, सिपाली, भीमटारे, दोलालघाटे, आँपघाटे, पचुबारघाटे भनेर चिनाउँछन् । मधेसतिर पैतृक स्थल मिल्यो भने दाजुभाइ अथवा हाडनाता मान्छन् र बिहेवारी गर्दैनन् । तामाकोसीकिनारमै

---

४ नेपालको राज्यविस्तारपछि माझी जातिले भोगचलन गरिआएको सम्पूर्ण जमिन वि.सं. १८८५ सालमा राजा श्री ५ राजेन्द्र विक्रम शाहको शासनकालमा "हँसियाको फन्को कोदालोको दम्को आफ्नो बाहुबलले भ्याएसम्म आवाद गरी खानू र बसोबास बसाउनू, उजाड नगर्नू, घाटमा डुङ्गा दुई बाह्र वहना, तेह्र डोरी तैनाथ राख्नू, तलवितल परे जङ्गी कानुनबमोजिम सजाय गर्नू ।" भन्ने उल्लेख भएको लालमोहर सनद बनाई माझीहरूको नाममा किपट दिइएको थियो (माझी सं २०६३) ।

तस्बिर-१ः रामेछापको रजगाउँस्थित मन्दरे माझी राजाको दरबार रहेको स्थान वरपर भेटिने प्राचीन इँटाहरू

अवस्थित रामेछाप जिल्लाको हालको सदरमुकाम मन्थली पनि माझी भाषामै नामकरण गरिएको छ । माझी भाषामा मुन्को अर्थ जाँड हुने भएकाले मुन्थली भन्नाले माझीहरूको जाँड खाने थलोका रूपमा रहेको र यसैको अपभ्रंश भई हाल मन्थली भनिएको माझीहरू बताउँछन् । जसलाई खस भाषामा गढवाली भनिन्छ । यसरी यो पहिलो अवधारणाअनुसार तामाकोसी नदीकिनारको चिसापानीदेखि रजगाउँसम्मको भू-भाग नै माझीको पुर्ख्यौली भूमि भएको देखिन्छ ।

माझीको पुर्ख्यौली थलोबारेको अर्को भनाइअनुसार कालीगण्डकी र नारायणी नदीकिनारमा पनि प्राचीनकालदेखि नै उनीहरू बस्दै आएका हुन् । कुसहर माझीको पौराणिक कथाका आधारमा परापूर्वकालदेखि नै माझीहरू नारायणी नदीकिनारमा बसोबास गर्दै आएका हुन् । त्यसैगरी केही अध्येताहरू खासगरी (गौतम र थापामगर ई. १९९४) का अनुसार शताब्दियौँ पहिले माझीहरू तनहुँबाट चितवन र तराई क्षेत्रमा आएका हुन् । नारायणी नदीकिनार र त्रिशूलीमा बसोबास गर्ने माझीहरू तनहुँबाट आए पनि खासमा पत्थरघाट र सिसाघाटबाट बसाइँ-सराइ गरेका हुन् ।

त्रिशूलीमा पनि पहिलेदेखि नै माझीहरू बस्ने गरेको पाइन्छ । पृथ्वीनारायण शाहले गोर्खा राज्य विस्तारक्रममा नुवाकोट आक्रमण गर्दा शुभघाटको बाटोबाट गरेका र उनका सैनिकलाई जलुवा नाम गरेका माझीले घाट तारिदिएका थिए भनिन्छ । सोबापत पृथ्वीनारायण शाहले जलुवा माझीलाई ताम्रपत्र लेखी सं १८०२ वैशाखमा जमिनको ठूलै हिस्सा विर्ता दिएका थिए । नुवाकोट जिल्लामा त्यो जग्गा हालसम्म पनि माझीटारको नामले चिनिन्छ (बज्राचार्य र श्रेष्ठ सं २०३७ः ४५-५०) ।

यी तथ्यगत अवधारणाका आधारमा माझीको पुर्ख्यौली थलो यकिनसाथ भन्न सकिन्न । तापनि सुनकोसी, तामाकोसी, नारायणी र त्रिशूली नदीको निश्चित भू-भाग नै उनीहरूको पुर्ख्यौली थलो थियो भन्न सकिन्छ ।

२.३ पूर्वअध्ययन

नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनको इतिहास त्यति पुरानो छैन । खासगरी ई. १९५० को राजनीतिक परिवर्तनपछि नेपालले खुलाद्वार नीति अपनाएपछि विदेशीद्वारा नेपालका जातजातिको जातिशास्त्रीय अध्ययन सुरू भएको पाइन्छ । त्यसभन्दा अगाडि नेपाल विदेशीका लागि खुला थिएन । त्यसपछि नेपालको विविधतामूलक बहुसाँस्कृतिक समाज समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनका लागि उर्वर भूमिकै रूपमा विकास भयो ।

ई. १९५० अगाडि नेपाली समाज र संस्कृतिबारेमा व्यवस्थित अध्ययन नभए पनि नेपालमा सञ्चालित नियोगमा कार्यरत बेलायती कर्मचारी, यात्री तथा व्यापारीहरूले यहाँका विभिन्न जातजाति, भूगोल र संस्कृतिबारे विभिन्न सूचना र विवरण सङ्कलन गरेका थिए । तीमध्ये नेपालबारे पहिलो किताब लेख्ने विलियम कर्कपेट्रिक (ईसं १८११), दोस्रो किताब लेख्ने फ्रान्सिस हामिल्टन (ईसं १८१८) तथा नेपालमा धेरै वर्ष अङ्ग्रेज प्रतिनिधिसमेत रहेका ब्रायन हजसन (ईसं १८३३) र नेपाली लाहुरेबारे लेखिएको किताब *गुर्खाज*का लेखक इडन भान्सिटार्ट (ईसं १८८४) प्रमुख छन् ।

ई. १९५० पछि भने नेपालका आदिवासी जनजातिबारे व्यवस्थित अध्ययन हुन थालेको पाइन्छ । हिमाली क्षेत्रका सेर्पाबारे गरिएको अध्ययनका आधारमा सीएफ हाइमनडोर्फको ई. १९६४ मा प्रकाशित *द सेर्पाज अफ नेपाल* नै नेपालको पहिलो

मानवशास्त्रीय अध्ययन हो । यसैगरी ई. १९६५ मा नेपाली मानवशास्त्री गोपालसिंह नेपालीले कीर्तिपुरका नेवारको अध्ययन गरी प्रकाशित गरेको पुस्तक *द नेवार* अर्को पूर्ण जातिशास्त्रीय कृति हो । यसैक्रममा विदेशी विद्वान् जेटी हिचककले स्याङ्जा बरडाँडाका मगरबारे अध्ययन गरी प्रकाशित गरेको पुस्तक *द मगर्स अफ बनियान हिल* (ई. १९६६) मगर जातिको भाषा, संस्कृति र संस्कारको पहिलो जातिशास्त्रीय अध्ययन हो । सोही वर्ष फ्रान्सका बेर्नाद पिनेको *गुरूङहरू : नेपाल हिमालका एक जाति* नामक किताब पनि प्रकाशित भएको थियो । पिनेले उक्त अध्ययन पर्वतको मोहरिया गाउँका गुरूङबारेमा गरेका थिए ।

चर्चित नेपाली मानवशास्त्री डोरबहादुर विष्टले ई. १९६७ मा *पिपुल्स अफ नेपाल* प्रकाशित गरी नेपालका विविध जातजातिबारेमा परिचय गराए । एक्काइस जातजातिको वर्णन गरिएको उक्त पुस्तक नै नेपाली समाजशास्त्र तथा मानवशास्त्रय अध्ययनको प्रवेशद्वार मानिन्छ । ई. १९८१ मा त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्र तथा मानवशास्त्रयको पठनपाठन सुरू गरेपछि जातिशास्त्रीय अध्ययनले गति लिन थालेको हो । विश्वविद्यालयमा आबद्ध शिक्षक तथा विद्यार्थीले विभिन्न जातजातिको अध्ययनमा आफूलाई संलग्न गराउँदै आएका छन् । ई. १९८१ पछि नेपालका आदिवासी जनजातिबारे गरिएका अध्ययनमध्ये जे कावाकिताको *नेपाल हिमालयका जनजातिहरू* (सं २०४७), डेभिड एच होमवर्गको *अर्डर इन प्याराडक्स : मिथ, रिचुअलस् एन्ड एक्सचेन्ज अमोङ नेपालस् तामाङ* (ई. १९८९), डा. राजेश गौतम र अशोककुमार थापामगरको *ट्राइबल एथ्नोग्राफी अफ नेपाल* (ई. १९९४), डा. हर्क गुरूङ र जान साल्टरको *फेसेज अफ नेपाल* (ई. १९९५) लगायतका कृति जातिशास्त्रीय अध्ययनका दृष्टिले महत्वपूर्ण मानिन्छन् ।

नेपालका आदिवासी जनजातिमध्ये एक माझीबारेमा भने अहिलेसम्म अत्यन्त थोरै अनुसन्धानात्मक साहित्य पाइन्छ । उपलब्ध साहित्यका आधारमा भन्नुपर्दा नेपालका माझीबारे वर्णन गर्ने पहिलो मानवशास्त्री डोरबहादुर विष्ट नै हुन् । उनको पुस्तक *पिपुल अफ नेपाल* (ई. १९६७) र त्यसैको नेपाली संस्करण *सबै जातको फूलबारी'* (ई. १९७३) मा 'हामी माझी, दनुवार र दरै' शीर्षकमा माझीबारे वर्णन गरेका छन् । विष्टका अनुसार माझी नेपालका आदिकालदेखिका बासिन्दा हुन् र पहाडमा माझी भनिने जातिलाई नै तराई वा भित्रीमधेसमा बोटे र चितवनमा कुसहर भन्ने चलन छ । माझीबारे लेखिएको यो लेखमा विष्टले दनुवार र दरै जातिसँग अत्यन्त निकट देखाए पनि सप्तकोसीका सहायक नदीआसपासमा बस्ने सबै माझीको सामाजिक र सांस्कृतिक विविधतालाई स्पष्ट रूपले वर्णन गर्न सकेका छैनन् ।

ट्राइबल एथ्नोग्राफी अफ नेपाल (ई. १९९४) मा नेपालका माझीको इतिहास, धर्म, संस्कृति र संस्कारबारे व्यवस्थित वर्णन गरिएको छ (गौतम र थापामगर ई. १९९४: ४१-५४) । यो अध्ययन चितवनआसपासका माझीहरूमा केन्द्रित गरी लेखिएकाले तामाकोसी, सिन्धुली र तराईका माझीहरूबारेमा अत्यन्त कम जानकारी समेटिएको छ । यी क्षेत्र माझीहरूको मुख्य बसोबासको क्षेत्र भएकाले पनि यहाँका माझीलाई नसमेट्दा माझीको अध्ययन पूर्ण हुन सक्दैन । यद्यपि चितवनका माझीहरूका सम्बन्धमा भने यो अध्ययनले राम्ररी वर्णन गर्न सकेको छ । चितवन आसपासमा एउटै पेसागत र जातीय पृष्ठभूमिका बोटेहरूलाई धेरै अध्येताले माझीसँग सजातीय वा निकट सम्बन्धका रूपमा उल्लेख गरेका छन् । तिनीहरूका बारेमा पनि लेखकहरूले स्पष्ट गर्न सकेका छैनन् ।

माझीजातिबारे माझीसमुदायकै लेखकहरूले लेखेका साहित्य भने अत्यन्तै कम छन् । तीमध्ये धनबहादुर माझीद्वारा लेखिएको *माझी जातिको संस्कार र संस्कृति* (ई. २०६३) नामक पुस्तक नै अहिलेसम्मको एकमात्र र पहिलो त्यस्तो किताब हो, जसमा नेपालका माझीहरूको समग्र जातीय संस्कार र संस्कृतिबारे विस्तृत वर्णन गरिएको छ । यस पुस्तकका लेखक स्वयम् माझी आन्दोलनका अगुवा पनि भएकाले नेपालका पूर्वी तथा मधेशका प्रायः माझी बस्तीहरूमा पुगेर माझीसमाजबारे गरिएको अवलोकनका आधारमा यो पुस्तक लेखिएको छ । तर पश्चिम पहाडमा बसोबास गर्ने माझीहरूबारे पर्याप्त जानकारी पुस्तकमा समेट्न सकेका छैनन् । माझीअध्ययन र साहित्य लेखनको इतिहासमा यो पुस्तकले विशेष महत्व राख्छ । त्यसैगरी माझीजातिबारे कवि मोहन कोइरालाले शैलीको कवितात्मक भाषामा माझीहरूको नदीसँगको सबन्धलाई सविस्तार चर्चा गरेका छन् । *नदीकिनारका माझी* शीर्षकमा सं २०३८ सालमा प्रकाशित लामो कवितामा कवि कोइरालाले माझीहरूको जनजीवन, दिनचर्या र सामाजिक सम्बन्धबारे अत्यन्त रसिलो ढङ्गले प्रस्तुत गरेका छन् ।

माझीबारे केही मात्रामा भए पनि अध्ययन अनुसन्धान त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहका विभिन्न सङ्कायमा शोधपत्रका रूपमा गरिएको छ । विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा उपलब्ध शोध प्रतिवेदन अध्ययन गर्दा समाजशास्त्र तथा मानवशास्त्र विभागअन्तर्गत ४, जनसङ्ख्या अध्ययन तथा संस्कृति विभागअन्तर्गत ३/३ र शिक्षा, ग्रामीण विकास, भूगोल, आमसञ्चार र पशुविज्ञानअन्तर्गत १/१ शोध अध्ययन गरिएका छन् । समाजशास्त्र तथा मानवशास्त्र विभागअन्तर्गत चन्द्रकान्त ज्ञवालीले गुल्मी जिल्ला बम्घा गाविसका बोटे/माझीबारे,

राजनऋषि कँडेलले रामेछाप जिल्ला चिसापानीका माझीबारे, अरूण नेपालले सिन्धुपाल्चोक पाङ्ग्रेटार र विष्णुबहादुर अधिकारीले सिन्धुपाल्चोक भीमाटारका माझीहरूको अध्ययन गरेका छन् । यी सबै अध्ययनले माझीका सामाजिक तथा सांस्कृतिक पक्षको विश्लेषण गरेका छन् ।

जनसङ्ख्या अध्ययन विभागअन्तर्गत गरिएका अध्ययनमध्ये उमेश तिमिल्सिनाले सर्लाही पत्थरकोट र शिवराज पराजुलीले मकवानपुर छत्तिवनका माझीको मातृशिशु स्वास्थ्य उपचार पद्धतिमा र वेदनाथ सिवाकोटीको सर्लाही कर्मैयाका माझीको सन्तान उत्पादन व्यवहारमा केन्द्रित छन् । यी सबै अध्ययनले माझी समुदायमा मातृशिशुको स्वास्थ्य अवस्था नाजुक रहेको, थानीपूजाजस्ता कतिपय साँस्कृतिक विश्वासले उनीहरूलाई स्वास्थ्य सुविधा लिन निरूत्साहित गरेको र परम्परागत धामीझाँक्रीमा निर्भर रहेको निष्कर्ष निकालेका छन् । संस्कृति अध्ययन केन्द्रीय विभागअन्तर्गत पोष्टराज पोखरेलले रौतहतका, भाष्कर ज्ञवालीले गुल्मी बम्घा गाविसका र प्रेमध्वज लामाले सिन्धुपाल्चोकका माझीका सामाजिक सांस्कृतिक पक्षहरूको विश्लेषण गरेका छन् ।

त्यसैगरी शिक्षा विभागअन्तर्गत वासुदेव गौतमले माझी र नेपाली भाषाको तुलनात्मक अध्ययन गर्दै ठाउँअनुसार माझी भाषामा विभिन्न भाषाको प्रभाव परेको पाइए तापनि मूलतः नेपाली, थारू, मैथिली र भोजपुरी भाषाबाट बढी प्रभावित भएको तर्क गरेका छन् । ग्रामीण विकास अध्ययन विभागअन्तर्गत सन्तोषकुमार तामाङले ग्रामीण विकास प्रक्रियामा माझीका गरिबी विश्लेषण र विश्वनाथ भण्डारीले स्याङ्जा आँधीमुहान र पाल्पा दर्पाकका माझीको परिवर्तित जीवन निर्वाह रणनीतिको तुलनात्मक अध्ययन गरेका छन् भने आमसञ्चार विभागअन्तर्गत डिल्लीरमण डाँगीले पाँचथर जिल्लाका माझी समुदायमा आमसञ्चार माध्यम रेडियोले पारेको प्रभावबारे अध्ययन गरेका छन् । पशुविज्ञानअन्तर्गत थानेश्वर उपाध्यायले गुल्मी जिल्लाको बम्घा र जुहाङ गाविसका बोटे/माझीहरूको एथ्नोबायोलोजिक अध्ययन गरेका छन् ।

माझीबारे गरिएका यी सबै अध्ययन साहित्यले आ–आफ्नो सन्दर्भमा महत्वपूर्ण जानकारी दिए पनि नेपालका माझीको समग्र पक्षबारे जानकारी दिने अनुसन्धानात्मक साहित्यको अभाव छ । माझीको विस्तृत समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनले मात्र उक्त अभावलाई पूर्ति गर्न सक्छ ।

अध्याय ३

भाषिक तथा जनसाङ्ख्यिक अवस्था

३.१ माझी भाषा

माझीको आफ्नै मातृभाषा छ । यस जातिले बोल्ने भाषालाई माझी भाषा वा माझी कुरा भनिन्छ । भाषाशास्त्रीहरूको वर्गीकरणमा माझी भाषा भारोपेली भाषा परिवारअन्तर्गत पर्छ ।[५] नेपालका अन्य आदिवासी जनजातिको जस्तै माझी भाषा माझीको मुख्य पहिचान हो । अहिलेसम्म माझीको लिपि पत्ता लागेको छैन । त्यसैले यसलाई लेख्य परम्परा नभएको अत्यन्त लोपोन्मुख भाषा मानिन्छ (योञ्जन-तामाङ ई. २००६) । माझी भाषाको लेखन अभ्यास पनि देवनागरी लिपिमै गरिन्छ । भाषा अध्येताहरूका अनुसार माझी भाषाको दनुवार भाषासँग धेरै नजिकको सम्बन्ध रहेको छ । रामेछापका माझी बस्तीमा अहिले पनि कतिपय बूढापाका माझी भाषाबाहेक दोस्रो भाषा बोल्न जान्दैनन् । माझीहरू आफ्नो भाषाबाहेक अन्य भाषालाई 'थाउँ कुरा' भन्छन् ।

राष्ट्रिय जनगणना ई. २००१ मा देशको ६८ जिल्लामा माझी बसोबास भए पनि ४३ जिल्लाका माझीले मात्र माझी भाषा बोल्छन् र ती माझीभाषा बोल्नेको सङ्ख्या

---

५. राष्ट्रिय जनगणना ई. २००१ ले पहिचान गरेका ९२ भाषामध्ये भारोपेली भाषाअन्तर्गत १२ भाषा पर्छन् । ती १२ भाषामध्ये माझी, थारू, राजबङ्शी, दनुवार, बोटे, दराई र कुमाल गरी ७ वटा जनजाति र नेपाली, मैथिली, भोजपुरी, अवधी र चुरौटी गरी ५ वटा गैरजनजाति भाषा पर्छन् । विस्तृत जानकारीका लागि हेर्नुहोस् योञ्जन-तामाङ ई. २००६ र गुरूङ ई. २००६ ।

२१ हजार ८ सय ४१ देखाइएको छ । यसमध्ये महिला ११ हजार १४ र पुरूष १० हजार ८ सय २७ जना छन् । यो कूल माझी जनसङ्ख्याको ३० प्रतिशत तथा देशको कूल जनसङ्ख्याको ०.१० प्रतिशत हो । यसले ७० प्रतिशत माझीहरू आफ्नो भाषा बोल्दैनन् र बोल्नेहरूमध्ये पनि पुरूषको तुलनामा महिलाले धेरै बोल्छन् भन्ने स्पष्ट हुन्छ । अहिलेसम्म गरिएका जनगणनामध्ये ई. १९७१ र १९८१ को जनगणनाबाहेक अन्य सबै जनगणनामा माझी भाषा उल्लेख भएको पाइन्छ ।[६] राष्ट्रिय जनगणना ई. १९९१ देखि ई. २००१ सम्म माझी भाषा वक्ताको सङ्ख्या १० प्रतिशतले वृद्धि भएर २० प्रतिशतबाट ३० प्रतिशत पुगेको छ । यो तथ्यले पनि माझीमा भाषिक चेतनाको क्रमिक वृद्धि भएको देखिन्छ ।

विभिन्न भाषा अध्येताहरूका अनुसार माझी भाषालाई असुरक्षित र सङ्कटग्रस्त भाषा (काइँला सं २०६२: १०), लोपवान् भाषा (यादव ई. २००४: २१) तथा अत्यन्त लोपोन्मुख भाषा (योञ्जन-तामाङ ई. २००६: ३४) रूपमा चित्रण गरिएको छ । माझी भाषाको प्रमुख भाषिक क्षेत्र सप्तकोसी र यसका सहायक नदीका क्षेत्रहरू हुन् । अझ माझी भाषा बोल्ने मुख्य क्षेत्र तामाकोसीआसपासका माझीगाउँ नै हुन् । यहाँ लगभग सबैले भाषा बोल्छन् । दोलखामा पर्ने तामाकोसीको मलेपुघाटदेखि चैतेघाट हुँदै रामेछापमा पर्ने खिम्ती माझीगाउँबाहेक सेलेघाटसम्म सबै माझीगाउँमा माझी भाषा बोल्छन् (माझी सं २०६३) । सुनकोसी गड्तीरको सिन्धुपाल्चोक जिल्लामा पर्ने भैँसे माझीगाउँदेखि काभ्रे जिल्लाको पचुबारघाटसम्म सबै माझीगाउँमा माझीभाषा बोल्छन् । दूधकोसीको ओखलढुङ्गा र खोटाङ जिल्लामा पर्ने सिलौरीघाटदेखि रँबुवाघाट हुँदै टोक्सेलघाटसम्म सबै माझीगाउँमा माझी भाषा नबोले पनि धेरैजसो गाउँमा भाषा बोल्छन् । माझीगाउँको आसपासमा बस्ने अन्य जातिका मानिसले पनि माझी भाषा बुझ्छन् भने कतिपयले बोल्ने पनि गर्छन् ।

सबैभन्दा धेरै माझी मातृभाषी भएको जिल्ला रामेछाप हो । रामेछापपछि सिन्धुली, मोरङ, सर्लाही र काभ्रेमा १ हजार ५ सयभन्दा बढी माझी भाषाको जनसङ्ख्या रहेको छ भने ५ सयभन्दा बढी माझी भाषी भएका जिल्लाहरूमा सुनसरी, मकवानपुर, झापा, सिन्धुपाल्चोक, उदयपुर र ओखलढुङ्गा पर्छन् (तालिका नं. ३) । यी सबै जिल्लामा बोलिने माझी भाषामा एकरूपता पाइँदैन । यस भाषाको

६. राष्ट्रिय जनगणना ई. १९५२-५४, १९६१, १९९१ र २००१ मा माझी भाषा उल्लेख भएको पाइन्छ ।

भाषाविज्ञानका दृष्टिले अहिलेसम्म अध्ययन हुन सकेको छैन । त्यसैले यसका भाषिका यति नै छन् भन्न सकिन्न । तर पनि धनबहादुर माझीले आफ्नो पुस्तकमा माझी भाषाको तीन हाँगा भएको अनुमान गरेका छन् । उदाहरणका लागि नेपाली भाषाको 'खानु' शब्दलाई तामाकोसीमा 'खा' 'खाई' भनिन्छ भने सुनकोसीमा 'खारा' र दूधकोसीमा 'खार्दा' भनिन्छ । यी तीन क्षेत्रमध्ये तामाकोसी गड्तीर माझी भाषाका धेरै शब्द पाइन्छन् (माझी सं २०६३: ११३) । विभिन्न क्षेत्रमा बोलिने माझी भाषिकाको प्रयोगबारे अनुसूची १ मा देखाइएको छ । माझी भाषाको सर्वनाम प्रयोगमा पनि खस नेपाली भाषामा जस्तै विभिन्न तह पाइँदैन । अङ्ग्रेजीमा जस्तै द्वितीय पुरूषवाचक सर्वनाम तँ/तिमी शब्द प्रयोग गरिन्छ (गौतम सं २०५५) ।

माझी भाषाका कतिपय शब्द खस भाषासँग मेल खान्छन् । यो माझी भाषाको खस भाषामा र खस भाषाको माझी भाषामा परेको दोहोरो प्रभाव हुन सक्छ । तल प्रस्तुत माझी-खस-अङ्ग्रेजी भाषाको एक सय शब्दसूची (जसलाई भाषाविज्ञानमा स्वाडेस शब्दसूची भन्ने चलन छ) ले पनि माझी भाषाको मौलिकता र खस भाषासितको निकटतालाई स्पस्ट गर्छ (हेर्नुस्, अनुसूची ३) ।

माझी भाषामा अहिलेसम्म शब्दकोश, व्याकरण, पाठ्यपुस्तक, पाठ्यसामग्री, लेखरचनाजस्ता कुनै पनि साहित्य प्रकाशन भएको पाइँदैन । भाषाशास्त्री योगेन्द्र

तालिका १ : पाँच सयभन्दा माथि माझी मातृभाषी भएका ११ जिल्ला

सि.नं.	जिल्लाको नाम	माझीभाषाका वक्ता
१.	रामेछाप	४७१०
२.	सिन्धुली	२८१६
३.	मोरङ	१८१८
४.	सर्लाही	१५१४
५.	काभ्रे	१३५८
६.	सुनसरी	१२९६
७.	मकवानपुर	११८३
८.	झापा	१०१७
९.	सिन्धुपाल्चोक	७८७
१०.	उदयपुर	६४२
११.	ओखलढुङ्गा	५४१

स्रोत : राष्ट्रिय जनगणना २००१

यादवले तयार पारेको तालिकाअनुसार भाषाको स्रोतका रूपमा रहेका समाचारपत्र, म्यागजिन, जर्नल, पाठ्यविषय, साक्षरतासामग्री, कविता, आख्यान, लोकगीतका क्यासेट, टेलिचलचित्र र चलचित्र केही पनि माझी भाषामा पाइँदैन (यादव र शाक्य सं २०६५ः ६७) । माझी भाषाको शब्दकोश बनाउने काम भइरहेको र छिट्टै प्रकाशन हुने बताइएको छ ।[७] त्यसैगरी एफएम रेडियो, टेलिभिजनजस्ता सञ्चारमाध्यमबाट पनि माझी भाषाका गीत-सङ्गीत र कार्यक्रम सञ्चालनमा छैनन् । मातृभाषामा प्राथमिकस्तरसम्म पठनपाठन गर्ने व्यवस्था भए पनि अहिलेसम्म माझी बालबालिका यो अवसरबाट वञ्चित छन् । माझी समुदाय र सरोकारवाला सरकारी निकाय दुवैको प्राथमिकतामा नपर्दा माझी भाषामा पढाइ हुन सकेको छैन । माझी भाषाका यी सबै तथ्यले के सङ्केत गर्छ भने माझी भाषाको संरक्षण, सम्बर्द्धन र विकासमा तत्कालै ठोस कदम नचाल्ने हो भने आगामी केही दशकमा माझी भाषा लोप भएर जाने अवस्था उत्तिकै छ ।

नेपालमा ९० को दशकबाट उठेको पहिचानको राजनीतिसँगै माझी समुदाय पनि आफ्नो भाषा, धर्म, संस्कृति र संस्कार संरक्षण, सम्बर्द्धन र विकासका लागि सङ्गठित रूपमा अगाडि बढिरहेका छन् । माझीको साझा सङ्गठन नेपाल माझी उत्थान सङ्घ (सं २०५१), नेपाल माझी उत्थान महिला सङ्घ (सं २०५६), नेपाल माझी विद्यार्थी सङ्घ (सं २०६२), नेपाल माझी साँस्कृतिक मञ्च (सं २०६२) र माझी विकास तथा अनुसन्धान परिषद्, नेपाल (सं २०५९) नेपालका माझीहरूको सामुदायिक हक अधिकारका निम्ति स्थापित र क्रियाशील संस्थाहरू हुन् । माझी भाषाको संरक्षण र विकास यी सबै संस्थाको एउटा मुख्य उद्देश्यमा राखिएको छ ।

३.२ जनसाङ्ख्यिक अवस्था

जनसङ्ख्याको हिसाबले माझी नेपालको जनगणना ई. २००१ ले पहिचान गरेको एक सय दुई जातजातिमध्ये ४२औँ स्थानमा पर्छ । सो जनगणनाअनुसार नेपालको कूल जनसङ्ख्याको ०.३२ प्रतिशत अर्थात् ७२ हजार ६ सय १४ माझीको जनसङ्ख्या रहेको छ । जसमध्ये ३६ हजार ३ सय ६७ पुरूष र ३६ हजार २ सय ४७ महिला जनसङ्ख्या रहेको छ भने नेपालको ७५ जिल्लामध्ये

---

७. माझी शब्दकोशका लेखक धनबहादुर माझीसँगको व्यक्तिगत कुराकानी सं २०६६, वैशाख १२ गते

६८ जिल्लाका ५ सय ८८ गाविसमा माझीको बसोबास रहेको देखिन्छ (केतवि २००१) । तर, माझी अधिकारकर्मी तथा नेपाल माझी उत्थान सङ्घका पदाधिकारी माझीको जनसङ्ख्या एक लाखभन्दा बढी रहेको दाबी गर्छन् ।[८]

माझीको जनसङ्ख्यालाई भौगोलिक क्षेत्रका आधारमा हेर्दा सबैभन्दा धेरै जनसङ्ख्या तराईमा (४६.६९ प्रतिशत) देखिन्छ भने पहाडमा ४५.२९ प्रतिशत माझी बसोबास गरेको पाइन्छ । हिमाली भेगमा भने पहाड र तराईको तुलनामा निकै कम (७.७५ प्रतिशत) माझी बसोबास गर्छन् । विकास क्षेत्रका आधारमा हेर्दा मध्यमाञ्चलमा सबैभन्दा बढी माझीको जनसङ्ख्या रहेको छ ।

यस क्षेत्रमा कूल जनसङ्ख्याको ६० प्रतिशत माझी बसोबास गर्छन् । जबकि सुदूरपश्चिमाञ्चलमा ०.८९ प्रतिशतमात्र माझीको जनसङ्ख्या छ । जनसङ्ख्याको विवरणमा मध्यमाञ्चलपछि पूर्वाञ्चल (२९.०९ प्रतिशत) रहेको छ । त्यसैगरी पश्चिमाञ्चलमा ९.२६ प्रतिशत र मध्य पश्चिमाञ्चलमा १.२६ प्रतिशत माझीको जनसङ्ख्या देखिन्छ । तालिका नं. २ ले माझीको भौगोलिक र क्षेत्रीय वितरणको अवस्थालाई देखाउँछ ।

तालिका २ : भौगोलिक तथा विकास क्षेत्रका आधारमा माझी जातिको जनसङ्ख्या

जिल्ला	सुदूर पश्चिमाञ्चल	मध्य पश्चिमाञ्चल	पश्चिमाञ्चल	मध्यमाञ्चल	पूर्वाञ्चल	जम्मा
हिमाल	०.०१	०.०१	०.०२	७.४५	०.२७	७.७५
पहाड	०.४३	०.४४	४.७१	३२.७६	८.६२	४६.९६
तराई	०.४६	०.८२	४.२९	१९.५३	२०.२०	४५.२९
जम्मा	०.८९	१.२६	९.०२	५९.७३	२९.०९	१००.००

स्रोत : गुरूङ ई. २००६

जिल्लागत आधारमा माझीको सबैभन्दा धेरै जनसङ्ख्या भएको जिल्ला सिन्धुली हो । जहाँ १२.८७ प्रतिशत अर्थात् ९ हजार ३ सय ४५ माझी बसोबास गर्छन् । त्यसपछि

८. मधेशका माझीहरूले जनगणनामा 'माझी' भनेर लेखाएका छैनन् किनकि मधेशमा हिन्दु वर्णाश्रमअनुसार अछुत, पानी नचल्ने धेरै जातहरूले माझी लेख्ने लेखाउने गरेकाले माझी लेख्दा पानी नचल्ने, अछुत, सानो जात ठहरिने भएकाले माझी नलेखाएको तथा नेपाल माझी उत्थान संघले प्रयास गर्दा पनि माझीहरूले कुसुवार, मुखिया, चौधरी र बहरदार लेखाउने गर्छन् । त्यसैगरी पूर्वी भेकका केही पढेलेखेका, आर्थिक दृष्टिकोणले पनि आफूलाई केही सम्पन्न ठान्ने माझीहरूले पनि माझी नलेखाई आफूलाई अरुभन्दा उच्च जातिको दर्शाउन रायमाझी लेखाएका छन् (माझी सं २०६३) ।

दोस्रो स्थानमा मोरङमा[९] ८.८९ प्रतिशत, तेस्रो स्थानमा रामेछापमा ७.५९ प्रतिशत र चौथो स्थानमा सिन्धुपाल्चोकमा ७.०२ प्रतिशत माझी जनसङ्ख्या रहेको छ । दुई हजारभन्दा माथि जनसङ्ख्या भएका १२ जिल्लामध्ये पहाडका ५, तराईका ६ र हिमालका एक जिल्ला पर्छन् (हेर्नुहोस् तालिका ३) । हिमाली भेगमा बसोबास गर्ने कूल माझीको जनसङ्ख्या ७.७५ प्रतिशतमध्ये सिन्धुपाल्चोक जिल्लामा मात्र ७.०२ प्रतिशत माझी जनसङ्ख्या रहेको छ ।

तालिका ३ : सबैभन्दा धेरै माझी जनसङ्ख्या (दुई हजारभन्दा माथि) भएका जिल्लाहरू

क्र. सं.	जिल्ला	जनसङ्ख्या	प्रतिशत
१.	सिन्धुली	९,३४५	१२.८७
२.	मोरङ	६,४५२	८.८९
३.	रामेछाप	५,५१२	७.५९
४.	सिन्धुपाल्चोक	५,०९६	७.०२
५.	सर्लाही	४,९२९	६.७९
६.	झापा	४,३४६	५.९९
७.	रौतहत	३,२७४	४.५१
८.	सुनसरी	३,११९	४.३०
९.	मकवानपुर	२,८२१	३.८८
१०.	उदयपुर	२,६०४	३.५९
११.	काभ्रेपलाञ्चोक	२,५५४	३.५२
१२.	बारा	२,१७७	३.००
१३.	काठमाडौँ	२,१६३	२.९८

स्रोत : राष्ट्रिय जनगणना ई. २००१, केतवि

९. तर, मोरङ जिल्लाको माझीको जनसङ्ख्यामा भने माझीबाहेकका मधेसमा पानी नचल्ने तल्लो जात मानिएका गोढी, मलाहा, तत्मा, खत्वे, हाडीमाझीलगायत दनुवार, धिमाल र थारूले पनि माझी लेखाएको देखिन्छ । जनगनणना ई. २००१ मा उल्लेख गरिएका धेरै गाविसमा उल्लेख गरेअनुसारका वास्तविक माझीहरू अत्यन्तै कम छन् । यसलाई आधार मान्दा बढी माझी बसोबास गर्ने दोस्रो जिल्ला रामेछाप हो ।

अध्याय ४

सामाजिक संरचना र सम्बन्ध

४.१ बासस्थान प्रकार

माझी समुदायको बसोबासको स्वरूप पनि आफ्नै किसिमको छ । सबै ठाउँका माझीगाउँमा अहिले पनि माझीहरू एकैठाउँमा गुजुमुज्ज घर *(हेर्नुस् तस्बिर)* बनाएर बसेको पाइन्छ । प्रायः एउटै कुलका दाजुभाइका सन्तान र एउटै घाट या ठाउँबाट बसाइँ सरेर गएकाहरू एकैठाउँमा मिलेर बसेका हुन्छन् । यिनीहरूको गाउँ विभिन्न टोलमा बाँडिएको हुन्छ । माझीगाउँमा अन्य जातिका मानिस बसेको विरलै भेटिन्छ । घर बनाउँदा खेतीपाती लगाउँदा पर्म (आलोपालो श्रम) गर्ने चलन छ । खोलामा माछा मार्न जाँदा होस् या जङ्गलमा घाँस-दाउरा जाँदा समूह बनाएर जान्छन् । गाउँमा मर्दापर्दा, सामाजिक काम र विकास निर्माणमा सबै मिलेर गर्ने सामूहिक भावना पाइन्छ ।

माझीको परम्परागत घरको नमुना पनि आफ्नै किसिमको हुने गर्थ्यो । अन्डा आकारमा ढुङ्गा र माटाको गारो, फुसको छानो, तला नछापेको एउटा मात्र ढोका भएको, झ्याल नभएको घरको बीच मझेरीमा अगेनो भएको हुन्थ्यो ।[१०] माझीको प्रायः बस्ती तराई, भित्रीमधेस र पहाडी भेगमा भएकाले उनीहरूको घरको बनोट

१०. धनबहादुर माझीले आफ्नो किताबमा लेखेअनुसार यसकिसिमको घर रामेछाप जिल्लाको कोथवे माझीगाउँमा २०५६ सालसम्म थियो । यसलाई माझीहरूको सबैभन्दा पुरानो घरको नमुना मानिन्थ्यो (माझी सं २०६३ः १५) ।

पनि त्यहीँको भौगोलिक हावापानी र वातावरणअनुकूलले निर्माण गरेको पाइन्छ । मधेस र कछाडमा बस्ने माझीले घर बनाउँदा फुसको छाना र चित्राको भित्ता भएको स-साना र अलगअलग छाप्रा बनाउँछन् । तर, महाभारतको खोँचसम्म उक्लेकाहरू भने पहाडी तरिकाले ढुङ्गा र माटाको गारो तथा खरको छानो हाली बनाइएका स-साना घरमै बस्छन् (विष्ट ई. २००२) । अहिले पनि पहाडी भेगमा फाट्टफुट्ट पाइने माझीको परम्परागत घर चारसुरचाहिँ भएका, तर ढुङ्गा कुँदेर राम्रो सुर नराखेका, ढुङ्गा-माटोको गारो, फुसको छाना, एक-एकवटा ढोका र झ्याल भएका, बीच मझेरीमा अगेनो भएका, पाली गाँसिएका, ढोकाको सिधा ढोका समान गहिरो र दायाँ-बायाँ अग्ला पिँढी भएका पाइन्छन् (माझी सं २०६३) ।

रामेछाप चिसापानीका माझीबारे गरिएको एक अध्ययनअनुसार माझीका पुराना घरहरूको बनोट होचा एक/दुईतले, फुसको छानो तथा ढुङ्गाको गारो लगाइएको हुन्थ्यो । घरमा झ्याल हाल्ने चलन थिएन । झ्यालको सट्टा ठाउँठाउँमा प्वाल बनाइएको हुन्थ्यो । दुईतले घरको माथिल्लो तलामा सुत्ने, बस्ने र अन्नहरू राख्ने तथा तल्लो तलाको आधा भाग बारेर खाना पकाउने, कुलदेवता राख्ने गरिन्थ्यो भने बाँकी भागमा वस्तुभाउ राखिन्थ्यो (कँडेल सं २०५५) । त्यसैगरी गुल्मी जिल्लाको बम्घा गाविसका माझीबारे गरिएको अध्ययनमा त्यस क्षेत्रका माझीका घरहरू काठको खम्बा ठड्याइ झिँगटीले छाएका फुसका झुप्रा हुन्छन् । घरअगाडि

तस्बिर-२ः रामेछापको मन्थलीमा अवस्थित माझीहरूको परम्परागत घर

आँगनमा मैरीमा तुलसीको बोट रोपेका हुन्छन् भने दलानमा ढिकी, जाँतो तथा लुगा झुन्ड्याउने झाँको पनि राखिएको हुन्छ । त्यसैगरी हँसिया, खुर्पेटो र माछा मार्ने जाल पनि राखिएको हुन्छ (ज्ञवाली सं २०५३) ।

तर, अहिले माझीको घरको बनोटमा परिवर्तन आएको छ । रामेछापका अधिकांश माझी बस्तीमा अहिले ढुङ्गा र माटोको गारो भएको तथा टायलले छाएका घर प्रशस्त देखिन्छन् । कतिपयले टायलको सट्टा जस्तापाता प्रयोग गरेका छन् । माझीहरू आफैँ पनि टायल निर्माण व्यवसायमा संलग्न छन् । गाईबस्तुका लागि छुट्टै गोठ बनाएर राखिएको हुन्छ । माझीको घरअगाडि आँगन हुन्छ, जहाँ जाडोमा घाम ताप्ने र बिस्कुन सुकाउने तथा अन्नपात बनाउने (झाँट्ने) काम गर्छन् । घर सिँगार्न रातो र सेतो माटो प्रयोग गर्छन् भने कसैकसैको घरका भित्तामा विभिन्न चित्र अङ्कित गरिएको हुन्छ । सिन्धुली मरिनखोलाआसपासका माझीले भने घर बनाउँदा काठ प्रशस्त मात्रामा प्रयोग गर्छन् । जङ्गलनजिक भएकाले काठ पाउन सजिलो छ । रामेछापको तुलनामा सिन्धुलीका घरको बनोट पनि आधुनिक किसिमका हुन्छन् । ठूला र फराकिलो आकारमा भान्छा कोठा र सुत्ने कोठा छुट्टाछुट्टै भएका बार्दलीसहितका घर यस क्षेत्रको विशेषता हो । त्यसैले माझीको घरको बनोट ठाउँअनुसार फरक-फरक हुन्छन् र समयअनुसार परिवर्तन पनि हुँदै गएको देखिन्छ ।

तस्बिर-३ः सिन्धुलीको मरिनखोलामा अवस्थित माझीहरूको घर

अधिकांश माझीगाउँ नदीआसपासमा भएकाले त्यहाँ पुग्न पुल तथा डुङ्गा तर्नुपर्छ । झोलुङ्गेपुल नबन्दासम्म सबै घाटमा डुङ्गाको प्रयोग अनिवार्य थियो । तर, अहिले पुलले गर्दा एक-दुई ठाउँका घाटमा मात्र डुङ्गाको प्रयोग गरिन्छ । सुनकोसीको नपुघाट र दब्खामा अहिले पनि माझीहरू बोटको प्रयोगबाटै मानिस तथा सामान नदी वारपार गराउने गर्छन् । त्यसैगरी माझीको नदी, खोलासँग धार्मिक, साँस्कृतिक रूपले निकट सम्बन्ध पनि छ । माझीले लदीपूजा भनेर कोसी नदीको पूजा धुमधामसाथ गर्छन् । त्यस्तै पितृकार्य गर्दा पनि माझीलाई नदी अथवा ठूलो खोलाको आवश्यकता पर्छ । परम्परागत रूपमा विभिन्न नदीमा माछा मार्ने तथा बोट चलाएर जीविकोपार्जन गर्दै आएकाले पनि माझीका लागि जङ्गल र जमिनभन्दा जल (नदी) सँगको सम्बन्ध सबैभन्दा महत्वपूर्ण रहँदै आएको पाइन्छ । माझीगाउँनजिक उनीहरूले मन्दिरहरू भने बनाएको पाइँदैन । उनीहरू कुनै खास मन्दिरमा गएर पूजा गर्ने भन्दा विभिन्न देवीदेवताका नाममा कुनै खास रूखको जरा तथा पहरा (ओडार) मा गएर पूजा गर्ने गर्छन् । यसले माझी प्रकृतिपुजक हुन् भन्ने देखाउँछ ।

४.२ परिवार

प्रत्येक समाजको प्रारम्भिक आधार परिवार हो । परिवारमाथि नै सम्पूर्ण सामाजिक सङ्गठन आधारित हुन्छन् । माझी समुदायमा पनि परिवार सार्वभौम संस्थाका रूपमा रहेको छ । यस जातिमा घर र परिवार दुई शब्द एक-अर्काको पर्यायवाचीका रूपमा प्रयोग हुन्छन् । एउटै घरमा बस्नु भनेको एउटै परिवारमा बस्ने भन्ने पनि बुझिन्छ । माझीमा परिवारअन्तर्गत बाजेबज्यैदेखि नातिनातिनासम्म पर्छन् । तिनीहरूको खाना एउटै चुल्होमा पाक्छ । एउटै रगत सम्बन्धभित्रका सन्तानमात्र परिवारमा समावेश हुन्छन् । दिदीबहिनी विधवा भएमा वा घरपरिवारसँग मेल नभएमा मात्र माइती परिवारमा आएर बस्छन् । परिवारको आवश्यकता पूर्तिका लागि सबैले काम गर्छन् र सबैको भरणपोषण र लालनपालन परिवारबाटै हुन्छ । छोरीहरू विवाहपछि लोग्नेको घर जानुपर्छ ।

माझीमा एकल र संयुक्त दुवै प्रकारको परिवार अस्तित्वमा छ । परम्परागत रूपमा संयुक्त परिवार अस्तित्वमा रहे पनि अहिले आएर लोग्नेस्वास्नी र उनीहरूका अविवाहित छोराछोरी भएको एकल परिवारतर्फ माझी समाजमा आकर्षण बढेको देखिन्छ । पहिले-पहिले लोग्नेस्वास्नी, छोराबुहारी, नातिनातिनी, भाइबुहारी र

उनीहरूका बालबच्चासहितको संयुक्त परिवार बढी अभ्यासमा थियो । अहिले संयुक्त परिवार एकल परिवारको तुलनामा कम पाइन्छ । विवाहपछि छोराहरू परिवारबाट छुट्टिने (अंशबन्डा हुने) अधिकार राख्छन् । यसरी भिन्न गराउँदा परिवारको स्वामित्वमा भएको जग्गा-जमिन तथा सम्पत्ति बराबरी अंशबन्डा गर्ने चलन छ । सम्पत्तिको एक हिस्सा आमाबाबुको जीवन निर्वाहका लागि 'जिउनी' वा बुढ्यौलीका रूपमा राख्ने चलन छ । आमाबाबु जुन छोरा (प्रायः कान्छा छोरा) सँग बस्छन् । आमाबाबुको स्याहारसुसार उसले गरेकाले जिउनीमाथि उसैको हक लाग्छ ।

माझीको परिवार प्राचीनकालमा मातृसत्तात्मक भए पनि अहिले पुरूषको प्रमुख भूमिका हुने भएकाले पितृसत्तात्मक पारिवारिक संरचना हुन्छ । परिवारमा सबैले बाबुलाई मुख्य मान्छन् र आदर गर्छन् । बाबुकै रेखदेख, नेतृत्व र नियन्त्रणमा परिवार चल्छ । बाबुको मृत्युपछि सम्पत्तिको हकदार पनि छोरा नै हुन्छ भने पितृकार्य गर्दा पनि छोराकै आवश्यक पर्छ । छोरा नहुने माझीले छोरीको लोग्ने (ज्वाइँ) लाई आफ्नै घरमा ल्याएर घरज्वाईं राख्छन् र छोराको आवश्यकता ज्वाईंबाट पूरा गर्छन् । छोराछोरी दुवै नहुनेले नजिकका दाजुभाइका छोराछोरीलाई धर्मपुत्र वा धर्मपुत्री राख्ने गर्छन् । उनीहरूको मृत्युपछि सम्पत्तिका हकदार तिनै धर्मपुत्र या धर्मपुत्री हुन्छन् ।

४.३ थर र उपथरहरू

माझीमा विभिन्न थर उपथरहरू पाइन्छन् । तर, ती थर उपथरको सङ्ख्या निश्चित गर्न गाह्रो छ । कुनै-कुनै ठाउँबाहेक धेरैजसो माझी आफ्नो नामको पछाडि माझी लेख्छन् । तराईका माझीले 'माझी' लेख्दा मुसहर, मल्लाह, थारूलगायतका जातिबाट अलग देखाउन आफूलाई कुसुवार, बहरदार, मुखिया माझी लेखाउँछन् । गण्डकी तथा नारायणीका कतिपय माझीले बोटे लेख्ने गर्छन् । यी दुवै जातिबीच अत्यन्त नजिकको सम्बन्ध भएकाले पनि यस्तो अभ्यास पाइन्छ । यस क्षेत्रका बोटे र माझी दुवैले माछा मार्ने र डुङ्गा चलाउने गर्छन् भने विभिन्न प्रकारका संस्कारमध्ये बोटे र माझीको मृत्युसंस्कारमा मात्र केही फरक छ । सप्तकोसीतर्फका माझीको एउटा थर पनि बोटे नै छ । तमोर नदीकिनारमा बसोबास गर्ने माझी र बोटेको संस्कारमा खासै भिन्नता नभएकाले चार पुस्तायतादेखि एउटै जाति स्वीकार गरेर सराबरी मागी विवाहसमेत गर्छन् ।

विभिन्न विद्वान्ले माझीका थरबारे भिन्नभिन्न कुरा उल्लेख गरेका छन्

(तालिका ४) । मानवशास्त्री डोरबहादुर विष्टका अनुसार माझीको सुनधुँवा, कछारे, थरबोटे, कुसुर र मुसरबोटे गरी पाँच थर हुन्छन् (विष्ट ई. २००२) । माझी लेखक धनबहादुर माझीले पनि दनुवार माझी, कुसुवार माझी, कुमाले माझी, बाँतर माझी र थाल्थारू गरी पाँच माझी थर उल्लेख गरेका छन् । उनका अनुसार यी थरमध्ये पनि दनुवार माझी र कुसुवार माझीभित्र विभिन्न उपथर पाइन्छन् । दनुवार माझीभित्र पाइने थरमा राजबङ्शी दनुवार माझी, बोटे दनुवार माझी, ठोक्करे दनुवार माझी, सुपारे दनुवार माझी, घोरमाउले दनुवार माझी, गोरे दनुवार माझी र सूर्यबङ्शी दनुवार माझी तथा कुसुवार माझीभित्र कास कुसुवार माझी, दूध कुसुवार माझी, कुस कुसुवार माझी, लोहोरी कुसुवार माझी, पहरेली कुसुवार माझी र नेपाले कुसुवार माझीका थर छन् (माझी सं २०६३) । माझीको थर ठाउँअनुसार फरक–फरक पाइन्छन् । तराईमा कास कुसुवार, दूध कुसुवार र मलाह थरका माझी र पहाडी भेग तथा भित्रीमधेसमा सूर्यबङ्शी, रजबङ्शी, कुमाल, बताली र दप्काली थरका माझी बसोबास गर्छन् (कँडेल सं २०५५) । त्यसैगरी सिन्धुली मरिनखोलाआसपास रजबङ्शी, सूर्यबङ्शी, ओमेगामे र कास कुसुवार थरका माझी बस्छन् र प्रायः आफूहरू रामेछापका विभिन्न घाटबाट आएको बताउँछन् ।[११] चितवन क्षेत्रका माझीमा भने सुनधुँवा, कछारे, थरबोटे, मुसरबोटे, कुसरबोटे, पाखेबोटे र भागुबोटे थरका माझी पाइन्छन् (गौतम र थापामगर ई. १९९४) ।

तालिका नं. ४ : विभिन्न व्यक्तिले उल्लेख गरेका माझीका थरहरूको विवरण

क्र.सं.	लेखक/अनुसन्धाता	उल्लेख गरिएका माझी थरहरू
१.	डोरबहादुर विष्ट	सुनधुँवा, कछारे, थरबोटे, कसुर र मुसरबोटे
२.	धनबहादुर माझी	दनुवार माझी, कुसुवार माझी, कुमाले माझी, बाँतर माझी र थाल्थारू
३.	राजनऋषि कँडेल	सूर्यबङ्शी, रजबङ्शी, कुमाल, राजपुत, बताली, दप्काली, कास कुशुवार, दूध कुशुवार र मलाह
४.	राजेश गौतम र अशोककुमार थापामगर	सुनधुँवा, कछारे, थरबोटे, मुसरबोटे, कुसरबोटे, पाखेबोटे र भागुबोटे
५.	जङ्गीलाल माझी	राजवङ्शी, सूर्यबङ्शी, लोरेकुसुवार, दूध कुसुवार, कास कुसुवार, ओमेगामे, थाल्थारू, कचौरे र दनुवार

११. सिन्धुली कल्पवृक्ष गाविसका जङ्गीलाल माझीसँग २०६६ फागुन २१ गते गरिएको कुराकानीमा आधारित । उनी यस ठाउँमा पञ्चायतकालीन उपप्रधानपञ्च पनि थिए ।



तस्बिर-४ः माझीको बस्ती रहेको रामेछापको सदरमुकाम मन्थली

यसरी माझीका दुई दर्जनजति थर उपथर रहेको पाइन्छ । यी थरहरूमध्ये पनि कतिपय थर दनुवार, बोटे, थारू र कुमाल जातिसँग जोडिएका छन् । राजबङ्शी, सूर्यबङ्शी, चन्द्रबङ्शी, बोटे दनुवार, थोक्करे दनुवारलाई दनुवार माझी थरअन्तर्गत र कास कुसुवार, दूध कुसुवार, पहरेली कुसुवार, लोहोरी कुसुवारलाई कुसुवार माझीअन्तर्गत राख्न सकिन्छ । अहिलेसम्म बाँतर र कुमालेअन्तर्गतका उपथर भेटिएका छैनन् । माझी थर र उपथरबीच समान सामाजिक हैसियतले व्यवहार गरिन्छ । तर, माझीले आफू कुन थरअन्तर्गत पर्छु भन्ने हेक्का राम्ररी राखेका हुन्छन् ।

४.४ नाता, कुटुम्ब र साइनो सम्बन्ध

समाजमा विभिन्न सदस्यलाई सम्बन्धित गराउने प्रमुख माध्यम नातेदारी व्यवस्था/नाता सम्बन्ध हो । यही नातेदारी व्यवस्था माध्यमले नै समाजका सदस्यले आफूसँग सम्बन्धित व्यक्ति र अन्य व्यक्तिबीचमा अन्तर देखाउन सम्भव भएको छ । माझीमा नाता सम्बन्ध कायम गर्न रगतका साथै वैवाहिक र मितेरी तथा अन्य सम्बन्ध गरी तीन किसिमको नातेदारी कायम छ ।

रगत सम्बन्धको आधारमा निर्धारित नाताभित्र बाबुतर्फ बाजेबज्यै, काकाकाकी, फुपूफुपाजु आदि पर्छन् भने आमातर्फ बाजेबज्यै, मामामाइजू आदि पर्छन् । माझीले हाडनाता राम्ररी केलाएरमात्र विवाह गर्ने गर्छन् । रगत सम्बन्धको आधारमा आफूलाई एउटै बङ्शका मानेर जन्म मृत्युजस्ता संस्कारमा जुठो, सुतक बार्ने र आवश्यक सहयोग गर्ने गर्छन् ।

वैवाहिक सम्बन्ध लोग्नेस्वास्नीको यौन सम्बन्धमा आधारित हुन्छ । विवाहले पुरूष र स्त्री मात्र एक-अर्कामा सम्बन्धित नभई दुई फरक परिवारसमेत एक-अर्कामा सम्बन्धित हुन्छन् । यसकिसिमको नाताभित्र सम्धीसम्धिनी, सासूससुरा, सालासाली, दिदीभिनाजु, मामामाइजू, जेठानजेठानी, नन्दआमाजू, दाइभाउजू, देवरदेउरानीजस्ता सम्बन्ध पर्छन् । माझीमा विवाह सम्बन्ध कायम भएका दुई परिवारबीचमा राम्रो सम्बन्ध हुन्छ । जन्म, मृत्यु र पूजाआजामा रगतको सम्बन्धको महत्व बढी हुन्छ भने विवाह, चाडपर्व र उत्सवमा वैवाहिक सम्बन्धका व्यक्तिलाई बोलाउने र आवश्यक सहयोग आदानप्रदान गर्ने गर्छन् ।

विवाह र रक्तसम्बन्धको नाताबाहेक माझीमा अन्य किसिमको नाता सम्बन्ध पनि पाइन्छ । तीमध्ये मितेरी नाता, घरज्वाईं र धर्मपुत्र धर्मपुत्रीबाट स्थापित नाता सम्बन्ध प्रमुख छन् । माझीमा मीत लगाउने चलन व्याप्त छ । मीत लगाउँदा माझीभन्दा अर्को जातजाति (बाहुन, क्षेत्री, तामाङ, मगर, पहरी, थारू) आदिसँग लगाउने चलन छ । अन्य जातिका मानिस पनि माझीसँग मीत लगाए 'मरेपछि खोला तरिन्छ' भन्ने विश्वास गर्छन् । यो पृथ्वीनारायण शाहको कूटनीतिक मितेरीभन्दा नितान्त फरक छ । एकजना माझीले धेरैजनासँग मीत लगाएको हुन्छ । मीत लगाउने चलन महिला र पुरूष दुवैमा प्रचलित छ । मीत लगाउँदा पन्च-भलाद्मी जम्मा गरी कपडा, पैसा वा अन्य वस्तु साटासाट गर्नुका साथै एक-अर्कालाई फूल, अबिर र टीका लगाइदिने गर्छन् । जसलाई ढोगभेट फुकाउने पनि भनिन्छ । उक्त अवसरमा जाँड-रक्सी, माछामासु खाएर रमाइलो गरिन्छ । माझीहरू मीतलाई आफ्नै परिवारको सदस्यजस्तै मान्छन् र मीत नाता कायम भएपछि एक-अर्काको आपतविपतमा सहयोग गर्ने तथा चाडपर्वमा निम्तो गरी सुख-दुःख साट्ने गर्छन् । माझी समुदाटमा उखानै पाइन्छ- 'सुखको ससुराली दुःखको मीत' ।

माझीमा घरज्वाईं राख्ने चलनबाट नाता सम्बन्ध कायम भएको पाइन्छ । यसकिसिमको नाता सम्बन्ध अत्यन्त न्यून भए पनि जुन घरमा छोरा छैनन् र छोरी मात्र छन्,

त्यस्तो घरमा घरज्वाईं राख्ने गरिन्छ । घरज्वाईं राख्न चाहने आमाबाबुले पहिले नै सर्त राखेर मात्र आफ्नी छोरीको विवाह गरिदिन्छन् । यसरी घरज्वाईं बस्ने प्रायः गरिब परिवारका हुन्छन् । घरज्वाईं बस्ने केटालाई केटीका आमाबाबुले छोराकै रूपमा हेर्छन् भने उसले पनि आमाबाबुलाई जस्तै सासूससुराको हेरविचार गर्नुपर्छ । त्यस्तै उनीहरूमा विरलै देखिने अर्को नाता सम्बन्ध धर्मपुत्र-पुत्री राख्ने चलन हो । छोराछोरी नहुने माझीहरू भरसक आफ्नै बङ्शभित्रका वा नजिकको साइनो पर्ने केटाकेटीलाई धर्मपुत्र-पुत्रीका रूपमा राख्छन् । धर्मपुत्र-पुत्री राख्ने परिवारले सर्वप्रथम त्यस्ता केटाकेटीका बाबुआमाको पूर्वस्वीकृति लिनुपर्छ । धर्मपुत्रका रूपमा राखिने व्यक्ति छोरासरह सम्पत्तिको हकदार हुने भएकाले धर्मपुत्र राख्नुअघि नै सम्पत्तिका हकवालासँग पनि स्वीकृति लिनुपर्छ । यसरी धर्मपुत्रलाई घर भित्र्याउने दिन पन्च-भलाद्मी र हकवालासमेत बोलाएर 'आजदेखि फलानालाई धर्मपुत्र बनाउँदै छु, उसले नै मेरो सम्पूर्ण कामकर्म गर्नेछ' भनेर सुनाइन्छ ।

यसरी माझीको सामाजिक संरचनामा नातेदारी व्यवस्थाको महत्वपूर्ण भूमिका र स्थान हुन्छ । नातेदारी व्यवस्थाका आधारमै माझी समाजमा नाता सम्बन्ध छुट्ट्याउने गरिन्छ । यही सम्बन्धले विभिन्न टोल, छिमेक, गाउँ र समाजका मानिसलाई एउटै सामाजिक सङ्गठनमा बाँधेको हुन्छ । माझीमा प्रयोग गरिने केही मुख्य नाता साइनोका शब्दावली निम्नलिखित छन् :

माझी	खस नेपाली
सायक/वोयक	'लोग्ने/स्वास्नी'
भज्जा/भज्जी	'भतिजा/भतिजी'
बुबा/आमा/बै	'बाबु/आमा'
बाडा/बाडी वा टेठा/टेठी	'ठूलो बाबु/आमा'
निनी/निना	'फुपू/फुपाजु'
मोसा/मोसी	'साना बा/आमा'
छोडारी/छुनेनी	'छोरा/छोरी'
आजे बाजे/बज्यै	'जिजुबाजे/बज्यै'
बाजे/बजे	'हजुरबा/आमा'
नाति/नात्नी	'नाति/नातिना'
दाजी/भोजी	'दाजु/भाउजू'

माझी समाजमा ख्यालठट्टा प्रशस्त गरिन्छ । तर, यस्तो ठट्यौली सबै नाता

तस्बिर-५ः रामेछापको ऐतिहासिक माझीगाउँ कुनौरी, जहाँ मन्दरे माझी नाम गरेका राजाले आफ्नो हात्ती घोडालाई खुवाउने 'कुनौरी' राख्ने गर्दथे भन्ने किम्वदन्ती छ ।

सम्बन्धमा गर्न पाइँदैन र गर्न मिल्ने सम्बन्धमा पनि एकैकिसिमको हुँदैन । जस्तो सालीभेना र देवरभाउजूबीच गरिने ख्यालठट्टा एकै हुँदैन । खासगरी सालीभेना, सोल्टीसोल्टिनी, देवरभाउजू र बाजेबज्यै नातिनातिनालाई माझी समाजमा ख्यालठट्टा गर्न मिल्ने नाता सम्बन्धका रूपमा लिइन्छ ।

सबैभन्दा बढी ख्यालठट्टा गरिने नाता सम्बन्ध सालीभेना र सोल्टीसोल्टिनी हुन् । यिनीहरूबीचमा मेलापर्व र जात्रामा जाँदा, बाटोघाटोमा भेट्दा प्रशस्त ख्यालठट्टा हुन्छ । उदाहरणका लागि भेनाले सालीलाई भेट्दा 'ए साली, तिम्रो दिदी बूढी भई, के छ विचार, सालीको मायाले ससुराली आइरहन मन लाग्छ' जस्ता ठट्यौली गरिन्छ भने सालीले पनि 'दिदीलाई त राम्ररी पाल्न सकेका छैनौ, मलाई के ख्वाएर पाल्छौ ? तिमीसँग जानुभन्दा त डाडुमा पानी तताएर हामफालुँला' भन्दै ठट्यौली रूपमै प्रत्युत्तर दिन्छन् । यसैगरी सोल्टीसोल्टिनीबीचमा पनि त्यस्तै किसिमको ठट्यौली चल्छ । जस्तै, भेट हुँदा सोल्टीले, 'ए सोल्टिनी, उमेर हुँदै विचार गर है, नत्र जिन्दगीभर पछुताउनुपर्ला' र सोल्टिनीले 'तिमीजस्ता नामर्दको जोई हुनुभन्दा त मर्दको कमारी भएर बसुँला' जस्ता ख्यालठट्टा गर्छन् । कतिपय सन्दर्भमा सालीभेना र सोल्टीसोल्टिनीबीच अत्यन्त अश्लील ख्यालठट्टा पनि हुने गर्छन् । यिनीहरूबीचमा बिहेवारी पनि चल्ने भएकाले माझी समाजमा सामान्य रूपमा लिइन्छ । कतिपय युवायुवतीको ख्यालठट्टा गर्दागर्दै घरजम पनि हुन्छ ।

माझी समाजमा देवरभाउजूका बीचमा पनि ख्यालठट्टा हुन्छ, तर सालीभेना र सोल्टीसोल्टिनीबीच हुनेभन्दा उनीहरू मर्यादित ठट्यौली गर्छन् । जस्तो देवरले,

तस्बिर-६: प्रमुख चाड लदीपूजामा माझी महिलाहरू सामूहिक खानपानमा

'दाइलाई रिस नउठाउनूस्, अर्की भाउजू ल्याउलान्, तपाईंले छोरा नपाइदिएर दाइले माया नगरेका हुन्' भन्नेजस्ता ठट्टा भाउजूसँग गर्छ भने भाउजूले पनि, 'हाम्रा देवरले त छोरा भएकै ल्याउँछन्जस्तो छ' भनेर प्रतिठट्टा गर्ने चलन छ। त्यसैगरी कतिपय सन्दर्भमा बाजेबज्यै र नातिनातिनीबीच पनि ख्यालठट्टा चल्छ, तर यस्ता ख्यालठट्टा बालबालिकालाई भुलाउन र खुसी पार्न गरिन्छ।

माझी समुदायमा अप्ठ्यारो नाता सम्बन्ध पनि छ। सम्धीसम्धिनी, ससुराबुहारी र जेठाजुबुहारीबीच अत्यन्त मर्यादित सम्बन्ध हुन्छ। सम्धीसम्धिनी भेट भए भने एक-अर्कालाई ढोगभेट नगरी बोल्नु हुँदैन। सासूससुरा, जेठीसासू, जेठानीदिदीलाई ज्वाईंले आदर गर्नुपर्छ। मीतका स्वास्नी, आमाबुबा, भाइबुहारी, दिदीबहिनीसँग पनि अत्यन्त मर्यादित व्यवहार गर्नुपर्छ। यसले माझी समाजमा नैतिकता र अनुशासन कायम गरेको छ।

४.५ महिलाको स्थान र भूमिका

माझी जातिमा पितृसत्तात्मक सामाजिक संरचना कायम छ। त्यसैले परिवार, समाज र सार्वजनिक भूमिकामा पुरूषको आधिपत्य रहेको छ। पुरूषहरू घरवाहिरका भेटघाट, सभा-समारोहमा सहभागी हुने तथा सम्पत्ति किनबेचमा

प्रमुख भूमिका निर्वाह गर्छन् । त्यतिमात्र होइन, जग्गा-जमिन र पुर्ख्यौली सम्पत्तिमाथिको स्वामित्व पनि पुरूषकै हुन्छ । महिला भने घरभित्र खाना बनाउने, सरसफाइ गर्ने, बच्चा हुर्काउने, मेलापात, घाँस-दाउरा र बस्तुभाउको हेरचाहमा सीमित हुन्छन् । खेती लगाउने, माछा मार्नेजस्ता कतिपय काममा भने महिला-पुरूषले सँगसँगै काम गर्छन् । यो जातिमा विद्यमान परम्परागत संस्था मझेसावाका पदाधिकारी मिझार, गौरूङलगायत सबैमा पुरूष नै हुने चलन थियो । तर, उनीहरूका श्रीमतीलाई गरिने सम्मान भने उच्च नै हुनेगर्छ ।

साँस्कृतिक रूपमा भने यस जातिका महिलालाई केही स्वतन्त्रता रहेको पाइन्छ । विवाह गर्दा छोरीलाई अङ्श नदिए पनि सकेजति दाइजो दिने चलन छ । त्यसैगरी लोग्नेले आफूमाथि सौता हालेमा या लोग्नेको मृत्यु भएमा अर्को विवाह गर्ने स्वतन्त्रता महिलालाई हुन्छ । यस्तो विवाह भने माझीभित्रै गरिन्छ । माझी महिलालाई जतिपटक विवाह गरे पनि चोखी अर्थात् शुद्ध नै मानिन्छ । अन्य जातिमा जस्तो धेरै विवाह गर्ने महिलालाई बिटुलो मानिँदैन । माझी समुदायमा रजस्वला भएका महिलालाई बार्ने (नछुने) चलन पनि छैन, तर सुत्केरी, रजस्वला र अर्को जातिसँग विवाह भएका महिलालाई भने पूजाआजामा सहभागी गराइँदैन ।

विवाहपछि माझी महिलाहरू लोग्नेको घर जाने भएकाले छोरीलाई 'अर्काको नासो' भन्ने गर्छन् । माझी महिलाको शिक्षा र सार्वजनिक जिम्मेवारीमा कम पहुँच र भूमिका भएकाले पुरूषको तुलनामा अझ कमजोर अवस्था रहेको छ ।

अध्याय ५

धर्म, धार्मिक परम्परा, पूजाआजा र चाडपर्व

माझी समाजमा विभिन्न धार्मिक विश्वास विद्यमान छन् । यो समाजमा धर्म भन्नाले अरूलाई सहयोग गर्नु, विभिन्न देवीदेवता, प्रकृति र शक्तिपीठको पूजाआजा गर्नु तथा आफ्नो जातीय परम्परा मान्नुलाई बुझिन्छ । माझीको परम्परागत रूपमा धर्मकर्म र पूजाआजा गर्ने कुनै निश्चित मन्दिर हुँदैन । विभिन्न अवसरमा आफ्नै प्रक्रियाअनुसार देवीदेवता र प्रकृतिको पूजा गर्छन् । प्रायः प्रत्येक देवीदेवताको पूजामा ढुङ्गाको छुट्टाछुट्टै थान बनाएर त्यहीँ धूप, अछेता, सिन्दूर, सुपारी र ध्वजापताकाले पूजा गर्छन् । एकपटक पूजा गरेको थानलाई सरसफाइ र मर्मत गरी पुनः अर्कोपटक पूजा गर्ने गर्छन् ।

५.१ परम्परागत धर्म र धार्मिक विश्वास

कतिपय अध्येता (नेपाल सं ०५६, पोखरेल सं ०५७) ले माझीलाई हिन्दू धर्म मान्ने उल्लेख गरे पनि पढेलेखेका माझी युवा र माझी समुदायका नेताहरू भने माझीको धर्म तान्त्रिक भएको बताउँछन् (माझी सं २०६३) । नदी, खोला, रूख, भूमि, हावा आदिको पूजा गर्ने भएकाले यिनीहरू प्रकृतिपुजक हुन् भन्ने स्पष्ट हुन्छ । कतिपय हिन्दू धर्मावलम्बीले मानिआएका देवीदेवतालाई माझीले पनि श्रद्धाभक्तिपूर्वक मान्दै आएका कारण पनि हिन्दूनिकट मानिएको हुन सक्छ । जस्तो, भीमसेन माझीहरूको ठूला देवतामध्ये पर्छन् । तर, यिनीहरूको सामाजिक, साँस्कृतिक अभ्यासमा

हिन्दूको जस्तो जनै लगाउने, बाहुन पन्डित राख्ने परम्परा पनि छैन भने हिन्दू जातिमा जस्तो उँचनीचको वर्णाश्रम व्यवस्था पनि छैन । त्यसैले माझीको धर्म हिन्दू होइन ।

माझीको धर्म हिन्दू नभएपछि के हुन सक्छ भन्ने विषयमा माझी अगुवाहरूबीचमा सुरूमा व्यापक छलफल भएको थियो । माझी अधिकारकर्मीका अनुसार सं २०४८ सालको जनगणनामा हामी हिन्दू होइनौँ भन्ने बुझेपछि कसैकसैले बोन, प्रकृतिपुजक, तान्त्रिक, किरात, बौद्ध इत्यादि लेखाए ।[१२] माझीका सामुदायिक सङ्गठन नेपाल माझी उत्थान सङ्घको सं २०५३ सालमा सम्पन्न पहिलो महाधिवेशनले माझीको धर्म 'तान्त्रिक' भएको निर्णय गरेको थियो । त्यसपछि सं २०५८ सालको जनगणनामा माझीको धर्म तान्त्रिक लेखाउनुपर्छ भनेर नेपाल माझी उत्थान सङ्घले व्यापक प्रचार-प्रसार गरेको थियो ।

तर, सं २०५८ को जनगणनाअनुसार माझीको जनसङ्ख्यामध्ये हिन्दू ५९ हजार ३०२, बौद्ध ५२८, किराती ६५५, इसाई १८६, शिख २०९, जैन ५, बहाई २ र अन्य ११ हजार ३२७ रहेको छ । यही अन्य भनेर उल्लेख गरिएको सङ्ख्या नै तान्त्रिक धर्म लेखाउनेको सङ्ख्या भएको दाबी माझी अगुवाहरूको छ किनकि सं ०५८ को जनगणनामा तान्त्रिक धर्म लेख्ने छुट्टै महल पनि थिएन । माझीले हिन्दू धर्मलाई त्याग्दै जानु तथा तान्त्रिक धर्मलाई आफ्नो जातीय धर्मका रूपमा स्वीकार गर्नुलाई धार्मिक पुनर्जागरणका रूपमा लिन सकिन्छ ।

माझी तन्त्र, मन्त्र र भूतप्रेतमा विश्वास गर्ने भएकाले पनि तान्त्रिक धर्मको निकट देखिन्छ । माझीमाथि हिन्दू धर्म भने अन्य आदिवासी जनजातिलाई जस्तै राज्यद्वारा लादिएको हो । हिन्दू धर्म कसरी लादियो भन्ने सन्दर्भमा माझी बूढापाकाहरू रोचक कथा सुनाउँछन् ।

कथानुसार एकपटक हिन्दू धर्म लाद्ने क्रममा बाहुन भान्से लगाई सबैलाई भोज खुवाउने कार्यक्रम बनाइयो । भोज खान सबै जातिलाई कडा उर्दी भयो 'खाऊँ जात जाने, नखाऊँ गर्दन जाने' । यसले माझीलाई ठूलो समस्या पर्‍यो किनकि माझीले अहिलेसम्म पनि 'बाहुनले पकाएको दाल, भात, ढिँडो खाँदैनन्, खाए जात

---

१२. नेपाल माझी उत्थान सङ्घका महासचिव गोविन्दलाल माझीसँग सं २०६७ वैशाख २७ गते गरेको कुराकानीमा आधारित ।

जान्छ' भन्ने विश्वास गरिन्छ । त्यसपछि एकजना माझी बूढाले *मर्चा*[१३] छरेर खायो भने चोखो हुन्छ भन्ने जुक्ति निकाले र सबै माझीले त्यसै गरेछन् । त्यो देखेर काजीले त्यो के गरेको भनेर माझीहरूलाई सोध्दा माझीले यो चोखाइएको हो भनेपछि 'माझीलाई कर नगर्नू' भन्ने आदेश भएछ । अहिले पनि माझी समुदायमा मान्छे मर्दा पानीलगायत पकाएको सबै चिज जुठो मानी फाल्छन् । तर, उनीहरू जाँडलाई मर्चा हालेर बनाएकाले नुन बार्दा पनि खान हुन्छ, जुठो हुँदैन भन्ने मान्यता राख्छन् । यसरी माझीले मर्चालाई शुद्ध मान्ने गर्छन् ।[१४]

माझी समाजमा भूतप्रेत र बोक्सीमा अति विश्वास गरिन्छ । भूतप्रेत रातको समयमा विभिन्न रूपधारण गरेर, जस्तै कहिले राँको बालेर, कहिले रूखको हाँगा भाँचेर, कहिले ढुङ्गा हानेर मानिसलाई तर्साउने र आतङ्कित पार्ने गरेको बताउँछन् । भूतप्रेत टाढाबाट हेर्दा मानिसजस्तै डुलिरहेको देखिने, तर नजिक जाँदा हराउने हुन्छन् र यिनीहरूले मानिसलाई भेटे भने छलेर बिरामी बनाइदिन्छन् भन्ने विश्वास गर्छन् ।

त्यसैगरी बोक्सीहरू पनि विभिन्न रूपधारण गरेर दिनरात गाउँमा घुमिरहने र आफूलाई मन नपरेको मानिसलाई टुनामुना गरी रोग लगाइदिने गर्छन् भन्ने विश्वास माझीहरूमा रहेको छ । त्यतिमात्र होइन, गाउँघरमा कसैकसैको बच्चा जन्मन नसक्नु, गर्भ नरहनु, बीचैमा तुहिनु, आमाको दूध नआउनु, पेट तथा टाउको दुख्नु, वान्ता लाग्नु, गाईबस्तुले दूध नदिनु, दूध फाट्नुजस्ता समस्या देखिएमा बोक्सी लागेकाले यस्तो भएको भन्ने गरिन्छ ।

---

१३. जाँड बनाउन प्रयोग गरिने जडीबुटीद्वारा बनाइएको औषधि । यो बनाउँदा कोदो वा चामलको पिठोमा दूधी, दम्फरलगायत विभिन्न नामका झार, जडीबुटी औषधि मिसाई पानी राखेर मुछिन्छ । औषधियुक्त मुछेको पिठोबाट विभिन्न आकार र साइजको मर्चा बनाइन्छ । त्यसमा मूल औषधिका रूपमा पुरानो मर्चा मात्रा मिलाएर विशेष किसिमले मिलाइन्छ । तयार भएको मर्चालाई मकैको खोस्टा, गुन्द्री, पराल ओछ्याएर घाम नलाग्ने ठाउँ छायामा सुकाएर मर्चा बनाइन्छ । उक्त समयमा गड्याङगुडुङ र घऱ्याङघुरूङ गऱ्यो भने मर्चा बिग्रिन्छ भन्ने विश्वास गरिन्छ । र, तयारी मर्चालाई पनि घाममा प्रत्यक्ष देखाउनु हुँदैन । जुन माझीको परम्परागत पेसाअन्तर्गत पर्छ ।

१४.. घर बनाउन पहिले चार सुरको माटो निकाली मर्चा मिलाएर जाँडमा राखिन्छ यदि जाँड मिठो भए घडेरी राम्रो छ र छैन भने नराम्रो छ भन्ने विश्वास गरिन्छ । त्यसैगरी विवाहमा केटी माग्नका लागि सगुन लैजाने जाँड मिठो भए केटी ठीक छे र मिठो नभए केटी ठीक छैन भन्ने विश्वास गरिन्छ ।

भूतप्रेत तथा बोक्सी लागेको धामीझाँक्रीले अछेताबाट जोखना हेरेर पत्ता लगाउँछ । त्यसपछि सुरुमा धूपबत्ती र रातो, पहेँला, कालो अछेता, खरानीको मूर्ति, कुखुराको प्वाँख आदिले चित्त बुझाउने प्रयास गरिन्छ । त्यति गरेर पनि निको भएन भने कुखुरा, हाँस, परेवा र बोको, पाठीसमेत बलि दिने गर्छन् । माझी बिरामी पर्दा प्रायः सुरुमा झाँक्रीद्वारा उपचार गराउँछन् । झाँक्रीले रोगीको व्यथा कालो कुखुरामा सार्न सक्छ भन्ने विश्वास माझी बूढाबूढीमा छ । माझी बिरामी भए भने बोक्सी तथा भूतप्रेत लागेको या विभिन्न देवीदेवता रिसाएर दुःख दिएको ठान्छन् । झाँक्रीले सुरुमा अछेतापातीले सामान्य तरिकाले उपचार गर्छ । त्यसो गर्दा भएन भने कुखुरा या बाख्रा पाठाको बलि दिने चलन छ । यसरी बलि दिँदा 'झाँक्रीले तिम्रा लागि भोग दिँदै छु, बिरामीलाई निको गराइदेऊ' भनी घरमूलीको नाम लिएर मन्त्र उच्चारण गर्छन् ।

यसैगरी विभिन्न समयमा विभिन्न देवीदेवता र शक्तिपीठमा पूजा गरी बलि दिने चलन छ । तर, अहिले भने बिरामी पर्दा माझीहरू स्वास्थ्यचौकी गएर पनि उपचार गर्छन् । माझी समाजमा कतिपय परम्परागत जनविश्वास अहिले पनि कायम छ । यात्रा गर्दा 'कालो बिरालाले बाटो काट्यो र रित्तोगाग्री देखियो भने अशुभ हुन्छ' भन्ने चलन छ । त्यसैगरी गर्भवती महिला रातसाँझमा एक्लै घरबाहिर निस्केमा बोक्सी या भूतप्रेत लाग्छ, पूजाआजामा सर्वप्रथम कुलदेवता र पितृलाई नचढाई खाएमा रिसाएर उत्पात मच्चाउँछन् भन्ने थुप्रै जनविश्वास माझी जातिमा कायम छ ।

माझी जातिमा कुनै खास धार्मिक नेता त हुँदैन । तर, धामीझाँक्री र पुजारी भने हुन्छन् । धामीझाँक्रीले झारफुक गरेर बिरामीको उपचार गर्छन् भने पुजारी विभिन्न पूजाआजामा प्रमुख भूमिका निर्वाह गर्छन् । विभिन्न पूजामा फरक-फरक पुजारीले यस्तो भूमिका निर्वाह गर्छन् । पूजासम्बन्धी विधि र प्रक्रिया जान्नेलाई नै पुजारीका रूपमा स्विकारिन्छ । पुजारीको भूमिकामा पुरुषहरू नै हुन्छन् । पूजाआजामा प्रायः महिलाको स्थान र भूमिका कम हुन्छ । माझीको सबैभन्दा प्रमुख पूजा कोसीपूजामा पनि महिलालाई सहभागी गराइँदैन । तर, कतिपय देवीदेवताले भने स्त्रीशक्तिको प्रतिनिधित्व गर्ने गर्छन् । जस्तै, वनदेवी, संसारीमाई, आइतबारेनी, घर्नी आदि माझी समाजमा नारीप्रतिनिधित्व गर्ने देवीहरू हुन् । सामूहिक संसारीमाईलगायत केही पूजामा महिनावारी भएका महिलालाई सहभागी बनाउँदैनन्, तर अन्य सामाजिक तथा सांस्कृतिक व्यवहारमा भने महिनावारी बार्ने चलन छैन ।

५.२ प्रमुख धार्मिक पूजाआजा

माझीले विभिन्न समयमा विभिन्न देवीदेवता र प्रकृतिको पूजा गर्ने गर्छन् । तीमध्ये कोसीपूजा, संसारीमाईपूजा, सिकारीपूजा, कुलपूजा, भीमसेनपूजा, आइतबारे-आइतबारेनीपूजा, अर्देउ-बरदेउपूजा, जखनीपूजा, सिमेभूमेपूजा, बूढोदेउतापूजा, महादेवपूजा, गैँडुपूजा, गोसाइँपूजा र गोठपूजा प्रमुख पूजाहरू हुन् । पूजा गर्दा देवीदेवतालाई बोका, पाठी, कुखुरा, परेवा, हाँस, राँगा, सुँगुर र बाख्राको बलि चढाइन्छ भने जाँड, रक्सी, फूल, अछेता, पाती र भेटी इत्यादि चढाइन्छ ।

५.२.१ कुलपूजा

कुलपूजा माझीहरूको प्रमुख पूजा हो । यो पूजामा घर्नी र भीमसेन गरी दुई देवीदेवताको पूजा गरिन्छ । माझीहरू यी दुवैलाई आफ्नो कुलदेवता मान्छन् । ठाउँअनुसार कुलपूजा गर्ने आ-आफ्नै चलन छ । पहाडका माझीहरूले दसैँको टीकापछिको मङ्गलबार वा शनिबार पारेर कुलपूजा गर्छन् भने मधेसका माझीहरू मङ्सिरेपूर्णिमा वा न्वागीमा कुलपूजा गर्छन् । कुलपूजा गर्दा पहिले घर्नी र त्यसपछि भीमसेनपूजा गर्ने चलन छ । त्यसैले कसैले आज घर्नी गर्ने, भोलि खाली राखेर पर्सिमात्र भीमसेनपूजा गर्छन् भने कसैले चाहिँ घर्नीको भोलिपल्टै भीमसेनपूजा गर्छन् ।

मधेसतिरका माझीले *घर्नी* र भीमसेनपूजा एकैदिन पनि गर्छन् भने कसैले कुलपूजामा *घर्नीपूजा* मात्र पनि गर्छन् । कुलपूजा पनि ठूलो र सानो दुई किसिमको हुन्छ । ठूलो पूजा गर्दा घर्नीलाई कालो पाठी र भीमसेनलाई राँगा, बोका, हाँस, कुखुरा बलि दिनुपर्छ भने सानो पूजा गर्दा घर्नीलाई कुखुराको कालो पोथी र भीमसेनलाई बोका या कुखुरा बलि दिने गरिन्छ ।

*घर्नी*लाई कसैकसैले *लखमी* पनि भन्छन् । यो घरमा भएको पितृमध्येको सबभन्दा बूढी पितृको पूजा हो । त्यसैले घर्नीमा देवता स्थापना गर्नका लागि घरमा थान बनाएर राखेको सबैभन्दा जेठो वायु महिला (पितृ) को पानस, दिन, बार पारेर नुहाइधुवाइ चोखो गरी पकाएको एक कुलिन जाँड, पानीरोटी (जसलाई *गोलमाडी* भनिन्छ), एक टपरी नातो बाँधेर राख्छन् । यो पूजामा टोटलाको फूल र बेलपाती अनिवार्य चाहिन्छ । रेखी हाल्नका लागि ओखलमा कुटेको चामलको पिठो चाहिन्छ । ढिकी, जाँतो र मिलमा कुटेको पिठो चल्दैन । कुसवार थर भएका माझीले सात र दनुवार थर भएकाले दस रेखी हाल्ने चलन छ ।

*घर्नी*पूजा बेलुकी वा बिहान उज्यालो नहुँदै झिसमिसेमा घरभित्र गरिन्छ । *घर्नी*को प्रसाद खान सबै दाजुभाइलाई अनिवार्य बोलाइन्छ । निम्तो गरेर पनि आएन भने दाजुभाइबाट समेत अलग हुनुपर्ने भएका कारण परिवारको एकजना सदस्य अनिवार्य उपस्थित हुनैपर्छ । घर्नी गर्दा आफ्ना दाजुभाइमात्र सहभागी भई घरभित्र ढोका थुनेर अरूले नदेख्नेगरी गर्नुपर्छ । कुटुम्ब वा अन्य जातजातिले हेर्नसमेत हुँदैन भन्ने मान्यता रहेको घर्नीपूजाको प्रसाद पनि दाजुभाइले मात्र घरभित्रै खानुपर्छ । खाइसकेपछि खाएका भाँडा, दुना, टपरीसमेत घरभित्रै खाल्टो खनेर पुरिन्छ र घर लिपपोत गरी सफा गरिसकेपछि मात्र अन्य नाता कुटुम्ब घरभित्र पस्न पाउँछन् । घर्नीपूजामा बलि दिइने पाठी वा कुखुराको पोथी कुनै चोटपटक नलागेको वा कुनै जनावरले घाइते नपारेको हुनुपर्छ ।

भीमसेनपूजा गर्दा गोबरले पाँच ठाउँमा लिपेर थान बनाइन्छ । यो पूजामा पनि दनुवार थरकाले पाँचै ठाउँमा ढुङ्गा राखी देवताको स्थापना गर्छन् भने कुसवार थरकाले ढुङ्गाको सट्टा गोबरको कुण्ड बनाउँछन् । भीमसेनलाई बलि दिइने जनावर, पक्षी र पूजासामग्री चोखो हुनुपर्छ । पूजामा अछेता, भेटी, धूप, टोटलाको फूल र बेलपाती अनिवार्य चाहिन्छ । यो पूजामा सम्भव भए पन्चेबाजा नभए एउटा सनही मात्र भए पनि दमाईलाई बजाउन लगाइन्छ । बन्दुक पड्काएर बढाइँ पनि गरिन्छ । भीमसेनपूजामा भने चेलीबेटी, ज्वाईंचेला र अन्य इस्टमित्र पनि बोलाउने गरिन्छ ।

पूजा सकिएपछि मान्यजनबाट दही अछेताको टीका लगाएर सकेको दछिना दिइन्छ । पूजाको प्रसादका रूपमा राँगा, बोका, कुखुराको मासु, जाँड, रक्सी निम्तालु र गाउँलेलाई समेत खुवाइन्छ । भीमसेनपूजामा बलि चढाएको राँगा, बोकाको टाउको बीचमा फोरेर दायाँपट्टिको सिङसहितको *मिझार*लाई र च्यापु *गौरूङ*लाई एकएक कुलिन जाँडसहित सिसार (*मिझार* र *गौरूङ*लाई मान्यता राख्ने दस्तुर) का रूपमा दिने गरिन्छ । *मिझार* र *गौरूङ*ले पनि दही, अछेताको टीका लगाई आशिष दिन्छन् ।

भीमसेनपूजाको भोलिपल्ट बिहान *साबा* (सभा) बस्ने चलन छ । सभामा गाउँका मिझार, गौरूङलगायत सबै भद्रभलाद्मी बोलाउने गरिन्छ । सभामा सहभागीलाई सबै पूजा घरबाट बलि चढाएको जनावरको गिदी, जिब्रोसहित मासु र जाँडको प्रसाद खुवाइन्छ । प्रसाद पकाउन वितरण गर्नका लागि भान्सेको व्यवस्था गरिएको हुन्छ । खाने खुवाउने काम सकिएपछि बूढापाकाले 'कुलदेवताको पूजा

गऱ्यौँ, कुलको शक्तिले भोटको नुन, ल्हासाको सुन, मधेसको लत्ताकपडा मिलोस्, माटो समाई अन्न, ढुङ्गा समाई द्रव्य होस्, भरिपूर्ण बनाओस्' भनी आशीर्वाद दिन्छन् । त्यसपछि बूढापाकालाई साइनोअनुसार भान्सेले ढोगभेट गर्छन् । घरधनीले बूढापाका र भान्सेलाई सगुनका रूपमा मासु र जाँड खान दिई बिदा गर्छन् । यसपछि कुलपूजा सकिएको मानिन्छ ।

५.२.२ *लदीपूजा* (कोसीपूजा)

माझीले मनाउने चाडपर्व र पूजाआजामध्ये *लदीपूजा* सबैभन्दा प्रमुख मानिन्छ । उनीहरूले *लदीपूजा*लाई आफ्नो राष्ट्रिय चाडका रूपमा पनि घोषणा गरेका छन् ।[१५] यो पूजा खास गरेर फागुनमा मनाइने भए पनि कुनै-कुनै ठाउँमा वैशाख, असार, माघमा पनि मनाउने चलन थियो । अहिले यो पूजा नेपाल माझी उत्थान सङ्घको संयोजनमा देशैभरि एउटै मितिमा मनाउन थालिएको छ । यो पूजामा सप्तकोसीका सहायक नदी इन्द्रावती, सुनकोसी, तामाकोसी, दूधकोसी, लिखु, (बरूण) र तमोर गरी सात कोसीको नाम लिएर पूजा गरिन्छ । ती नदीआसपासका माझीहरू नदीकिनारमै गएर कोसीपूजा गर्छन् । यो अवसरमा उनीहरूले विभिन्न देवीदेवता, कुलपितृको समेत पूजा गर्ने गर्छन् । यो सामूहिक पूजा भएकाले छोरीचेली, नाता, कुटुम्बलाई पनि निम्ता गरिन्छ । सुरू-सुरूमा माझीबाहेक अन्य कुनै पनि जातिलाई निम्तो गरिँदैन्थ्यो, तर अहिले उनीहरूले बिस्तारै गाउँमा बस्ने अन्य समुदायलाई समेत समावेश गर्न थालेका छन् ।[१६] यो पूजा शनिबार र मङ्लबार पारेर माझीकै पुजारीबाट गरिन्छ ।

माझीहरू *लदीपूजा*लाई कोसीपूजा पनि भन्छन् । तीन दिनसम्म धुमधामसाथ मनाइने यो पूजाको तयारी झन्डै महिना दिनअघिदेखि गर्नुपर्छ । पूजा गर्ने समय आएपछि गाउँका सबै माझी भेला भएर कोसीपूजा गर्ने मिति तय गर्छन् । पूजा गर्न २०/२५ दिन बाँकी रहँदै देवताको नाममा प्रत्येक घरबाट एक माना चामल

---

१५. नेपाल माझी उत्थान सङ्घले सं २०६५ माघ २८ गते सम्पन्न केन्द्रीय समितिको बैठकबाट राष्ट्रिय चाड घोषणा गरेको छ ।

१६. रामेछाप मन्थलीका माझीहरूले सं २०६६ सालको कोसीपूजामा माझीबाहेक अन्य जातिका मासिलाई पनि निमन्त्रणा गरेर प्रसाद खुवाएका थिए । सामाजिक सद्भाव र साँस्कृतिक आदानप्रदान हुने भएकाले माझीबाहेकका मानिसलाई बोलाइएको कोसीपूजाका आयोजकले बताए । नेपाल माझी उत्थान सङ्घ रामेछापका सचिव इन्द्र माझीसँग सं २०६६ फागुन १७ गते गरिएको कुराकानी ।

र परिवारका भात खुवाइसकेका बच्चादेखि बूढापाका सपरिवारको नाममा जाँड र अन्य पूजासामग्रीका लागि आवश्यक पर्ने नगद उठाउनुपर्छ । यसबाट कोसीपूजामा सहभागी हुने मानिसको जनसङ्ख्या थाहा हुन्छ । यसरी उठाएको चामल नुहाइधुवाइ गरी घर लिपपोतपछि चोखो मुखले देवताको नाम लिएर जाँड पकाइन्छ । जाँडका लागि पकाएको भातलाई मर्चा मोलेर गाग्रोमा नहालुन्जेलसम्म जाँड पकाउनेले पानी पनि खानु हुँदैन । यदि जाँड नमिठो भयो भने देवता रिसाएको मानिन्छ । हरेक वर्ष कोसीपूजाको रेखदेख र व्यवस्थापन गर्न माझीगाउँको *मिझार*ले एक व्यक्ति नियुक्त गर्छन् । *मिझार*ले पाँच हात फेटा र पाँच हातको लठ्ठी दिएर उक्त भूमिकामा नियुक्त गरिने व्यक्तिलाई *तहलुवा* भनिन्छ । पूजा सकेर फेटा र लठ्ठी *मिझार*लाई फिर्ता गरेपछि *तहलुवा*को भूमिका सकिन्छ । *तहलुवा*को भूमिका हरेक वर्ष फरक-फरक व्यक्तिले गर्न सक्छन् ।

पूजाको अघिल्लो दिन पुजारीले नुहाइधुवाइ गरी घाम नअस्ताउँदै एकछाक खाएर चोखो निष्ठासाथ बस्नुपर्छ । त्यही बेलुका धामीहरू चिन्ता बस्छन् र त्यहाँ बसेका बूढापाकाले 'भोलि पूजा गर्दै छौँ अनिष्ट नहोस्' भनेर बल माग्छन् । भोलिपल्ट बिहान अर्थात् कोसीपूजाको पहिलो दिन आ-आफ्नो घरमा बिहानको खाना खाएपछि माना चामल उठाएको सङ्ख्याका आधारमा प्रत्येक घरबाट एउटा

तस्बिर-७ः लदीपूजामा तामाकोसी किनारमा पूजा गर्दै रामेछाप, मन्थलीका माझीहरू

कुखुराको फुल र भेटीसहित विभिन्न पूजासामग्री पुजारीको घरमा जम्मा गरिन्छ । त्यसैगरी गाउँका भात खुवाइसकेका प्रत्येक छोरा मान्छेको भागमा एउटा कुखुरा अनिवार्य उठाइन्छ । सबैले ल्याएको पूजासामग्री एकैठाउँमा जम्मा पारी पुजारी पूजास्थान कोसीकिनारमा जान्छन् । पहिले-पहिले पुजारी पूजास्थानमा पुग्दा माझीबाहेक अन्य जातजातिका मानिस आए पूजा सुरू भएकाले सबैलाई छाडेर जाने सूचना बन्दुक पड्काएर दिने गर्थे र सूचना पाउनासाथै आ-आफ्नो स्थानतिर लाग्थे । यहाँसम्म कि पूजाको दिन माझीगाउँआसपास फाँटको जग्गा-जमिनमा अन्य जातिले समेत खेतीलगायत सम्पूर्ण काम बन्द गर्थे । तर, अहिले पूजामा सहभागी नबनाए पनि काम गर्नु हुन्न भनेर बाध्य पारिँदैन । माझीले भने खानेपानी लिन जाने, गाईबस्तुलाई पानी खुवाउने, पकाउने, खाने र रमाइलो गर्नेबाहेक सम्पूर्ण काम बन्द गर्नुपर्छ । गाउँमा जे-जति गाईबस्तु दुहुना भए पनि 'त्यस बिहानको दूध बेच्न, तताएर खान र ठेकीमा हाल्न हुँदैन, हालेपछि पाप लाग्छ, देवता रिसाउँछन्, अनिष्ट हुन्छ' भन्ने मान्यता रहेको छ । त्यसैले त्यस दिनको सबै दूधबाट खीर बनाइन्छ । बिहानैदेखि गाउँघर र परिवारमा खुसियाली छाएको हुन्छ । गाउँमा विभिन्न कारणले मनमुटाव भई बोलीचालीसमेत बन्द भएकाहरू पनि आपसमा मेलमिलाप गर्छन् । त्यसैले माझीहरू यो पूजालाई मेलमिलापको पर्वका रूपमा पनि लिन्छन् ।

पूजास्थानमा गाईको गोबरले लिपपोत गरेर मूलस्थानमा सात र अन्य स्थानमा एउटा देवता स्थापना गर्छन् । पूजास्थानमा चामलपिठाको रेखी हाल्छन्, टोटलाको फूलको माला टाँग्छन्, भुइँमा टोटलाको फूल र बेलपाती ओछ्याएर त्यसमाथि अछेता भेटी, सुपारीलगायतका पूजासामग्री राख्छन् । एउटा माछा मार्ने जाल र डुङ्गा पनि सँगै राखिन्छ । पहिले-पहिले डुङ्गा नै राख्ने गरे पनि अहिले डुङ्गाको सानो नमुना बनाएर राखिन्छ । त्यसपछि धूपबत्ती बालेर पुजारी तथा बूढापाकाले "लौ परमेश्वरी तिम्रो मेडो चोखो छ, आङ लिएर सिरलिदेऊ, देसान मसान, रोगव्याधि, भूतप्रेत हटाइदेऊ, अन्नपानीको सह गरिदेऊ, जङ्गलको चोरीबाट बस्तुभाउ जोगाइदेऊ, बेलाबेलामा पानी पारिदेऊ, शत्रुको कुरा मुनि हाम्रो कुरा माथि पारिदेऊ, शिरको रिस पैतालामा खिच्न सक्ने बनाइदेऊ" आदि भनेर बल पुकारा गर्छन् । अनि धूपबत्ती बालेर कुखुरा, पाठी मनाएपछि सहायक पुजारीको सहयोगमा पुजारीले बलि दिन सुरू गर्छन् । यसरी दिइने बलि कुलपितृ, कोसी र विभिन्न देवीदेवतालाई भाकल (कार्यसिद्धि होस् भनेर गरेको कबोल), विवाह भाग (छोराको विवाह गरेको वर्ष दिने), छोरो जन्मेको हर्ष इत्यादि

विभिन्न नामले दिने गरिन्छ । यो पूजामा ठाउँअनुसार बलि पनि फरक-फरक तरि काले दिइन्छ । तामाकोसी, दूधकोसी, तमोरमा कुखुरा, पाठी, बोका तथा काभ्रेको दोलालघाट र सिन्धुपाल्चोकको कापिड र भैँसेमा बाख्रा बलि दिइन्छ भने सुनकोसीमा सुँगुर पनि बलि दिने चलन छ । 'बलि चढाएको पक्षी र जनावरले मुक्ति पाउँछ र भूतप्रेतबाट रक्षा हुन्छ' भन्ने माझी समुदायमा विश्वास छ । कोसीपूजाको दिन सयौँको सङ्ख्यामा कुखुरा, परेवा र पाठापाठीको बलि दिइन्छ । मन्थलीका माझीहरू भने कोसीपूजा गर्नुभन्दा पहिले सोही दिन बिहान मङ्गलादेवी, पाँचकन्या, मन्थलीघाटको पनि पूजा गर्छन् ।

बलि दिने काम सकेपछि कुखुरा र पाठीको कलेजो निकालेर आगोमा पोलिन्छ । त्यसपछि तयार पारेको खानेकुरा रोटी, खीर, पोलेको कलेजो, अन्डा र चोखो जाँड देवता र श्राद्ध भएका पितृ र भूतप्रेतलाई चढाइन्छ । त्यस वर्ष मरेका, तर श्राद्ध नभएका पितृलाई भने छुट्टै जिउँदो मान्छेसरह नै भाग चढाइन्छ । अनि मात्र पुजारीलाई र अन्य उपस्थित सम्पूर्णलाई समान रूपले प्रसाद वितरण गर्छन् । पाहुना बोलाइएकाले आवश्यकताअनुसार मासुका लागि राँगा काट्छन् । पूजामा माना चामल नउठाएका थप पाहुनासमेत आउन सक्छन् । ती सबैलाई प्रसादलगायत सम्पूर्ण खानेकुरा समान रूपले वितरण गरिन्छ । पूजाका दिन कोसीकिनारमै दिउँसोदेखि राति अबेरसम्म खानपिन र नाचगान गरी रमाइलो गरिन्छ । यसरी पहिलो दिनको पूजा सकिनुपहिले उनीहरू राति नै देवतासँग बिदा मागी अन्नपानी सस्तो होस्, सहकाल लागोस्, एक माना तोरीको दुई माना तेल होस् भनेर ठुल्ठूलो स्वरले हल्ला गर्दै घर फर्कन्छन् । पुजारीको घरमा महिलाहरू भने पुरूषको भेषभूषामा नाचगान गरिबसेका हुन्छन् । यस पूजामा पनि मुख्य पूजास्थान र पूजाप्रक्रियामा महिलालाई सहभागी गराइँदैन । तर, माझी महिलाहरू पनि एकैठाउँमा जम्मा भई खानपिन र नाचगान गरी रमाइलो गर्छन् । पुरूषहरू घरमा पुगेपछि पुजारीलाई पुजारीकी श्रीमतीले गोडा धोई, बेहुली भित्र्याएको जस्तो गरी भित्र्याउँछन् । त्यहाँ भएका सबैले सगुनका रूपमा जाँड, मासु खान्छन् र युवायुवती नाचगान गरेर रात बिताउँछन् । पुरूषको समूहमा महिला र महिलाको समूहमा पुरुष भाग लिन पाउँदैनन् ।

पूजाको दोस्रो दिन बिहान गाउँका महिला, पुरूष र सबै पाहुनासमेत पुनः भेला हुन्छन् । महिला र पुरूषको आ-आफ्नो समूह बनाएर खानपिनसहित नाचगान गर्छन् । पुरूषको समूहमा महिला र महिलाको समूहमा पुरुष भाग लिन पाउँदैनन् । माझीहरू पूजा अवधिभरि गाउँ छाडेर बाहिरसमेत जान पाउँदैनन् ।


तस्बिर-८ः लदीपूजापछि सामूहिक भोजमा माझीहरू

युवायुवती महिलाले पुरूषको, पुरूषले महिलाका भेषभूषामा घरैपिच्छे नाचगान गरेर हिंड्छन् । नाचेको घरमा आफूले सकेको दछिना दिन्छन् । यसरी जम्मा भएको रकमले पहिले-पहिले भोज खान्थे भने अहिले कुनै सामाजिक काममा लगाउँछन् । यो दोस्रो दिनलाई मूल बाधाको दिन पनि भनिन्छ । मूल बाधा नफुकाई कतै पनि जान नहुने भएकाले बेलुका बाधा फुकाउँछन् । बाधा फुकाउँदा पुजारी, गाउँका बूढापाका, घरमूली सबै भेला हुन्छन् । भेला भएका सबैलाई सगुनका रूपमा जाँड दिइन्छ । त्यसपछि पुजारी वा *मिझारले गौरूङलाई* बाधा फुकाउन अह्राउँछ । *गौरूङले* धनुकाँड बनाई ठड्याएर राखिएको ओख्लीलाई धनुकाँड र छेलो हान्ने गोलो ठूलो ढुङ्गाले हानेर ढाल्छ । ढालिसकेपछि उपस्थित बूढापाकालाई साइनोअनुसार ढोग्छ र सबैले सुन्नेगरी 'मैले मूल बाधा फुकाएँ, आसिक सेवा सबैले बाँडीबाँडी लिनू' भन्छ । बाधा फुकाएपछि अति जरूरी काम पर्नेहरू बाहिर जान पाउँछन् ।

पूजाको तेस्रो तथा अन्तिम दिन बिहान पनि दोस्रो दिनजस्तै सबै जम्मा भएर बाधा फुकाउँछन् । बाधा फुकाइसकेपछि युवाहरू बल देखाउने हिसाबले छेलो हान्ने खेल खेल्छन् । सबैभन्दा टाढा जसले फ्याँक्न सक्छ, त्यस वर्षको बलवान्

उही हुन्छ । उसलाई बूढापाकाले स्याबास दिन्छन् । उठाएको माना चामलको जाँड खाएर बाँकी रह्यो भने पूजामा उपस्थित नभएकाकालाई भाग लगाएर बाडिन्छ । निम्तालुहरू पनि कोही त्यही दिन र कोही भोलिपल्ट बिदा हुन्छन् । त्यसै दिन पुजारी बूढापाका बसेर भान्सेलाई पनि बिदा गर्छन् । माझी समाजमा गरिने हरेक सामाजिक काम र संस्कारमा भान्सेको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सम्पूर्ण काम नसकिएसम्म सबैलाई खाना पकाउने र खुवाउने जिम्मेवारी यिनीहरूको हुन्छ । त्यसैले सगुन खाइसकेपछि बूढापाकाले भान्सेलाई धन्यवाद र आशीर्वाद दिएर बिदा गर्छन् । यसरी भान्से बिदा गरेपछि लदीपूजा पूर्ण भएको मानिन्छ ।

कोसीपूजा गरेपछि 'कोसी नदीले विध्वंस गर्दैन, समय-समयमा पानी पर्छ, बालीनाली राम्रो हुन्छ, हाम्रो भलो हुन्छ' भन्ने विश्वास माझी जातिमा रहेको हुन्छ । माझीले यो पूजा प्राचीन समयदेखि नै जब उनीहरू नदीको सम्पर्कमा आए र नदीमै निर्भर रही जीविकोपार्जन गर्न थाले, त्यतिबेलादेखि नै मनाउँदै आएका हुन् भन्न सकिन्छ । कोसीपूजाले माझी प्रकृतिपूजक भएको र नदीसँग उसको अत्यन्त घनिष्ट सम्बन्ध छ भन्ने पनि स्पष्ट हुन्छ ।

५.२.३ संसारीपूजा

माझी जातिमा प्रचलित संसारीपूजा शनिबार पारेर गरिने सामूहिक पूजा हो । संसारीमाईको नाममा गरिने यो पूजा गरिसकेपछि महामारी, हैजा, बिफर, ठेउला, खुरेतजस्ता रोगव्याधि नआउने, समय-समयमा पानी पर्ने तथा गाउँको रक्षा हुने विश्वास गरिन्छ । सामूहिक रूपमा यो पूजा गर्दा प्रत्येक घरबाट पैसा उठाएर पाठी किनिन्छ ।

पूजाको दिन प्रत्येक घरबाट अछेता, धूप, भेटी, सुपारी एकैठाउँमा जम्मा पार्छन् अनि गाउँनजिकको अग्लो डाँडामा देवता स्थापना गरी चामलको पिठोको रेखी हालेर धूपबत्ती बाली पाठी बलि चढाइन्छ । बलि चढाएको पाठीको मासु प्रत्येक घरबाट लगेको चामलको भात पकाएर सबैले प्रसादका रूपमा खाने चलन छ । प्रसाद खान रजस्वला भइसकेका महिला जाँदैनन् । बलि चढाएको पाठी र पोथीको मासु, अछेता, पाती गाउँघरमा ल्याइँदैन । ल्याए अनिष्ट हुन्छ भन्ने मान्यता रहेको छ । पूजा गर्दा गाउँबाट कुनै खोला वा खोल्सा कटाएर गरिन्छ भने प्रसाद पनि खोला, खोल्सा कटाएर ल्याउनुहुँदैन । कसैकसैले व्यक्तिगत

रूपमा पनि यो पूजा गर्छन् । व्यक्तिगत रूपले गर्दा पनि कुनै चोखो ठाउँमा लिपपोत अथवा चोखो पारेर देवता स्थापना गरी धूपबत्ती बाल्ने तथा अछेतापाती चढाई कुखुराको पोथी बलि दिने गरिन्छ र सोही ठाउँमै भात, मासु पकाई घरका सबै परिवारले खान्छन् ।

५.२.४ वैशाखेपूर्णे/वायुपूजा

माझी जातिमा प्रचलित अर्को पूजा हो वैशाखेपूर्णे । यो पूजामा वायुको पूजा गर्ने भएकाले यसलाई वायुपूजा पनि भनिन्छ । यस पूजामा मरेका पितृलाई थान लगाई राखिन्छ, जसलाई वायु भनिन्छ । यो पूजा खर्चिलो हुने भएकाले सक्नेले वर्षमा दुईपटक, नसक्नेले एकपटक वायुपूजा गर्ने गर्छन् ।

वैशाखेपूर्णिमामा गरिने यो पूजा गर्दा 'पुर्खापितृहरू खुसी हुन्छन्, घरमा कुनै दुखबिमार हुँदैन, अन्नपानीको सह हुन्छ' भन्ने मान्यता राख्छन् माझीले । वायुपूजा गर्दा पुरूष वायुलाई भाले र महिला वायु भए पोथी कुखुरा बलि चढाउने चलन छ । पूजा गर्दा वायुको माटाको धूपौरो, पानस, घन्टी सफा गरी अछेता र कपडा फेर्नुपर्छ । यो पूजामा चेलीबेटी, ज्वाईंचेला बोलाइन्छ । कसैकसैले खानपिन गराई टीका लगाई दछिना दिने पनि गर्छन् । यो पूजाको प्रसाद सबै जातजातिले खान हुन्छ । अहिले यो पूजा गर्दा पुरूष वायुलाई एउटा भाले र महिला वायुको नाममा एउटा पोथी चढाउने चलन पनि सुरू गरिएको पाइन्छ ।

५.२.५ आइतबारे/आइतबारेनीको पूजा

माझीहरू आइतबारे/आइतबारेनीको पूजा जेठ/असारमा आइतबारको दिन पारेर गर्छन् । पूजा गर्दा गाउँनजिकैको पहरा वा चोखो ठाउँमा पूजास्थान बनाइन्छ ।

तस्बिर-९ः आइतबारेआइतबारेनीको पूजा गर्दै माझीहरू

आइतबारे/आइतबारेनीलाई झाँक्री र झँक्रेनीका रूपमा पनि चिनिन्छ र खासगरी बस्तुभाउको गोठालाका रूपमा पूजा गरिन्छ । झाँक्रीलाई भाले र झँक्रेनीलाई पोथी कुखुरा बलि तथा धूप, बत्ती, अछेता र कोदोको पिठोको घिउतेलमा पकाएको बाबर चढाइन्छ । यो पूजा गर्दा पुजारीले 'वनजङ्गलको तस्कर, बाघ, भालु र भीरपहराबाट बस्तुभाउ जोगाइदेऊ' भनेर बल माग्छन् । बलि चढाएको कुखुराको पोलेको कलेजो, कोदोको बाबर रोटी र जाँड प्रसादका रूपमा त्यहाँ गएका सबैले खान्छन् ।

५.२.६ गोठपूजा

गोठपूजा मङ्सिरेपूर्णिमाको दिन गरिने भएकाले माझीहरू यसलाई मङ्सिरेपूर्णे पनि भन्छन् । 'गोठमा बाँधिने गाईबस्तुलाई केही नहोस्' भनेर यो पूजा गरिन्छ । यो पूजा गर्दा गाईको थलामा वा कुनै चोखो ठाउँमा लिपपोत गरी गैँडु, गोसाईं, महादेवलाई गोबरको कुण्ड बनाएर दूध चढाई देवता स्थापना गरिन्छ । महादेवको स्थानमा चामलको पिठोको रेखी हाली त्रिशूल बनाइन्छ भने अरू ठाउँमा दस वा सात रेखी हाली मूलथान बनाइन्छ । रेखी हालेको ठाउँमा तीनवटा पात भएको बेलपाती राखी त्यसमाथि अछेता, बाबर र खीर चढाइन्छ साथै नौनी घिउ र अमलाको पात मुछेर बनाइएको धूप हालिन्छ । त्यसपछि कुखुराको टाउको र खुट्टा धोएर गहुँत र दूध छर्दै कुखुरा बोकेर गोठ वा पूजास्थानवरिपरि तीन फन्का घुम्छन् र धूप हाल्दै 'बस्तुभाउको रक्षा गरिदिनू' भन्ने बल माग्दै कुखुरा बलि चढाइन्छ । बलि चढाएपछि नुहाइधुवाइ गरी पकाएको जाँड, गोलमाडी (चामलको पिठोको विशेषकिसिमले बनाई पानीमा उसिनेर पकाएको पानीरोटी), बलि चढाएको कुखुराको पोलेको कलेजो चढाउँछन् ।

पूजा सकिएपछि प्रसादका रूपमा खीर, बाबर, कुखुराको कलेजो, गोलमाडी, जाँड खाइन्छ । बाँकी रहेका सम्पूर्ण सामान तथा बलि चढाएको कुखुरा बोकेर पुनः धूप हाल्दै, दूध र गहुँत छर्दै गोठवरिपरि तीनफेरो घुम्नुपर्छ । यसरी पूजा सकिएपछि एउटा सानो कुखुराको भाले चल्ला गोठको देवताको नाममा सिन्दूर, अछेता टाउकोमा लगाई पानी हालेर मनाएर छाडिन्छ । यसलाई देवताको भाले भनिन्छ र अर्को वर्ष बलि दिँदा यही भाले बलि दिनुपर्छ । 'यो कुखुरालाई हिर्काउनु वा खुट्टाले छुनुहुँदैन, देवता रिसाउँछन्' भन्ने मान्यता रहेको छ । यो पूजामा छोरीचेली, भान्जाभान्जी अन्य पाहुनालाई पनि निम्ता गरिन्छ ।

५.२.७ भूमेपूजा

मङ्सिरमा धान थन्काउने बेलामा भूमेदेवताका लागि भूमेपाथी भनेर धान पाथीले भरेर छुट्ट्याइन्छ । तिहारमा टीका लगाइदिँदा दिदीबहिनीलाई कम खर्च परोस् भनेर भूमेपाथी छुट्ट्याइएको सबै धान दिदीबहिनीलाई नै दिइन्छ । त्यही धानबाट जाँड, रोटी, भात बनाइन्छ ।

यीबाहेक सिकारी, बूढोदेउता, पानीका देवीदेवता, बरूनबाबा, पूर्वको बाजे, आखाडी, इन्द्रावती, लेखाली, नागनगिनी, गोरेसिद्धि, अरदेउबरदेउ, जीउरेखी, जङ्गली आदि विभिन्न देवीदेवताको पूजाआजा गरिन्छ ।

५.३ प्रमुख चाडपर्वहरू

माझीले कुलपूजा, कोसीपूजालगायत प्रायः पूजाआजालाई चाडपर्वकै रूपमा मनाउने गर्छन् । यीबाहेक उनीहरूले मनाउने चाडपर्वमा साउनेसक्रान्ति, माघेसक्रान्ति, दसैँ, तिहार, चैतेदसैँ प्रमुख हुन् । यीमध्ये दसैँ, तिहारलगायत कतिपय हिन्दू धार्मिक चाडपर्वहरू पनि पर्छन् । यो माझी समुदायमा देखिएको हिन्दूकरणको प्रभाव हो ।

५.३.१ साउनेसक्रान्ति

हरेक वर्षको साउनको पहिलो दिन मनाइने साउनेसक्रान्तिलाई माझीहरू जेठो चाड पनि भन्छन् । अन्य जातजातिमा जस्तै माझीमा पनि यसलाई लुतो फाल्ने सक्रान्तिका रूपमा मनाउँछन् । साउनेसक्रान्तिका दिन बेलुका साँझमा लुतो फाल्ने गरिन्छ । लुतो फाल्नुअघि भलायाको पात, कुकुरडाइनो, कुरिलो, ढोकामाथि घुसारेर राख्ने चलन छ । यसो गर्दा 'घरभित्र भूत, प्रेत, देसान, मसान आदि पस्दैनन्' भन्ने मान्यता उनीहरूमा रहेको छ । लुतो फाल्दा नाङ्लो ठटाउँदै, 'अनिकाल जा, सहकाल आइज' भन्दै ठुल्ठूलो स्वरले कराउँदै वारिपारि, वल्लोगाउँ पल्लोगाउँबीच आपसमा 'मेरो लुतो लिन आइज' भनेर अगुल्टो फ्याँक्छन् । यसो गर्दा 'वर्षभरि लुतो आउँदैन' भन्ने विश्वास रहेको छ ।

माझीहरूले यस चाडलाई दसैँजस्तै ठूलो चाडका रूपमा लिन्छन् । माझी बूढापाकाहरू, 'बाँच्नेको दसैँ, मर्नेको साउनेसक्रान्ति' भन्ने गर्छन् । यो भन्नुको कारण अन्य महिनाको तुलनामा साउन भदौमा विभिन्न प्रकारका महामारीले

मानिस मर्ने गर्छन् । यतिबेला महामारीबाट बाँच्न सकेमात्र असोजमा दसैँ मनाउन पाइने भएकाले मर्नेका लागि ठूलो चाड साउनेसक्रान्तिलाई मानेका हुन् । यो चाडमा विशेषगरी बेलुका खानपिनको व्यवस्था गरिन्छ । अन्य चाडमा जस्तै राँगा, भैँसी, सुँगुर काटेर ज्वाईंचेला, चेलीबेटीलाई बोलाउने, ख्वाउने र रमाइलो गर्ने चलन छ । माझी जातिमा साउनभरि देवताहरू गुफा बस्छन् वा पाताल जान्छन् भन्ने विश्वास भएकाले अन्य कुनै पनि देवीदेवताको पूजाआजा गर्दैनन् । धामीले पनि साधारण झारफुकमात्र गर्छन्, चिन्ता बस्ने काम गर्दैनन् ।

५.३.२ दसैँ

हरेक वर्षको असोजमा धुमधामसाथ मनाइने चाड दसैँलाई हिन्दू धर्मावलम्वीको मुख्य चाड मानिन्छ । राज्यले राष्ट्रिय चाड घोषणा गरेर मान्नैपर्ने बनाएदेखि नै अन्य जातिहरूले जस्तै माझीले पनि दसैँ मनाउँदै आएको विश्वास गरिन्छ । तर पनि हिन्दूले जस्तो गरेर माझीले दसैँ मनाउँदैनन् । माझीले दसैँको सुरूवात मानिने घटस्थापनामा जमरा राख्ने, नौ दिनसम्म पूजापाठ गर्ने र बलि चढाउने गर्दैनन् । हिजोआज भने कसैकसैले जमरा राख्न थालेका छन् । जमरा राख्ने औँसीपछि कसैले कमेरो र कसैले रातोमाटोले घर लिपपोत गरी सिँगार्ने गर्छन् । दसैँमा घर सिँगारपटार गरेको छैन भने त्यो घरमा जुठो परेको रहेछ भन्ने बुझिन्छ । घर सिँगार्नुलाई घर चोख्याएको पनि भनिन्छ । लिपपोत गर्दा अप्ठ्यारो र अग्लो ठाउँमा पुरूषले तथा सजिलो ठाउँमा महिलाले गर्छन् । घरको झ्यालढोकामा सालको बोक्रा पकाएर त्यसबाट निस्किने रङ लगाउँछन् भने भित्ताका प्वाल र खोपामा विभिन्न रङले अनेक प्रकारका बुट्टा पनि बनाइन्छ ।

फूलपातीको दिन दसैँमा श्राद्ध गर्नेले पानी राख्ने वा पितृ भुलाउने भन्छन् । सोह्रश्राद्धमा श्राद्ध गर्नेले फूलपातीको दिन बिहान विभिन्न प्रकारका देवीदेवतालाई भाकल गरी निम, कुखुरा, पाठी र हाँस बलि चढाउँछन् । फूलपातीको दिउँसो गाउँका सबै मिली मासुका लागि राँगा, भैँसी, सुँगुर काटेर भागबन्डा गर्छन् । अष्टमी र नवमीको दिन मासुभात र जाँडरक्सी खाएर रमाइलो गर्छन् । माझीहरू खानपिनबाहेक कुनै पूजाआजा गर्दैनन् । दशमी अथवा टीकाको दिन अभिभावक तथा ठूलाबडाको हातबाट दही र अछेताको टीका तथा आशीर्वाद थाप्छन् । कतिपय माझीगाउँमा अहिले पनि दसैँको टीका लगाउँदैनन् । टीका लगाउँदा बूढापाकाले "कुलपितृको शक्तिले दुबो मौलाएझैँ मौलाउनू, सन्तानले डाँडाकाँडा ढाकून्, नाम चलाएर खानू, मिझारको ज्वाईं वा बुहारी हुनू" जस्ता आशिष दिने

गर्छन् । टीकाको दिनदेखि पूर्णिमाको दिनसम्म मान्यजनको हातबाट टीका लगाई आशिष थाप्ने चलन छ । यसरी दशैंमा माझीहरू पूजाआजाभन्दा पनि खानपिनमा बढी रमाउँछन् । त्यसैले फूलपातीको दिन सात, अष्टमीको दिन आठ, नवमीको दिन नौ र दशमीको दिन दसपटक खानुपर्छ भन्ने गर्छन् ।

५.३.३ तिहार

तिहारमा माझीहरू मुख्य गरी भाइटीका मनाउने गर्छन् । दिदीबहिनीका हातबाट दाजुभाइले टीका लगाउने र देउसीभैलो खेल्ने गरिन्छ । देउसीभैलो औँसीदेखि एकादशीसम्म खेलिन्छ । देउसी खेल्दा माझीहरू माझीगाउँमा भट्ट्याएर देउसिरे भन्ने र ख्याली, विभिन्न झ्याउरे, चुट्का गीत गाएर नाचगान गर्ने गर्छन् । तर, अन्य जातिको गाउँघरमामा गाउने गीत र मादलको भाका पनि सुनाउँछन् । यसरी देउसीभैलो खेलेर प्राप्त भएको पैसा र अन्नले पहिले–पहिले वनभोज खाने गर्थे भने अहिले सामाजिक काममा प्रयोग गर्छन् । हिजोआज पहिले–पहिलेजस्तो एकादशीसम्म देउसी, भैलो खेल्न छाडेका छन् । माझीले तिहार पनि दसैँजस्तै पछि मात्र मनाउन थालेका हुन् । तिहारमा देउसीभैलो खेल्ने चलन भने धेरै पुरानो हो ।

दसैँमा टीका लगाउन आउँदा नै चेलीबेटी र दिदीबहिनीले तिहारमा टीका लगाउन आउने निम्तो दाजुभाइलाई पनि दिन्छन् । त्यही निम्ताको आधारमा कोही दिदीबहिनीको घरमा जान्छन् भने कोही दिदीबहिनी नै माइतीको घरमा आएर टीका र फूलको माला लगाइदिन्छन् । दाजुभाइलाई फूलको माला नलगाउन्जेलसम्म आफूले फूल लगाउँदैनन् । दाजुभाइलाई लगाइदिने माला टीकाको अघिल्लो दिन नै तयार पार्नुपर्छ । टीकाको दिन माला अशुभ र नराम्रो हुन्छ भन्ने मान्यता रहेको छ । टीका लगाइदिएपछि दिदीबहिनीले सगुनका रूपमा जाँड, रक्सी, निघार, माछा, मासु, रोटी, तरकारी, अचारलगायतका खानेकुरा दिन्छन् । दाजुभाइले पनि दिदीबहिनीलाई आफ्नो हैसियतअनुसार टीका लगाएर दछिना दिन्छन् ।

५.३.४ माघेसंक्रान्ति

अन्य जातजातिजस्तै माझीले पनि माघको पहिलो दिन माघेसक्रान्ति पर्व मनाउँछन् । कामको हिसाबले फुर्सदको समय भएकाले एक दिनमात्र भए पनि रमाइलोसँग यो चाड मनाउँछन् । यो चाडमा तरूल, सखरखन्ड, पिँडालुजस्ता कन्दमुलसमेत खाने भएकाले मसान्तको दिन नै कन्दमुल खन्ने र बेलुका उसिन्ने

तथा फुलौरा, सेलरोटी पकाउने गरिन्छ । चामल र मकैको जाँड, कोदोको रक्सी पहिलेदेखि नै जोहो गरेर राखेका हुन्छन् । माघेसक्रान्तिको दिन बिहान विभिन्न देवीदेवताको पूजा गरिन्छ । पूजा गर्दा पाठी, परेवा, कुखुरा, बोकाको बलि चढाइन्छ । साथै गाउँमा मासु खानका लागि राँगा, सुँगुर, खसी काटिन्छ । यो चाडमा चेलीबेटी, ज्वाईंचेलालाई निम्ता गरी घरपरिवार सबै सँगै बसेर तरूल, फुलौरा, माछा, मासु, खिचडी, जाँड, रक्सी, निघार खाने गरिन्छन् । गाउँघरका बूढापाकालाई पनि बोलाएर खानेकुरा दिइन्छ । उनीहरू दिनभरि नै खाने, खुवाउने, नाचगान गर्ने गर्छन् ।

५.३.५ चैतेदसैँ

माझी बूढापाका चैतेदसैँ नै मूल दसैँ हो भन्छन् । उनीहरूका अनुसार चैतमा दसैँ मनाउँदा गर्मीले गर्दा खाना नपच्ने, जसले गर्दा विभिन्न प्रकारका रोग आउने र असोजमा दसैँ मनाउँदा फुर्सदको समय, केही ठन्डा हुने, खाना पच्ने भएकाले चैतबाट असोजमा दसैँ सारिएको हो । असोजमा मनाइने दसैँजस्तो चैतेदसैँ धुमधामसाथ मनाइँदैन । राँगा, भैँसी र सुँगुर काटेर मासुभात तथा जाँडरक्सी खाएर चैतेदसैँ मनाउने गरिन्छ । कसैकसैले नजिकका चेलीबेटी, ज्वाईंचेला बोलाई खुवाउने गर्छन् भने कसैकसैले विभिन्न देवीदेवतालाई बोका, पाठी, कुखरा, हाँस बलि चढाउँछन् ।

अध्याय ६

जीवनचक्र संस्कार

अन्य जातजातिमा जस्तै माझीमा पनि जीवनभरि विभिन्न संस्कार अपनाइएको पाइन्छ । मानिसको जन्मदेखि मृत्युसम्मका संस्कार नै जीवनचक्र संस्कारभित्र पर्छन् ।

६.१ जन्मसंस्कार

माझी समाजमा महिलाहरू गर्भवती भएदेखि नै विभिन्न संस्कारजन्य मान्यता सुरु हुन्छन् । परम्परागत रूपमा महिलाहरू गर्तवती भएपछि जाँतो पिस्ने काम बढी गरेमा बच्चा जन्माउन सजिलो हुन्छ भन्ने मान्यता थियो । तर, हिजोआज 'गर्भवती महिलालाई गाह्रो काम गराउनुहुँदैन र पोषिलो खानेकुरा खुवाउनुपर्छ' भन्ने धारणा विकास भएको छ । माझी समाजमा सुत्केरी महिलालाई धार्मिक काम तथा पूजाआजामा भाग लिन दिइँदैन । भाग लिएमा देवीदेवता रिसाउने र अशुभ हुने मान्यता राखेको पाइन्छ । त्यसैगरी गर्भवती महिलाले लास ल्याएको वा बाँधेको हेर्नुहुँदैन, हेरेमा बच्चाको घाँटीमा नाल बेरिन्छ, हलोले जोतेको सियो नाघ्नु हुँदैन, नाघेमा सुत्केरी व्यथा लामो लाग्छ, गाईबस्तु बाँधेको दाम्ला डोरी नाघेमा सालनाल झर्दैन वा ढिलो झर्छ भन्नेजस्ता थुप्रै परम्परागत धारणा माझी समाजमा यथावत् छन् । गर्भवती महिलाले पेट कन्याए बच्चा खौंडे हुन्छ र खुर्सानी चोरेर खाए बच्चा बाठो हुन्छ भन्ने माझीहरू विश्वास राख्छन् । उनीहरू दुई जीउकी महिलालाई रातसाँझ एक्लै घरबाहिर निस्कन, भीरपहरामा जान, रूख चढ्न दिँदैनन् ।

गर्भवती महिलाको गतिविधिलाई हेरेर माझी समाजमा लैङ्गिक अवधारणा पनि बनाउने गरिन्छ । गर्भवती महिला जाँगरिली र फुर्तिली देखिए छोरा जन्मन्छ र अल्छी तथा शिथिल देखिए छोरी जन्मन्छे भन्ने अनुमान गर्छन् । यसले माझी समाजमा गर्भदेखि नै पुरूष महिलाभन्दा फुर्तिला र जाँगरिला हुन्छन् भन्ने धारणालाई सङ्केत गर्छ । त्यसैगरी गर्भवती महिलाले सपनामा केरा खाएको देखे छोरा र फर्सी खाएको देखे छोरी जन्मने विश्वास पनि गरिन्छ । पुरूषलाई केरा र महिलालाई फर्सीसँग तुलना गर्ने यो लैङ्गिक धारणाले पुरूषलाई नै राम्रो देखाउन खोजेको छ । गर्भवती महिलालाई सुत्केरी गराउँदा घरभित्रै गराउनुपर्छ भन्ने मान्यता रहेको छ ।

बच्चा जन्मनुलाई माझी समाजमा एउटा सुखद अवसरका रूपमा लिइन्छ । गर्भवती महिलालाई बच्चा जन्माउने व्यथा लागेपछि पाका तथा अनुभवी माझी महिलाले बच्चा जन्माउन मद्दत गर्छन् । यिनीहरूलाई सुँडेनी पनि भनिन्छ । सुत्केरी हुने घरमा नभए पनि गाउँबाट यस्ता अनुभवी महिलालाई बोलाइन्छ । अर्कोतिर सँगसँगै घरको मूली मान्छेले पनि विभिन्न देवीदेवताको नाममा भाकल गर्छन् । बच्चा जन्माउन जति गाह्रो भए पनि स्वास्थ्यकेन्द्र लैजानभन्दा घरायसी उपचारमै बढी विश्वास गर्ने भएकाले कतिपय माझी महिलाको अकालमा ज्यान जान्छ । हिजोआज भने नजिकको स्वास्थ्यकेन्द्रमा गएर जँचाउने तथा सुत्केरी गराउनेक्रम बढेको छ ।

माझी समुदायमा बच्चा जन्मिसकेपछि सुत्केरी र बच्चालाई मनतातो पानीले नुहाइदिने गरिन्छ । बच्चाको साललाई घरपछाडि खाल्डो खनेर गाडिदिन्छ । सुत्केरीलाई घरको एक कुनामा न्यानो गरी राखिन्छ र सुत्केरी भएकै दिनदेखि कुखुराको मासु, जाँड, रक्सी, घिउ, ज्वानो खान दिन्छन् । बच्चा जन्मिसकेपछि घरको ढोकाको सँघारमा छोरो जन्मेमा भाले र छोरी जन्मेमा पोथी काट्छन् । कुखुरा काटेको देख्दा छोरा वा छोरी के जन्मियो भन्ने कुराको जानकारीसमेत हुन्छ ।

६.२ न्वारान

न्वारान बच्चाको नाम राख्ने संस्कार हो । माझी समुदायमा बच्चाको न्वारान वा नामकरण जन्मेको तीन, पाँच र सातजस्ता बिजोर दिन पारेर गर्ने चलन छ । न्वारान गर्ने दिन घर लिपपोत गरी सुँडेनी, सुत्केरी र बच्चालाई नुहाइधुवाइ गरि

न्छ । गाउँका *मिझार, गौरूङ* र नजिकका दाजुभाइ बोलाइन्छ । बच्चाको नाम जुराउने वा राख्ने काम भने कुनै ठाउँमा *मिझार* र *गौरूङ*ले तथा कुनै ठाउँमा सुँडेनीले नै गर्छन् । माझी जातिमा नाम राख्न भने अत्यन्त सरल तरिका छ । बच्चा कुन दिन, बार, ठाउँ, महिना, अवस्थामा जन्मेको हो सोही दिन, बार, ठाउँ, महिना, अवस्थाको पहिलो अक्षरबाट नाम राख्छन् । जस्तै उदाहरणका लागि :

आइतबार जन्मनेको नाम	:	आइते, आइतवीर, आइती
सोमबार जन्मनेको नाम	:	सोमे, सोमी
मङ्गलबार जन्मनेको नाम	:	मङ्गले, मङ्गलमान, मङ्गली
बुधबार जन्मनेको नाम	:	बुधे, बुधवीर, बुधमाया
बिहीबार जन्मनेको नाम	:	बिर्दैउ, विरसे, वीरमान
शुक्रबार जन्मनेको नाम	:	शुक्रे, शुक्रवीर, सुकमाया
शनिबार जन्मनेको नाम	:	सन्सरे, सन्ते, सन्ती
महिनाअनुसारका नाम	:	फागुने, माघे, चैते, असारे, साउने
रङअनुसारका नाम	:	काले, काली, गोरे, गोरी
ठाउँअनुसारका नाम	:	माइतमा जन्मेको भए माइते, माइती, बाटोमा भए बाटुले, बाटुली आदि ।

अहिले भने कतिपय माझीले इन्द्र, गोविन्द, सूर्यजस्ता हिन्दू नाम पनि राखेको पाइन्छ । न्वारानको दिन बच्चालाई नुहाउँदा गाईको दूध, भलायाको ठेला, सिँगी, काँटी, बागी माछाको काँडा, अरिङ्गाल, बच्छ्यूँ, बारूलो, सिस्नो, अल्लो पनि डढाई धूवाँ दिन्छन् । यसो गर्दा भलायो उछ्रँदैन, माछाले घोच्दा, अरिङ्गाल, बच्छ्यूँले चिल्दा विष लाग्दैन, सिस्नो, अल्लोले पोल्दैन भन्ने विश्वास माझी जातिमा पाइन्छ ।

त्यसैगरी न्वारानमा बाबु, बाजे वा काका साक्षी राखी ज्वाईंचेला, भान्जाभान्जी, कुटुम्बले सुत्केरीलाई गाईको गहुँत, तेल खान र लाउन दिन्छन् । सुत्केरी बसेको ठाउँ, भँडार चोटाकोठा, फूल बिरूवामा पनि गहुँत छर्छन् । यसलाई गहुँत छर्ने वा चोख्याउने पनि भनिन्छ । कसैले न्वारानको दिनदेखि नै पानी छुन्छन् भने कसैले १५ दिनसम्म पानी बार्छन् । सुत्केरी नचोख्याई कुनै पनि शुभ, अशुभ काम गर्दैनन् । न्वारानको दिन सुँडेनीलाई पनि सुत्केरीलाई जस्तै गहुँत, तेल दिइन्छ । यो नगरून्जेल कुलपितृ, देवीदेवतामा चल्दैन भन्ने मान्यता रहेको छ ।

सुत्केरी चोख्याइसकेपछि भात, मासु र जाँडलगायतका खानेकुरा बनाई बूढापाका र सुँडेनीलाई खुवाउनुपर्छ । बच्चा जन्माउनदेखि न्वारान गर्दासम्म सुँडेनीले सुत्केरी र बच्चाको स्याहारसुसार गरेकीले सुँडेनीलाई केही पैसा र गुन्युचोलो (एकसरो कपडा) र धन्यवाद दिने गरिन्छ । 'सुँडेनीको चित्त दुखाइदिनुहुन्न, पाप लाग्छ' भन्ने विश्वासले पनि उसलाई खुसी बनाई पठाउनुपर्छ । यसलाई पापकटनी पनि भन्ने चलन छ ।

६.३ पास्नी

बच्चा जन्मेको ५/६ महिना भएपछि आमाको दूधले मात्र नपुगेर ठोस खानेकुरा (अन्न) पनि खुवाउनुपर्ने हुन्छ । यही बच्चालाई पहिलोपटक अन्न खुवाइदिने कामलाई 'पास्नी' अथवा 'भात खुवाइ' भनिन्छ । माझीहरू यसलाई 'मुख जुठ्याउने' पनि भन्छन् । माझी समुदायमा छोरो भए ६ महिनामा र छोरी भए ५ महिनामा बच्चाको पास्नी गर्छन् । पास्नीमा जाँड, रक्सी, माछा, मासु, अन्डा, दही, दूध, घ्यु, महलगायत विभिन्न खानेकुरा तयार पार्नुका साथै दियोबत्ती बाली कलश थापिन्छ । यही कलशको पानीले अभिषेक गरी बच्चालाई दही अछेताको टीका लगाइदिएर आशिष दिइन्छ । सुरूमा घरको सबैभन्दा जेठाले टीका लगाई खुवाइदिनुपर्छ । टीका लगाइदिँदा 'आजदेखि मनुष्य भइस्, पाथीको भात खान सक्ने, धार्नीको कोदालो चलाउन सक्ने हुनू, लामो आयु होस्' भन्ने आशिष दिन्छन् ।

पास्नीमा मावली, दाजुभाइ, नातागोता र इष्टमित्रलाई पनि बोलाई भात खुवाइन्छ । निम्तालु सबैले बच्चालाई टीका लगाइदिने र भात खुवाई दछिना तथा कपडा दिने चलन छ । त्यसपछि निम्तालु सबैलाई जाँड, रक्सी, माछा, मासु खान दिने र नाचगान गरी रमाइलो पनि गरिन्छ । माझी समुदायमा यदि 'बच्चाको दाँत ८ महिनामा उम्रियो भने मावली पिर्छ, मुख हेर्नु हुँदैन' भन्ने जनविश्वास छ । त्यसैले ८ महिनामा दाँत उम्रेको बच्चालाई मामाले घरको भित्ता प्वाल पारेर हात छिराई काँसको भाँडा कचौरामा दूध र भात खुवाउनुपर्छ । दूध र भात खुवाएपछि टीका लगाइदिएर भाँडासहित दछिना दिएपछि दोष लाग्दैन, मुख हेर्न हुन्छ भन्ने विश्वास रहेको छ ।

६.४ छेवर

बच्चा जन्मेपछि पहिलोपटक कपाल काट्ने संस्कारलाई 'छेवर' भनिन्छ । माझी जातिमा प्रचलित संस्कारअनुसार छेवरमा कपाल काटिदिनका लागि मामा

अनिवार्य चाहिन्छ । आफ्नो मामा छैन भने अन्य नाता साइनाको भए पनि मामा बनाई उनीबाटै कपाल काट्ने चलन छ । छेवर गर्ने दिन सर्वप्रथम घर लिपपोत गरिन्छ । अनि छेवर गर्ने थलो (घरको मूल गाई बाँधिएको ठाउँमा) लिपपोत गरी नयाँ किलो, दाम्लो, हरियो सालको पातको टपरी तयार पारिन्छ । त्यसपछि छेवर गरिने बालकलाई दाम्लाले घाँटीमा बाँधेर मामाले कपाल काट्दै टपरीमा राख्छन् । कपाल काटिसकेपछि नदीमा टपरीसहित सेलाउने गरिन्छ । गाउँबाट नदी (कोसी) टाढा भए वरपीपल वा दूध आउने कुनै रूखमा राखिन्छ ।

कपाल काट्ने काम सकेपछि मामाले भान्जालाई टीका र फेटा लगाइदिई लुगा र दछिना दिन्छन् । यो अवसरमा सक्नेले भान्जालाई गरगहना र भाँडाकुँडा पनि दिन्छन् । मामाले धेरै दानदछिना दिन नसके एउटा टोपी मात्र भए पनि दिनैपर्छ । छेवरको निम्तो स्विकारेर आएका निम्तालुले पनि टीका लगाइदिई आफ्नो गच्छेअनुसार दछिना, कपडा दिन्छन् भने कसैकसैले बेहुलीलाई गोडधुवा दिएको जस्तै गरेर गाग्री, खड्कुला पनि दिन्छन् । मामा र निम्तालुलाई सगुनका रूपमा जाँड, रक्सी, माछा, मासुलगायतका खानेकुरा खुवाइन्छ । यस अवसरमा नाचगान गरेर रमाइलो गर्ने चलन पनि छ । यस्तो चलन विशेषगरी सिन्धुपाल्चोक र काभ्रेमा पाइन्छ ।

६.५ विवाह

माझी जातिमा विवाह एक महत्वपूर्ण संस्कार मानिन्छ । खासगरी छोराछोरी १५–१६ वर्ष पुगेपछि विवाह गरिदिने चलन छ । सुरूसुरूमा यो जातिमा बालविवाह पनि प्रशस्तै हुने गर्थ्यो, तर बालविवाह अहिले त्यति अभ्यासमा छैन । माझीहरू जतिसुकै पुस्ता बितेको भए पनि एउटै बङ्श र थरभित्र दाजुभाइ वा हाडनातामा र मावलीतर्फको दूधनातामा बिहेवारी गर्दैनन् । यदि हाडनाता सम्बन्धमा विवाह गरेमा साह्रै नराम्रो मानिन्छ र त्यस्ताले गाउँ छाडेर दाजुभाइ कसैको सम्पर्कमा नआउने ठाउँमा भाग्नुपर्छ । त्यसैले आफ्नै जातिभित्र हाडनाता र दूधनाता नपर्ने थर अथवा समूहमा मात्र विवाह गर्ने चलन छ । यस जातिमा मागी विवाह, प्रेम विवाह, चोरी विवाह, जारी विवाह, विधवा विवाह, अन्तरजातीय विवाह र जबरजस्ती विवाहजस्ता विभिन्न किसिमका विवाह प्रचलनमा छन् । यीमध्ये मागी विवाह सबैभन्दा बढी अभ्यासमा रहेको पाइन्छ । अन्तरजातीय विवाहबाहेक अन्य सबै विवाहलाई माझी समाजमा समान मान्यता दिइन्छ ।

तस्बिर–१०: विवाहमा माझी दुलाहादुलही

मागी विवाहको मान्यताविपरीत दूधनाताले केही हदसम्म छोएमा, केटी पक्षका अभिभावकको सहमति नपाएमा केटाले वा केटा पक्षकाले केटीलाई ललाइफकाइ वा केटा र केटीले दुवैको मन्जुरीमा चोरी विवाह गर्छन् । चोरी विवाहमा पनि मागी विवाहसरह केटी पक्षलाई करकोसेली दस्तुर केटा पक्षले बुझाउनुपर्छ । यी बुझाउने सम्पूर्ण कोसेली दस्तुरलाई *सोधछाङ्रा* भनिन्छ । चोरी विवाहमा मागीमा भन्दा केही बढी रीतभात वा दस्तुर कोसेली तिर्नुपर्ने हुन्छ । यसरी बढी तिरिने दस्तुरलाई 'चोरको सोर बुझाउने' भनिन्छ । त्यस्तै अहिले आएर माझी युवायुवतीमा एक–अर्कालाई प्रेम गरेर विवाह गर्ने चलन पनि बढ्दो छ । प्रेम गर्ने युवायुवतीको मागी विवाह हुन सकेन भने उनीहरूले चोरी विवाहको बाटो पनि समात्छन् ।

माझी समाजमा विरलै भए पनि अर्काकी श्रीमतीलाई विभिन्न तरिकाले आफ्नी श्रीमती बनाएर जारी विवाह गर्ने चलनसमेत छ । अर्काकी श्रीमती ल्याएबापत दन्ड–जरिवाना तिर्नुपर्छ, यसलाई विवाह खर्च वा *जारीखत* भनिन्छ । दुवै पक्षका मानिस राखी *जारीखत*को रकम निर्धारण गरिन्छ भने निर्धारण गरेको रकम भर्पाइँ लिई जारले साधुलाई रकम दिनुपर्ने हुन्छ । यसरी तिरेको रकमलाई 'खुकुरीको धार मारेको' पनि भनिन्छ । सामाजिक मान्यता दिइए पनि जारी विवाहलाई त्यति राम्रो भने मानिँदैन । त्यसैगरी माझी समुदायमा विधवाले आफूखुसी वा अभिभावकको

सहयोगमा नातागोतामा बाधा नपर्नेगरी अन्य पुरूषसँग विवाह गर्न पाउने चलन छ । अझ यस जातिमा दाजु मरेपछि भाउजू र देवरको उमेर मिल्दोजुल्दो छ र देवरभाउजू दुवैको मन्जुरी छ भने देवरले विधवा भाउजू स्याहार्ने चलनलाई सकारात्मक रूपमा लिइन्छ । यसो गर्नाले देवरको विवाह गर्दा लाग्ने खर्च जोगिने, दाजुपट्टिका छोराछोरीको राम्रो लालनपालन र हेरचाहसमेत हुने भएकाले पनि यस चलनलाई यस जातिले स्विकारेको पाइन्छ । तर, दाजु जीवित छँदै भाउजू विवाह गरेमा भने अङ्शसमेत नदिई गाउँमा बस्न दिइँदैन ।

माझीहरू माझीबाहेकका अन्य जातिका महिलासँग अन्तरजातीय विवाह पनि गर्न थालेका छन् । केही विद्वान् (विष्ट २००२) का अनुसार माझीहरूको थारू, बोटे, दनुवार र दरैसँग बिहेवारी चल्ने उल्लेख गरे पनि सप्तकोसीका सहायक नदीआसपासका माझीहरू आफ्नो जातिभित्रको विवाहलाई नै प्राथमिकतामा राखेका छन् । अन्तरजातीय विवाहमा हिन्दू संस्कारअनुसारको पानी चल्ने जातिको केटीसँग विवाह भएमा माझीको कुलपितृमा चलाउँदैनन् । तर, अन्तरजातीय विवाहबाट जन्मेका छोराछोरीलाई दालढिँडो चलाएपछि अर्थात् भत्याएपछि माझीसरह कुलपितृमा चलाइन्छ । दालढिँडो चलाउँदा चार थुम सात गाउँका माझी बूढापाका भेला गराई अन्य जातिको महिलाबाट जन्मेका बच्चालाई मासको दाल, कोदाको ढिँडोलगायत माछा, मासु, जाँड, रक्सी र अन्य विभिन्न खानेकुरा पकाउन लगाइन्छ र बूढापाका माझीका अगाडि हात जोडेर मेरा छोराछोरी माझीकै जातभातमा चलाइदिनुपऱ्यो भनेर अनुरोध गर्नुपर्छ । त्यसपछि माझी बूढापाकाले खानपिन गरिसकेपछि आजदेखि यो माझीको कुलपितृमा चल्यो भनेपछि माझीको कुलपितृमा समान रूपले चल्छ । तर, पानी नचल्ने अछुत जातको केटी विवाह गरेमा भने उसलाई पनि अछुत मानी समाजमा स्विकारिँदैन ।

माझी समाजमा केटीको मन्जुरीविना केटाले सहयोगीको सहायताले जबरजस्ती घिसारेर पनि विवाह गर्ने चलन छ । तर, अहिले जबरजस्ती विवाह त्यति पाइँदैन । यसरी जबरजस्ती घिसारेर लैजाँदा केटी राजी भएमा माइती पक्षको केही लाग्दैन, तर राजी नभएमा भने माइती पक्षले केटी खोसेर लैजान सक्छन् । कसैले घिसारेपछि 'धार्नीकी चेली बिसौली हुन्छे' भन्ने मान्यता माझी समाजमा भएको कारण पनि केटीको मन्जुरी नभए पनि राजी हुनुपर्ने बाध्यता थियो ।

माझी समाजमा प्रायः एउटा पुरूषका दुई-तीनवटीसम्म पत्नी हुन्छन् भने महिला पनि एकभन्दा धेरै पुरूषसँग विवाह गर्न सक्छन् । अन्य जातिमा जस्तो धेरैपटक

विवाह गरेपनि माझी महिलालाई अशुद्ध अर्थात् बिटुलो मानिँदैन । त्यसैले माझीमा अहिलेसम्म सम्बन्धविच्छेदले खासै महत्व राखेको पाइँदैन । नेपालको अहिलेसम्मकै न्यायिक अभ्यासमा दुई मात्रै माझीका सम्बन्धविच्छेदको मुद्दा परेको पाइन्छ । त्यसैगरी पुरूषहरूले आफ्नी श्रीमतीकी बहिनी साली र जेठान वा सालाको छोरी भदैनीसँग विवाह गर्नु या विधवा भाउजू र देवरबीचको विवाहलाई पनि सामान्य रूपमा लिइन्छ ।

६.५.१ प्रचलित मागी विवाहको प्रक्रिया

६.५.१.१ केटी माग्न जाने

माझी समुदायमा उमेर पुगेका युवायुवतीबीच मागेर गरिने विवाहलाई मागी विवाह भनिन्छ । मागी विवाहमा केटापक्षले केटी माग्न जाने प्रचलन छ । केटी माग्न जाँदा मङ्सिर, माघ र फागुनको पहिलो बुधबार पारेर दुईजना लमी पठाइन्छ । हिजोआज हिन्दू संस्कारको प्रभावमा परी उनीहरूले दसैँको टीकाको दिनसमेत लमी पठाउन थालेका छन् । लमी पठाउनुभन्दा पहिले गाउँका बूढापाका बोलाई सगुन राखी फलाना गाउँको फलानाकी छोरी माग्न जानुपर्‍यो, नाता साइनोले बाधा पर्छ कि पर्दैन भनेर सोध्ने गरिन्छ । अनि बूढापाकाले नातामा बाधा पर्छ/पर्दैन निर्क्योल गर्छन् । बाधा नपर्ने ठहर भएपछि मात्र लमी पठाइन्छ । लमी भरसक केटीतर्फ पनि राम्रो सम्बन्ध भएको र यस्तो विषयको ज्ञाता साइनोमा काका, मामा, दाजु पर्नेलाई पठाइन्छ । लमीको साथमा एक कुलिन (जाँड, रक्सी राखिने माटाको भाँडो) जाँड वा रक्सी, एक पेरूङ्गो माछा पनि अनिवार्य पठाइन्छ ।

लमी केटीको घरमा पुगेपछि छोरी माग्न आएको जानकारी गराइन्छ । केटी पक्षले पनि नाता साइनो केलाएर आएको हो कि होइन भनेर सोध्छन् । लमीले आफ्नोतर्फबाट नाता साइनो केलाएर आएको जानकारी गराएपछि केटी पक्षले केटी दिने इच्छा छैन भने खासै खोजिनिती गर्दैन । यदि दिने इच्छा छ भने गाउँका बूढापाका, केटीको काका, काकी सबैलाई बोलाइ कुटुम्ब आएको जानकारी गराइन्छ । सबै जम्मा भएपछि लमीले आफूले ल्याएको सगुन केटीको आमाबाबुलाई टक्र्याउँछन् । पहिले कुलपितृ, देवीदेवता र भूतप्रेतलाई सगुन चढाइन्छ र सबैले प्रसादका रूपमा खान्छन् । त्यसपछि कुरो छिन्ने दिनको निधो गरी लमीलाई बिदा गरिन्छ । घर फर्केपछि लमीले 'गुलियो वचन पाइयो' भनेर केटाको घरमा भएका सबैलाई कुरा सुनाउँछन् ।

६.५.१.२ कुरा छिन्ने र ठेकी लगाउने

केटी दिने निधो गर्नुलाई कुरा छिन्ने भनिन्छ । कुरो छिन्न पनि बुधबारै पारेर लमी सगुनको लिएर जान्छन् । केटी दिने निधो गरिसकेपछि ठेकी लाउने, कोसेली, रीतभात, गरगहना र चाहिने सम्पूर्ण कुराको निधो यसै समयमा गरिन्छ । सोहीअनुरूप केटी पक्षले माग गरेको कोसेली र सामान लिएर भरियासहित लमी *बर्छो* (फलामबाट बनेको भालाजस्तै देखिने हतियार) टेकेर, फेटा बाँधेर, बुधबारकै दिन पारी पुनः केटीको घर पुग्छन् । यसलाई ठेकी लाउने, अठोट लगाउने वा *सोधछाङ्ग्रा* बुझाउने पनि भनिन्छ । यसो गरिसकेपछि विवाह पक्काजस्तै हुन्छ । त्यसैले कुनैकुनै ठाउँमा *ठेकी* लगाइसकेपछि केटी अर्कैसित पोइल गए जारी पाउने, मरे क्रिया गर्नुपर्ने र जुठोसमेत सर्छ भन्ने मान्यता पाइन्छ ।

६.५.१.३ जन्ती जाने

ठेकी लगाइसकेपछि केटा तथा केटी पक्षको सल्लाहअनुसार जन्ती तथा बाजागाजाको सङ्ख्या निर्धारण गरिन्छ । माझीको विवाहमा जन्तीको सङ्ख्या ८, १२, ० र २० पार्नुहुँदैन भन्ने मान्यता रहेको छ । विवाहमा सोमबार पाहुना आउने, मङ्गलबार जन्ती जाने, बुधबार बेहुली ल्याउने र बिहीबार दुलान फर्काउने चलन छ । पहिले-पहिले जन्तीका साथमा बेहुला जाँदैनथे । जन्तीले नै बेहुली लिएर आउने गर्थ्यो । तर, अहिले जन्तीसँग बेहुला पनि जाने गर्छन् । जन्तीमध्येको एकजनालाई लमी वा मूल जन्ती बनाइन्छ । जसलाई माझी भाषामा *अघउरे* भनिन्छ । अघउरेले सेतो फेटा बाँधेर अनिवार्य *बर्छो* टेक्नुपर्छ । माझी परम्पराअनुसार विधुरलाई अघउरे बनाउनुहुँदैन । जन्तीमध्ये अघउरे सर्वेसर्वा हुन्छ । सम्पूर्ण कुराको खटनपटन अघउरेले गर्छ । *अघउरे*को साथमा एउटी कन्या केटी र अर्की विवाहित गरी दुई *मडेउली* हुन्छन् । *मडेउली*को पोसाकमा एउटीलाई रातो र अर्कीलाई सेतो पछ्यौरा छड्के पारेर ओढाइन्छ । *अघउरे*को हातमा *बर्छो*, *मडेउली*को हातमा तेल भएको काठका स-साना ठेकी तथा जन्तीले खुँडा, तरवार, बन्दुक बोक्ने चलन अहिलेसम्म पाइन्छ । यी हतियारहरू बेहुलीको सुरक्षाका लागि बोक्ने गरेको बताइन्छ । जन्ती जाँदा सबैभन्दा अगाडि दमाई त्यसपछि क्रमशः *अघउरे*, *मडेउली* र जन्तीहरू लाइनबद्ध भएर हिँड्नुपर्छ ।

बेहुलाको घरबाट जन्ती अन्माएपछि नजिकै भान्सेभान्सेनीले बाटो छेकेर सालको

पातको दुनामा जाँडको सगुन दिन्छन् । सबै जन्तीले त्यो सगुन उभिएरै खानुपर्छ । *अघउरे*ले घरबाट कुलपितृ, देवीदेवता, बखानेर जप गरेर अछेता बोकेको हुन्छ । बाटोमा पर्ने देवीदेवता, देउरालीमा त्यो अछेता र दमाईले बाजा बजाउँदै चढाउँछन् र बन्दुक पनि पड्काउँछन् । यसो गर्नाले कुनै अनिष्ट नहुने र सोचेअनुसारको पुग्ने विश्वास रहेको छ । बेहुलीको घरमा पुगेपछि जन्तीलाई केही समय बस्नका लागि खुला ठाउँमा पराल, गुन्द्री, ओछ्याइदिन्छन् । त्यही ठाउँमा *अघउरे*ले आफ्नो छेउमै *बर्छा* ठाडो पारी गाडेर राख्छ । बर्छावरिपरि तेलको ठेकी, खुँडा, तरवार, बन्दुक, छाता राख्छन् ।

६.५.१.४ सगुन खुवाउने र पर्सिने

सगुनका रूपमा जन्तीले आफ्नो साथमा चामलको एक घ्याम्पा जाँड, सिन्की र माछासमेत ल्याएका हुन्छन् । माछा र सिन्कीको सितन बनाएर सबैभन्दा पहिले बर्छा गाडेको ठाउँमा जाँड र सितन चढाइन्छ । त्यसपछि क्रमशः *अघउरे, मडेउली* केटी पक्षका बूढापाका, जन्ती र उपस्थित सबैलाई जाँड र सितन बाँडिन्छ । यो जाँडको घ्याम्पालाई *सगुन* भनिन्छ । सगुनदेखि लिएर हरेक खानेकुरा खाँदा अघउरेले नखाई अरूले खानुहुँदैन र खाँदैनन् । सगुन खाइसकेपछि केटी पक्षले जन्ती पर्सिन्छन् । यसलाई भित्र्याउने पनि भनिन्छन् । जन्ती पर्सिंदा केटी पक्षका महिलाहरू 'आओ जन्ती हो, आँगनमा दिउँला बास' भन्नेखालका गीत गाउँदै भित्रबाट बाहिर आउँछन् । यो गीतलाई मौलेनी पनि भनिन्छ । त्यसैगरी पुरूषले ५ वा ७ ओटा कलशमा पानी, त्यत्ति नै सङ्ख्यामा विशेषकिसिमले गाँसेको टपरीमा राखिएको अछेताले जन्तीहरूलाई पर्सिन्छन् । त्यही अछेताले *अघउरे, मडेउली* र जन्तीलाई टीका लगाइदिनुपर्छ । अहिले जन्तीसँग बेहुलो जाने चलन भएकाले आँगनमा कपडाले बेरेको पिर्का राखेर बेहुलाको गोडा धुने चलन छ । पर्सिंदा अघउरेको हातमा भएको *बर्छा, मडेउली*को हातमा भएको तेलको ठेकी र जन्तीको हातमा भएको खुँडा, तरवार र बन्दुकसहित घरभित्र अटेसम्मका जन्ती भित्र्याइन्छ । भित्र्याएको *बर्छा*लाई जतनसाथ ठाडो पारेर राखिन्छ ।

जन्ती पर्सिने वा भित्र्याउने काम भएपछि दुलान फर्काउँदासम्म जन्ती वा अन्य पाहुनालाई सगुन वा कुनै खानेकुरा दिंदा पहिले एउटा सालको पात ओछ्याउने, पातमाथि सगुन वा कुनै खाने कुराको भाँडो राख्ने, त्यसमाथि अर्को एउटा सालको पातले छोपेर दिने गरिन्छ । सबैको भाग आएपछि छोपेको पात हटाएर सबैले खान्छन् । बेलुका खानपिनपछि खास विधिविधान हुँदैन । रातभरि नाचगान

गरी रात बिताइन्छ । भोलिपल्ट बिहान सबेरै शुद्ध चामलको जाँड, मासु र अन्य खानेकुरा जन्तीलाई सगुनका रूपमा दिने गरिन्छ । यस सगुनलाई *खुट्का* भनिन्छ ।

६.५.१.५ साइमुन्द्री बुझाउने र बेहुली अन्माउने

माझी समाजमा साइमुन्द्री बुझाउनुलाई विवाहको मूख्य विधि मानिन्छ किनकि साइमुन्द्री बुझाइसकेपछि जन्तीतर्फको अप्ठ्यारो काम सकिन्छ । कन्यादान दिने समयमा गरिने सम्पूर्ण विधिप्रक्रियालाई माझीहरू *साइमुन्द्री* बुझाउने भन्ने गर्छन् । साइमुन्द्री बुझाउँदा अघउरे, मडेउली र विधिप्रक्रिया जानेका केही जन्तीलाई भित्र बोलाइन्छ । बेहुलीतर्फका बाबुआमा, बाजेबज्यै, काकाकाकी, मामामाइजू, दाजुभाउजूलगायत केटीले साइनोले मान्नुपर्ने सबै र गाउँका *मिझार, गौरूङ, अडै, दलाली, जेठबुडा,* बूढापाकालाई पनि भित्र बोलाउँछन् । केटी पक्षले भनेबमोजिम ल्याइएका गरगहना, कोसेली र लत्ताकपडा सबैको सामुन्ने नाङ्लो, थाल, दुनामा अघउरेले राख्छन् । अनि केटी पक्षले भनेबमोजिम छ छैन भनेर जाँच गर्छन् । गहना राख्नुभन्दा पहिले केटा र केटी दुवै पक्षबाट एउटा कुलिनमा चामलको जाँड वा रक्सी एक *पेरूङ्गो* माछासहित नातो बाँधेर राखिएको हुन्छ ।

गरगहना र सगुन राखिसकेपछि बेहुला बेहुली दुवै पक्षको धर्म अक्षर अथवा *बागदन्त/बागदान* भन्ने गरिन्छ । बेहुलातर्फ अघउरे वा उसको अनुरोधमा कुनै बूढापाकाले र बेहुलीतर्फ केटीको बुबाले वा उसको अनुरोधमा जानेको बूढापाकाले नै धर्म अक्षर वा बागदन्त भन्ने गर्छन् । *धर्मअक्षर* वास्तवमा दुवै पक्षले एक–अर्काको सम्मान र स्वीकारमा गरिने शब्दवाचन हो (*धर्मअक्षर*को नमुनाका लागि हेर्नुहोस् अनुसूची १) । *बागदन्त* वा *धर्मअक्षर* भनिसकेपछि सगुन, प्रसाद कुलपितृलाई चढाएर त्यहाँ राखेको जाँड, माछा सबैलाई बाँडिन्छ । यसरी कन्यादान गरिसकेपछि बेहुली अन्माइन्छ । बेहुलीलाई डोलीमा बोक्ने चलन छैन । घरबाट निकाल्दा पहिले दाजुले बोक्नुपर्छ । दाजु नभए नजिकको दाजु पर्नेले बोक्ने चलन छ ।

दुलही अन्माएपछि घरबाट केही पर भान्सेभान्सेनीले एउटा कपडा ओछ्याएर बाटो छेक्ने चलन छ । त्यो कपडामा अघइरेले तमाखु, सुर्ती, चुरोट, बिँडी र केही भेटी राखिदिएपछि भान्सेनीले सगुनका रूपमा सालको पातको दुनामा जाँड दिन्छन् । जन्तीले उभिएरै त्यो सगुन खान्छन् र दाजुले बोकेकी बेहुलीलाई यहाँबाट जन्तीले बोकेर हिँड्छन् । बेहुली अन्माएको केहीबेरपछि केटी पक्षले *लोकन्ते* पनि पठाउँछन् ।

लोकन्ते एकजना पुरूष र एकजना महिला हुन्छन् । लोकन्ते पाहुना भरसक बेहुलीको दाजु, आमा, सानीआमा, काकाकाकी वा फुपू हुनुपर्छ । यी पाहुनाले एक घ्याम्पा जाँड र मासुको सितन कोसेलीस्वरूप ल्याएका हुन्छन् । ठाउँठाउँमा देवीदेवता, देउरालीलाई अघइरेले अछेता, भेटी चढाउँदै, दमाईले बाजा बजाउँदै, ध्वजा चढाउँदै बाटोभरि नाचगान गर्दै उनीहरू घर पुग्छन् । जन्ती घरमा पुग्नासाथ घरभित्र पस्नुहुँदैन । जन्ती भित्र्याए वा पर्छेपछि मात्र पस्नुपर्छ । त्यसैले भित्र्याउने काम तयार नहोउन्जेल बाहिर खुलाठाउँमा बसेर जन्तीहरू सगुन खाँदै नाचगान गर्छन् ।

६.५.१.६ बेहुली भित्र्याउने

घरमा आएर जन्ती पर्छिसकेपछि बेहुली भित्र्याउने प्रक्रिया सुरू हुन्छ । बेहुली भित्र्याउँदा अघइरे, बेहुला र सबै जन्ती आ-आफ्ना सबै सामान लिएर आँगनमा आउँछन् । घरको बलेसीमा एउटा काठको पिरा राख्छन् । त्यही पिरामा बेहुलीले सासूको खट्टा धुनुपर्छ । सासूले बेहुलीलाई अँगालो हालेर घरभित्र लैजान्छिन् र रेखी हालेर धोपेको गुन्द्रीमा राख्छिन् । बेहुली भित्र्याइसकेपछि *फुलौरा* उछार्ने काम गरिन्छ । यो काम गर्दा बेहुलाको आमाले बेहुला र बेहुलीलाई फूल, अछेता, दुबोले टाउको, कुम, घुँडा र खुट्टामा छुवाएर दायाँ हातको बायाँ खुट्टाले र बायाँ हातको दायाँ खुट्टाले थिचेर राख्छन् । यो क्रम तीनपटकसम्म गर्नुपर्छ । लोकन्ते पाहुना आउने बेहुलीको आमा, सानिमा, काकी वा फुपूले फापरको पिठोको घ्यु-तेलमा डल्लाडल्ला पारेर पकाएका फुलौरा खुट्टा, घुँडा, कुम र टाउकामा छुवाएर आफ्नो टाउकोपछाडि फ्याँक्छन् । यसलाई *फुलौरा* उछारेको भन्ने चलन छ ।

६.५.१.७ सिन्दूर हाल्ने र ठाउँ सार्ने

फुलौरा उछारेपछि सिन्दूर हालिन्छ । जग्गे बनाउने ठाउँमा दायाँ बेहुली र बायाँ बेहुला पारेर राखिन्छ र उनीहरूको अगाडि बत्ती बालेर दियो-कलश राखिन्छ । विवाहको विधि जान्ने बूढापाका वा बेहुलाको भाइले कर्दको टुप्पाले बेहुलाको मुठी पारेको दाहिने हत्केलामा सिन्दूर राखिदिन्छ र बेहुलाले बेहुलीको सिउँदोमा तीनपटक सिन्दूर र गलामा पोते लगाइदिन्छ ।

यसरी सिन्दूर हाल्दा छेउछाउमा बसेका जन्तीहरूले ठूलो स्वरमा 'विवाह भयो, लगन भयो' भन्छन् । त्यसैगरी बेहुलीले पनि बेहुलालाई सिउँदोमा तीनपटक सिन्दूर हालिदिन्छन् । सिन्दूर हालेपछि बेहुलीलाई पलैंटी मारेर बसाएर दुवै हातले

खुट्टाको बूढीऔँला समाउन लगाउँछन् भने बेहुलाले बेहुलीको दुवै पाखुराबाट उचालेर आफू बसेको ठाउँमा राख्छ । यसलाई ठाउँ सार्ने भनिन्छ ।

माझीको विवाहमा बेहुलीलाई ठाउँ सारिसकेपछि जुठो खुवाउने चलन छ । यो काम गर्दा बेहुला-बेहुलीको अगाडि काँसको डबकामा जाँड र माछा राखिन्छ । बेहुलाले थोरैथोरै खाएर जुठो पारेपछि उसको भाग बेहुलीलाई खान दिन्छन् । जुठो खुवाएपछि बेहुला र बेहुलीको पछ्यौरा गाँठो पार्दै बूढापाकाले 'तिमीहरू आजदेखि लोग्नेस्वास्नी भयौ, एक-अर्काको हित चिताउनू, तिमीहरूको जोडी परेवा, चखेवाको जस्तो होओस्' जस्ता विभिन्न आशीर्वाद दिन्छन् । यस कामलाई लगनगाँठो पार्ने भनिन्छ । त्यसपछि लोकन्ते, पाहुना, निम्तालु सबैले बेहुला-बेहुलीलाई टीका लगाई आशीर्वाद र आफ्नो क्षमताअनुसारको दछिनासमेत दिन्छन् ।

६.५.१.८ सिन्दूर धुने र ढोगभेट गर्ने

सिन्दूर हालेको भोलिपल्ट बिहान घामको झुल्कोमा बेहुला, बेहुली, अघउरे, मडेउली, दमाई र जन्ती सबै नजिकको खोला वा कोसीमा सिन्दूर धुन जान्छन् । कोसीमा पुगेर बेहुलीको मडेउलीले र बेहुलाको जन्तीले सिन्दूर धोइदिन्छन् । यो लगनको सिन्दूर नधोए 'बोक्साबोक्सीले त्यो सिन्दूर भेट्यो भने बहुलाउने बनाइदिने र दुलहा-दुलहीको विछोड गराइदिन्छ' भन्ने विश्वास रहेको छ । सिन्दूर धोएर आएपछि बेहुला अघिअघि बेहुली पछिपछि लागी आफूले मान्नुपर्ने मान्यजनलाई ढोग्छन् । अघउरे र मडेउलीले राम्रोसँग नाता लगाउन सिकाउनुपर्छ । ढोगभेट सकिएपछि बेहुलीले छानेको जाँड सगुनका रूपमा सबैले खान्छन् । त्यसबेला बेहुलीको जाँड छान्ने, दिने र सत्कार गर्ने कुराको परीक्षण हुन्छ । यो काम सकेपछि खाना खाएर दुलान फर्काउन जान्छन् । दुलान फर्काउँदा बेहुला, बेहुली, अघइरे, मडेउली र आवश्यकताअनुसार कोसेली बोक्ने भरिया जान्छन् ।

६.५.१.९ दुलान फर्काउने

दुलान फर्काउँदा *सरखारे*, बटुवा, सम्धिनी कोसेली, मावली बुझाउने र पोका लिएर जानुपर्छ । सरखारे भन्नाले ठूलो घ्याम्पामा एक घ्याम्पा जाँड, एउटा सोलीमा बाह्र बीस (२४०) रोटी, बिहेमा काटेको राँगाको दाहिने साँप्रोसहितको कोसेलीलाई बुझाउँछ भने बटुवाले पनि ठिक्कको घ्याम्पामा एक घ्याम्पा जाँड, सानो सोलीमा एक सोली रोटी र भुटेको एक टपरी मासुलाई जनाउँछ । त्यसैगरी

सम्धिनी कोसेली भनेर एक घ्याम्पा जाँड, एक डालो सेलरोटी, घाँटी नछिनाई काटेको कुखुराको आन्द्रा सफा गरेर पुनः भित्रै राखी तेलबेसारमा लतपत पारेको वा साधारण पकाएको सग्लै पोथी कुखुरा, दुईवटा ठुल्ठूला *बाबर*[१७] र सेलरोटी लैजानुपर्छ । मावली बुझाउने भनेर एक कुलिन जाँड, रोटी, मासु, *सितन* र एउटा साँप्रो मावलीका लागि लैजानुपर्छ भने पोकाका रूपमा गाउँघरका दाजुभाइ, इस्टमित्र सबैलाई एक टपरी रोटी पठाउनुपर्छ ।

दुलान फर्काउँदा लगिएको *सरखारे*, बटुवा र सम्धिनी कोसेली तोकिएबमोजिम छ छैन भनेर जाँच गरिन्छ । त्यसरी जाँच गर्दा कम, बेसी वा तलमाथि भयो भने अघइरेले भनाइ खानुपर्छ । त्यसैले यो कोसेली पठाउँदा सावधानी अपनाइन्छ । यदि कोसेली राम्रो वा स्तरीय भयो भने कुटुम्ब राम्रो भन्ने अर्थमा लिइन्छ । लगिएका कोसेली नबुझाउन्जेल बेहुला पक्षकालाई केही पनि खान दिइँदैन । बुझाइसकेपछि सगुनका रूपमा जाँड, मासु, रोटी खान दिइन्छ । त्यसपछि बेहुली अघिअघि बेहुला पछिपछि के-के नाता साइनो पर्ने सो केलाएर सबैलाई ढोग्दै जान्छन् । यो ढोगभेट बेहुली पक्षका कोको, केके नाता पर्ने रहेछन् भन्ने कुरा बेहुलाले थाहा पाउने अवसर हो । त्यस दिनको भोज बिहेघरबाहेक अरू दाजुभाइ र गाउँले मिलेर बिहेमा आएका पाहुना र दुलान फर्काउन आएका पाहुनालाई खुवाउँछन् । जसलाई पाहुना खुवाउने भनिन्छ । यो भोज खुवाउँदा जन्तीलाई जस्तै ठूलो मानसम्मान दिइन्छ र रमाइलो, ठट्टचौली गरेर खाने, खुवाउने गरिन्छ । पाहुना खुवाउँदा लागेको खर्च सबै गाउँलेले बेहोर्छन् ।

पाहुना खुवाउने भोज सकेपछि बेलुकातिर बेहुलाबेहुलीलगायत दुलान फर्काउन आएका सबै पाहुनालाई बिदा गरिन्छ । बिदा गर्दा जुन-जुन भाँडामा जे-जे कोसेली ल्याइएको थियो सबै भाँडामा सके नयाँ तयार गरेर नभए पुरानो केही बाँकी राखेर पठाउनुपर्छ । यसरी पठाएको कोसेलीलाई भाँडा लगाएको भनिन्छ । भाँडा लगाएर पठाएको कोसेली गाउँका बूढापाका भान्से-भान्सेनीलाई खान दिइन्छ । घरमा पुगेपछि *अघउरे*लगायत सबैले आफ्नो नाता साइनोअनुसार ढोगभेट गर्छन् । भोलिपल्ट बेलुका भान्से-भान्सेनी बिदा गर्ने चलन छ । घरमूली र गाउँका बूढापाकाले भान्से-भान्सेनीलाई विवाह सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा धन्यवाद र आशीर्वाद दिन्छन् । त्यसपछि भान्से-भान्सेनीले उठेर

---

१७. पिठो घोलेर तेल-घिउमा पकाएको विशेषप्रकारको रोटीलाई माझीहरू बाबर वा बाब्रो भन्ने गर्छन् ।

आफ्नो नाता साइनोअनुसार ढोगभेट गर्छन् र खानपिन गरी सबै बिदा हुन्छन् । यसरी भान्से बिदा गरिसकेपछि विवाह सकिएको मानिन्छ ।

६.५.२ ढोगभेट फुकाउने वा सम्धिनी जोडाउने

विवाहपछि नयाँ सम्धी र सम्धिनीबीच ढोगभेट फुकाउने वा सम्धिनी जोडाउने चलन माझी समाजमा छ । यो समाजमा ढोगभेट नफुकाई वा सम्धिनी नजोडी बाटोघाटो कहीँ कतै सम्धी, सम्धिनी भेट भएमा पनि बोलचाल गर्नुहुँदैन भन्ने मान्यता रहेको छ । ढोगभेट फुकाउँदा बेहुला पक्षकाले बेहुली पक्षकालाई निम्तो गर्छन् । यस्तो निम्ताका रूपमा जन्ती जाँदा नै 'सम्धिनी निम्तो' भनेर सग्लो सुपारी दिने गरिन्छ । ढोगभेट फुकाउने काम विशेषगरी *लदीपूजा*मा गरिन्छ ।

ढोगभेट फुकाउन जाँदा पनि कोसेली र सगुनका रूपमा जाँड, रक्सी, माछा लिएर जानुपर्छ । ढोगभेट फुकाउने क्रममा गुन्द्रीमाथि राडी, तन्ना ओछ्याएर बीचमा पर्दा राखी दुइटी सम्धिनी दुईतिर घुँडा टेकेर बस्छन् । दुवैतर्फ टपरीमा दियो, कलशसहित एक–एक माना चामल, एउटा दुनामा मोहर (पैसा), एक बोतल रक्सी वा निघार, माछा र दही चामल मुछेको अछेता राखिन्छ । त्यसैगरी सँगै अर्को टपरीमा बेहुला पक्षको एउटा सारी र चोलो तथा बेहुली पक्षको एउटा सारी पनि राखिएको हुन्छ । एक–एकवटा कचौरामा सगुनका रूपमा रक्सी वा निघार पनि राखिएको हुन्छ । टपरीमा राखिएको सगुनलाई तीनपटकसम्म एक–अर्कामा ओहोरदोहोर गराई दुवै सम्धिनीले एक–अर्कालाई पर्दामुनिबाट हात छिराएर अनुहार नहेरीकन टीका लगाइदिन्छन् । त्यसपछि कचौराको सगुन खाएपछि बीचको पर्दा हटाइन्छ ।

त्यसपछि एकातर्फ बेहुला र उसका बाबुआमा तथा अर्कोतर्फ बेहुली र उसका बाबुआमालाई राखिन्छ । उपस्थित बूढापाकाले 'आजदेखि तिमीहरू सम्धीसम्धिनी भयौ, दुई घरको एक घर भयौ, दुइटा ढुङ्ग्राको रगत एउटै ढुङ्ग्रामा भयो, बाटोघाटो हाटबजार कहीँ कतै भेटघाट हुँदा नबोली, ढोगभेट नगरी नहिँड्नू, आजदेखि तिमीहरूको ढोगभेट फुक्यो ।' भनेर आशिष दिँदै अछेताको टीका र माछाको फुल लगाइदिन्छन् । पहिले दुई सम्धिनीहरूले र त्यसपछि सबै सम्धीसम्धिनी पालैपालो हातमा मजेत्रो, तौलिया या रूमाल लिई निहुरिएर तीनपटकसम्म एक–अर्कालाई नमस्कार गर्छन् । यसलाई ढोगभेट फुकाएको, सम्धीसम्ध्याइलो गरेको वा सम्धिनी जोडाएको भनिन्छ । ढोगभेट सकेपछि दुवैतर्फका सम्धीसम्धिनी र उपस्थित सबै बसेर सगुन खान्छन् ।

६.५.३ आशिष सेवा पठाउने

त्यसैगरी माझी समुदायमा विवाहमा जन्ती जाँदा, दुलान फर्काउँदा र विवाहपछि पनि आशिष सेवा पठाउने प्रचलन छ । आशिष सेवा केटा पक्षले केटी पक्षलाई र केटी पक्षले केटा पक्षलाई मानसम्मान गरी लमी अथवा अघउरेमार्फत पठाउने खबर हो । यो खबर पठाउँदा केटा पक्षका गाउँका बूढापाकालाई बोलाइन्छ र लमीलाई अगाडि राखेर साइनोअनुसार जेठोलाई सेवा र कान्छोलाई आशिष भनेर सन्देशका रूपमा पठाइन्छ । आशिष सेवा लिएर केटी पक्षको घरमा लमी पुगेपछि गाउँका बूढापाका, मिझार, गौरूङ, गन्यमान्य सबै बस्छन् र लमीले सबैको अगाडि हात जोडेर आशिष सेवा सुनाउँछ । केटापक्षको आशिष सेवा ग्रहण गरिसकेपछि केटी पक्षकाले पनि सोही आसयको आशिष सेवा लमीमार्फत पठाउँछन् ।

विवाहपछि नवदम्पती बाबुआमा र परिवारका अन्य सदस्यसित सँगै बस्छन् । बच्चाबच्ची जन्मेपछि भने सल्लाहबमोजिमै छुट्टै बस्ने चलन छ । यसरी छुट्टिँदा समाजका *मझे* (मिझार) तथा भद्रभलाद्मीको रोहबरमा अङ्शबन्डा गरी आफ्नो अङ्श लिएर छुट्टिन्छन् ।

६.६ मृत्युसंस्कार

माझी जातिमा मानिस मरेपछि अपनाउने मृत्यसंस्कार पनि आफ्नै किसिमको छ । ठाउँअनुसार माझीको मृत्युसंस्कारमा केही भिन्नता पाइन्छन् । सुनकोसी र तामाकोसीआसपासका माझी, इन्द्रावती र सुनकोसीगड्तीरका, सिन्धुपाल्चोक, काभ्रे र मकवानपुरका केही भागमा बस्ने माझी र तराई तथा भित्रीमधेसका माझीको मृत्युसंस्कारमा केही फरक पाइन्छ ।

६.६.१ दाहसंस्कार

माझी समाजमा कोही मर्दा जलाउने, गाड्ने र बगाउने गरिन्छ । धेरैजसो ठाउँमा लास जलाउने चलन भए पनि कन्या केटी र कुमार केटाको लास गाड्ने चलन छ भने दूधकोसीका माझीहरू लास बगाउने गर्छन् । तर, अहिले बगाउने चलन हट्दै गएको छ । मानिस मरेपछि गाउँघरका दाजुभाइ, इस्टमित्र, कुलकुटुम्ब सबैलाई खबर गर्छन् । सबै भेला भएपछि दुइटा बाँसको *पालङ्गी* बनाएर सेतो कपडा (कात्रो) ले पूरै शरीर बेरी *पालङ्गी*माथि तीन ठाउँमा बाँधेर लास घाट लगिन्छ । सिन्धुपाल्चोक र सुनसरीका माझीहरू भने लासको छातीमा एक माना

चामल पोका पारेर राखिदिन्छन् । लास उठाउँदा सम्भव भएमा पहिले छोराहरूले बोक्नुपर्छ नभए भतिजा र गाउँलेले बोक्छन् । लासको अघिअघि एकजनाले भुटेको धानको लावा र केही चानचुन पैसा छर्दै हिँड्छ । यसलाई बाटो लिने भनिन्छ । बाटो लिने घाटमा लास राख्ने उपयुक्त ठाउँमा पुगेपछि मात्र रोकिन्छ । त्यतिबेलासम्म मलामीहरू कसैले पनि मरेको मानिसको घरतिर फर्केर हेर्न हुँदैन । यदि हेऱ्यो भने अशुभ हुन्छ र फेरि अर्को मान्छे मर्छ भन्ने विश्वास यस समुदायमा रहेको छ ।

लास प्रायः जलाइने भएकाले सबै मलामीले दाउरा बोकेर आउँछन् । मलामीले ल्याएको दाउराको साततले चिता बनाएर चिताको चार सुर र सिरानीमा एक–एकवटा पैसा राखिन्छ । त्यसलाई घडेरी निखनेको भन्ने चलन छ । चितामा सक्नेले धेरै नसक्नेले थोरै भए पनि श्रीखण्ड र कपुर हाल्छन् । त्यसपछि काँचो धागोले चितालाई तीनफन्का बेरेर जौ, तिल पनि छर्ने गरिन्छ । चितामा राख्नुअघि लासको सबै औँलाको नङ र कपालको केश पनि काटिदिनुपर्छ र तीनफन्का घुमाएर चितामा राख्नुपर्छ । मुख धोई श्रीखण्ड घोटेर तीनपटक लासलाई टीका लगाइदिने गरिन्छ ।

त्यसपछि मर्नेको जेठो छोराबाट मुखमा एउटा पैसा, एक टुक्रा सुन राखेर बलेको बत्तीले मुखमा दागबत्ती दिने काम हुन्छ । दागबत्ती दिने छोरा नभए भतिजा वा अन्य नजिकको व्यक्तिले दिने चलन छ, तर बाबुआमा दुवै हुनेले दागबत्ती दिनुहुँदैन । दागबत्ती दिनुअघि सबै मलामीले एक–एक अन्जुली पानी, एकमुठी माटो, एउटा दाउरा लासमाथि चढाउँछन् । जिउनी वा जेकका रूपमा कात्रोको एकटुक्रा च्यातेर राखिन्छ । अनि त्यसलगत्तै छोराले हातमा पुल्ठो बोकेर तीनफन्का घुमेर लासमा आगो लगाइदिन्छ । दागबत्ती नदिँदासम्म माझीबाहेक अन्य जातिलाई लास छुन या बोक्न दिइँदैन ।

मलामीको सङ्ख्या धूप दिनेसमेत गरी ८, १२ र २० पर्नुहुँदैन । माझीमा यी अङ्कहरूलाई अशुभ मानिन्छ । दाहसंस्कार सकेपछि फर्केर आउँदा बाटामा किरियापुत्री र मलामी सबैले लगाएको लुगा नफुकाली नुहाउनुपर्छ । घरपरिवारका र गाउँका जुठो लाग्ने, नुन बार्ने, छाक छाड्नुपर्नेले पनि नुहाउँछन् । मलामी गएकाबाहेक घरबाट अरू दुईजनाले सालको धूप र आगो लिएर धूप दिन आउँछन् । तिनीहरूले मलामी आउने बाटामा आगो बालेर सालको धूप छेउमा राखिदिएका हुन्छन् । मलामीले त्यो सालको धूप आगोमा हालेर धूपको धूवाँ

लिन्छन् र नजिकै बाटोमा बयरको काँडा उल्टो फर्काएर ढुङ्गाले थिचेर राख्छन् । मृतात्मा त्यो काँडा नाघेर आउँदैन भन्ने जनविश्वास माझी समाजमा छ । फर्कंदा बाटोमा मलामीहरूबीच सल्लाह गरी शुद्धाइ (चोखिने दिन) को निधो पनि गर्छन् ।

घरमा पुगेपछि मलामीलाई सुनपानी छर्केर चोख्याउने गरिन्छ । किरियापुत्री, मलामी र नुन बार्ने सबैले एक-एक छाक भात खाँदैनन् । यसलाई छाक छाड्ने वा छाक खल्को गर्ने भनिन्छ । सोही दिन बेलुका नाङ्लामा खरानी चालेर डोकोले छोपेर सुरक्षित ठाउँमा राख्ने गरिन्छ । खरानीसँगै एउटा सानो भाँडामा पानी पनि राखिन्छ र पानी खान आउँदा खरानीमा कुनै जनावर वा पक्षीको खुट्टापैतालाको छाप देखिन्छ । भोलिपल्ट बिहान जुन जनावरको छाप देखिन्छ, मृतकले त्यही जनावर वा पक्षीको जुनी लिएछ भन्ने विश्वास गर्छन् माझीहरू ।

६.६.२ किरियापुत्री बस्ने

रामेछापका माझीहरूमा मृतकका सबै छोराहरू किरियापुत्री बस्छन् । छोरा नभएमा भने दागबत्ती दिने व्यक्ति नै बस्ने गर्छ । मधेसका माझीहरूमा भने मृतकको जेठो छोरो किरिया बस्छ । यदि जेठो छोरा छैन भने कुनै एक भाइमात्र बस्छ ।

तस्बिर-११ः मृत्यु संस्कार गर्दै माझीहरू

छोराहरू नभएमा दागबत्ती दिने व्यक्ति बस्ने चलन छ । किरियापुत्री बस्नका लागि कतै सिबाँलीको हाँगा ठड्याएर पराल ओछ्याइदिन्छन् भने कतै घरभित्र नै माछा मार्ने जालले वरिपरि घेरेर कुरी बनाइदिन्छन् । त्यसैले किरियापुत्री बस्नुलाई कोरा या कुरी बस्ने भन्ने गरिन्छ । रामेछापमा किरियापुत्री बसेका छोराहरूले दैनिक परिवार पूरै जुठो बार्नेले चोखो गरी पकाएको एकछाक भात खान्छन् । सिन्धुपाल्चोकका माझीहरू मानिस मरेको भोलिपल्टदेखि खोलामा पिन्ड *(पोटरी)* दिने र खोलामै खाना पकाई खाएर घर फर्कन्छन् । यो क्रम नौ दिनसम्म लगातार चल्छ । नौ दिनका दिन गाउँका सबैले एक माना चामल ल्याइदिन्छन् । यसलाई विचार अथवा घोटो भनिन्छ । पिन्डका रूपमा भोर्ला वा केराको पातमा चामल पोको पारी पानीमा उसिनेर पकाएको पोटरी दिइन्छ । सिन्धुपाल्चोक र सुनसरीमा किरियापुत्रीले खोलामा एक माना चामल तामाको भाँडामा र तामाको भाँडो छैन भने अन्य भाँडामा तामाको एउटा टुक्रा राखेर भात पकाई एकछाक मात्र खान्छन् ।

किरियापुत्री, छोरा, बुहारी, छोरी (विवाहित वा अविवाहित) दाजुभाइले पूरा बार्नुपर्नेले पूरा र पूरै बार्नुनपर्नेले एक, तीन, पाँच र सात दिनसम्म र कसैले इच्छाअनुसार जुठो बार्छन् । जुठो बार्दा सबैले नुन, तेल, माछा, मासु खाँदैनन् । नौ दिनका दिन गाउँका प्रत्येक घरबाट एक घ्याम्पा जाँड, एक माना चामल, मृतक पुरूष भए एउटा भाले, महिला भए एउटा पोथी कुखुरा ल्याउने चलन छ । यसलाई घोटो भनिन्छ । यो एकप्रकारको मृतकको परिवारलाई गरिने सहयोग पनि हो । माझी जातिमा किरियापुत्रीले पनि जाँड खान हुन्छ । तर, किरियापुत्री बसेका व्यक्ति माझीबाहेक अरू जातजातिसँग बोल्दैनन् । कुनै पनि जनावर या पक्षीलाई छुँदैनन् र बाहिर कतै जाँदैनन् । यो क्रम चोखिने अघिल्लो दिनसम्म रहन्छ ।

माझीहरू मानिस मरेको भोलिपल्टदेखि बिहान बिहान धूप दिने गर्छन् । धूप दिँदा जाँड, माछा, पोटरी, दुनामा भुस, त्यसमाथि आगो राखी सालको धूप हाल्छन् । त्यहाँ लगेका सबै सामान चढाएपछि पानी चढाउँछन् । त्यसपछि खरानी, अङ्गार र पानीको रेखी हाली बाटो छेक्छन् वा काट्छन् । धूप दिने ठाउँ घरनजिकतिर सार्दैसार्दै ल्याउँछन् । चोखिने वा शुद्धाइको दिन धूप दिनु पर्दैन ।

६.६.३ चोखिने वा शुद्ध हुने (शुद्ध्याइ)

माझी समाजमा कुनै बच्चा भात खुवाइ नगर्दै मऱ्यो भने श्राद्ध गर्दैनन् । शुद्ध्याइमै श्राद्ध गर्नुनपर्ने गरी खोला वा कोसीमा सेलाइन्छ । चोखिने दिन सर्वप्रथम खोलामा गएर किरियापुत्रीको कपाल, दाह्री, जुँगा, परेला, आँखीभौँसमेत

खौरिनुपर्छ । कपाल काटेपछि किरियापुत्री, मलामी, जुठो लाग्ने सबैले तोरी पिँधेर वा तोरीको पिनाले अनिवार्य नुहाउनुपर्छ । नुहाइधुवाइ सकेपछि किरियापुत्रीले पिन्डका लागि खीर पकाउँछ । त्यो खीर अरूले चलाउनु वा छुनुहुँदैन । केराको पात ओछ्याएर त्यसमाथि खीरको एउटा ठूलो पिन्डसहित ११ र *रायो* (पितृको साथी) तर्फ एउटा राखिन्छ ।

पितृतर्फ राखिने ठूलो पिन्डलाई मूल पिन्ड मानिन्छ । त्यसपछि काँसको डाँठलाई धागोले बेरेर मानिसको स्वरूप बनाएको वस्तु मूल पिन्डमा गाडिन्छ । यिनै पिन्डमाथि माछा, मासु, मटेङ्ग्रा, गोलमाडी, चिउरा, केरा, साग र जाँड चढाएर त्यसमाथि पीपलको पातमा पानी राखेर पिन्डैपिच्छे पितृलाई दायाँ हातले र रायोलाई बायाँ हातले उल्टोपट्टिबाट घोप्ट्याएर चढाइन्छ । ती पिन्डमाथि पूरै जुठो बार्नेले बायाँ हातको कान्छी औँलाले जौ, तिल छोई औँलाको जौ, तिल एकैचोटि पखालिने गरी पानी खन्याउँछन् । पितृलाई चढाउनका लागि ल्याएका सामान सबै चढाएर पानीले सबैको हातको जौ, तिल पखालिने र चढाएको सामान सबै बगाउने गरी पानी खन्याइन्छ । चढाएका सबै सामग्री सोहोरेर खोलामा बगाइन्छ । यस कामलाई तिलमास लिएको भनिन्छ, यो नजिकको दाजुभाइले मात्र लिने गर्छन् । आमाबाबु दुवै भएकाले तिलमास लिनुहुँदैन । मधेसमा यसलाई *बुरबुरे* खसाउने भनिन्छ ।

खोलाको काम सकेपछि घरमा गएर पितृ स्थापना गरिन्छ । भुइँमा लिपपोत गरेर त्यसमाथि पिरा राखी पिरामाथि पातको टपरीमा महिला भए बुट्टे रङ्गीन र पुरूष भए सेतो कपडा पट्ट्याएर राखिन्छ । त्यसमाथि कात्रोको एक टुक्रा राखेर पोटरी, पानी, जाँड, माछा, मासु, केरा, चिउरा, गोलमाडी, दाल, भात, तरकारी र अन्य खानेकुरा चढाइन्छ । त्यसपछि मलामी र आएका पाहुनालाई गहुँत, तेल दिएर चोख्याइन्छ । मलामीलाई पनि दाल, भात, मासु, तरकारी र जाँड खुवाइन्छ । सबैले खाइसकेपछि पितृलाई चढाएको सबै सामान उठाइन्छ र छोरा, छोरी, बुहारी राखेर बूढापाका, मिझार, गौरूङले पाराङ्गे भन्छन् । पाराङ्गे नभनुन्जेलसम्म मृतकले 'म मरेछु भन्ने थाहा पाउँदैन' भन्ने माझीहरूमा जनविश्वास रहेको छ । पाराङ्गेमा खासगरी मृतक बिरामी भएदेखि मृत्यु, दाहसंस्कार, किरिया र चोखाउनेसम्मका सम्पूर्ण घटनाको वर्णन गरिएको हुन्छ । पाराङ्गेमा भनिने भाषाको नमुनाका लागि हेर्नुहोस् अनुसूची २ ।

पाराङ्गे भनिसकेपछि मृतकको छोरा, छोरी र बुहारीलाई दुःख बोकाउने चलन छ । दुःख बोकाउँदा उनीहरूलाई एकैठाउँमा राखेर बूढापाकाले श्राद्ध नहोउन्जेलसम्म खान, लाउन र गर्न नहुने कुराबारे सचेत गराउँछन् ।

विशेषगरी दुःख बोकेको बेला माझीहरू श्राद्ध नहोउन्जेलसम्म अरू जातले छोएको खाना, काँसको भाँडाको खाना, फापर र कोदाको ढिँडो, सिस्नो तथा कुनै एक जातको माछा, कुनै एक जातका मासु खाँदैनन् । त्यसैगरी हाटबजार, भीरपहरामा जान, नाचगान गर्न, बाजागाजा बजाउन, गीत गाउन, ठूला रूख चढ्न, ठूला नदी तर्न, दाह्री, जुँगा, कपाल काट्न, आमाको भए दूध, बुबाको भए दही खान र नयाँ लुगा लगाउन निषेध गरिएको हुन्छ । त्यसैले शुद्धयाइपछि श्राद्ध नगरून्जेलसम्म अन्य कुनै जातिले नछुने ठाउँमा घरभित्र टपरीमा एक माना चामल, चाटी (पितृ स्थापना गर्दाखेरी पुरूष भए सेतो र महिला भए बुट्टेदार विशेष किसिमले पट्टयाएको कपडा) र कलश राख्ने गरिन्छ । प्रत्येक दिन बिहान र बेलुका कलशको पानी फेरी खानेकुरा चढाएरमात्र आफूले खान्छन् ।

६.६.४ पूर्णिमा मान्ने

माझीहरू सोह्रश्राद्ध पूर्णिमा आएपछि बुधबार वा शुक्रबार पारेर मात्र सोह्रश्राद्ध पूर्णे मान्छन् । यो दिन बिहान घर लिपपोत गरी पितृको चाटी धोई सफा पारेर राख्छन् । गाउँका बूढापाका बोलाउँछन् । पितृलाई चढाउन र बूढापाका र पाहुनालाई खुवाउनका लागि राँगा, बाख्रा, कुखुरा काट्छन् । भुइँमा लिपपोत गरी पिरा ओछ्याई त्यसैमाथि चाटी राखी दाल, भात, तरकारी, माछा मासु, केरा, चिउरा, पोटरी पितृलाई चढाउँछन् । घरका महिलाले नुहाइधुवाइ गरी जाँड बनाउँछन् ।

त्यसपछि बूढापाकाले आजदेखि यो घरमा बाजागाजा बजाउनु, नाचगान गर्नु (पितृको नाममा श्राद्धको भाकामा ढोल, मादल, झ्याली बजाउन, श्राद्धकै भाकाको गीत गाउन) फुक्यो भन्छन् ।

बूढापाकाले ढोल मादल, झ्याली बजाएर पितृसम्बन्धी गीत गाउँछन् । पूर्णिमाको दिनदेखि पितृ थाल्ने दिनसम्म लगातार आफन्तहरू पितृलाई जाँड, बाबर, माछा, मासु केही सितन ल्याएर चढाउँछन् । गीत गाउन जान्नेहरू पितृसम्बन्धी विरहका गीत गाउँछन् । पूर्णिमा मनाउँदा पितृसम्बन्धी गाइने गीत यसप्रकारको हुन्छ :

बिहान गाउने गीत

उडिगयो भँगेरा बस्यो पाताल
जुगौँदेखि चलिआयो झ्याली मादल,
भँगेराले गुँडै लायो धरमभाटीमा
हाँसै उडी इन्द्रस पुग्यो जीउ भिज्यो माटीमा,
सानोसानो पैयुँको लाठी घुमायो घागीले
लाऊँलाऊँ बेला खाऊँखाऊँ बेला छुट्ट्यायो भावीले,
ढुङ्गा ल्यायो मुढा ल्यायो अरूनको छालैले
नबूढो भन्छ, नबालो भन्छ लैजान्छ कालैले,

बेलुका गाउने गीत

चैतेघाटको लामो डुङ्गा छोटो चरन
नाच्न आयौँ गाउन आयौँ पितृको शरण,
गोठालाले घाँसै काट्यो खोलाको खरूकी
रहरले गरेको होइन मर्नेको बरखी,
बत्ती बल्यो धिपीधिपी तोरीको तेलमा
यो घरको पितर आज त आउँछन् चढेर रेलमा,
फर्सी लाउनू चिचिन्डा लाउनू नलाउनू लौका त
यो घरको पितर आज त आउँछन् फूल दिउँला सौगात,

६.६.५ श्राद्ध

माझी जातिको मृतकको अन्तिम पितृकार्यलाई श्राद्ध भनिन्छ । रामेछापदेखि पूर्व र मधेसतर्फ सोह्रश्राद्धमा र सिन्धुपाल्चोक, काभ्रे र मकवानपुरका केही गाउँमा दसैँमा श्राद्ध गरिन्छ । मधेस र तराईतर्फका केही गाउँमा भने जहिले मानिस मर्‍यो त्यहीबेला श्राद्ध गर्ने चलन केही वर्षयता आएको छ । रामेछापको तामाकोसी र सुनकोसी गड्तीरमा तीन दिन श्राद्ध गरिन्छ । सोह्रश्राद्धको बेला मध्य बुधबार पारेर श्राद्ध थाल्छन्, बिहीबार पाल्छन् र शुक्रबार बगाउँछन् ।

श्राद्ध थाल्ने दिन पितृलाई चढाउनका लागि ताजा मासु नभइ नहुने भएकाले ठाउँअनुसार बिहानै राँगा, बाख्रा, सुँगुर जे सकिन्छ काट्ने चलन छ । आर्थिक अवस्था कमजोर हुनेले पनि एउटा कुखुरा अनिवार्य काट्नुपर्छ । श्राद्ध थाल्ने दिन किरियापुत्रीले कपाल काटी नुहाइधुवाइ गर्छ । पितृलाई चढाउनका लागि

केरा, चिउरा, *पोटरी* (चामल पातमा पोको पारेर पानीमा उसिनेर पकाएको भात), *गोलमाडी* (चामलको पिठोबाट बनाइएको पानीरोटी), माछा, मासु, साग, चोखो जाँड (जुन पूर्णेको दिन पकाइएको हुन्छ) र फलफूल चाहिन्छ । त्यसैगरी बाबरी र टोटलाको फूलको माला पनि अनिवार्य हुनुपर्छ । भुइँमा लिपपोत गरी लिपेको ठाउँमा पिरा राखी पिरामाथि पातमा नयाँ चाटी, जेक (पितृको अङ्शका रूपमा कात्रो च्याती राखेको सानो टुक्रा) राखेर पितृ स्थापना गरिन्छ । दायाँतर्फ पितृ र बायाँतर्फ *रायो* अथवा *राहु* (पितृको साथी) राखिन्छ । राहुलाई केराको पात ओछ्याएर स्थापना गरिन्छ । दुनामा चिउराको भुस, सालको धूप र आगो राखेर धूप दिने गरिन्छ ।

पितृ स्थापना गरिसकेपछि गाउँका बूढापाकाका साथै विधि जान्नेलाई बोलाइन्छ । बूढापाकाले पितृलाई हात जोडेर नमस्कार गरी पितृसँग बल माग्छन् । बल माग्दा 'तिम्रो नाममा बनाइएका प्रसाद सकेसम्म चोखोनितो गर्नेछौँ, तिमीलाई नचढाई खाने छैनौँ, कुनै चिज घटीबढी, तलमाथि भएमा हामीलाई माफ दिनू, भोलि तिमीलाई बोलाउन जान्छौँ, तिमी आउनू' भन्नेजस्ता बखान गरिने भएकाले यसलाई बखान्नु पनि भनिन्छ । बखानी सकेपछि पितृलाई एउटा भाँडामा पानी, एउटा डबकामा चोखो जाँड, पोटरीसहित पहिले किरियापुत्रीले चढाउँछन् । त्यसपछि दुःख बार्नेले र गाउँघरका सबैले आफ्ना घरबाट ल्याएका सामान चढाएपछि बूढापाकालाई सगुनका रूपमा जाँड, चिउरा, केरा, मासु, माछा, *गोलमाडी* खान दिइन्छ । यो अवसरमा बूढापाकाले मादल, ढोल, झ्याली बजाएर पितृसम्बन्धी गीत पनि गाउँछन् । पितृ थाल्ने दिन बाहिरबाट आएका पाहुना पितृ बगाएपछि मात्र जान्छन् । पितृ नबगाई आफ्नो घर जानुहुँदैन । बेलुका केटाकेटी, युवायुवती, बूढापाकाहरू आ-आफ्ना समूह बनाएर नाच्ने र गाउने गर्छन् ।

श्राद्धको दोस्रो दिनलाई पितृ पाल्ने दिन भनिन्छ । यो दिन पितृसम्बन्धी विभिन्न प्रकारका विधि गर्नुपर्ने भएकाले घरपरिवार, गाउँका बूढापाका, युवायुवती, भान्सेभान्सेनी सबै बिहानदेखि बेलुकासम्मै व्यस्त हुन्छन् । सुरुमा बाटो खन्ने भनेर बिहान सबेरै किरियापुत्रीसमेत दसदेखि बाह्रजना ढोल, मादल, झ्याली बजाएर कोदालो, खुकुरी, कोदाली, हँसिया बोकेर गीत गाउँदै, नाच्दै साधारण बाटो सफा गर्दै ठाउँठाउँमा पुल, साँघु बनाउँदै कोसीकिनारमा वा उपयुक्त ठाउँमा पितृ बोलाउने ठाउँ बनाउँछन् । बाटो खनेपछि पितृलाई आउन सजिलो हुन्छ भन्ने मान्यता रहेको छ । बाटो खन्ने काम सकेर घर आएपछि गाउँघरका सबैले पितृलाई चढाउने विभिन्न प्रकारका कपडा ल्याउँछन् । कपडालाई एकातिर मात्र

फुर्का वा छेउ निस्कनेगरी विशेष किसिमले पट्ट्याएर सुरक्षित ठाउँमा राखिन्छ ।

अर्कोतर्फ घरभित्रको भित्तामा पितृ स्थापनार्थ गोबर, सिमीको पात र अङ्गार दलेर छिप्ने ठाउँ बनाउँछन् । ओखलीमा कुटेको चोखो चामलको पिठोको बाक्लो लेदो र सिन्दूरमा तेल घोलेर बनाइएको लेदोबाट किरियापुत्री वा जान्ने बूढापाकाले माथि दायाँ र बायाँ चन्द्रसूर्य आकार बीचमा कतै लास बोकेको चित्र, रतुवा, कुकुर, सिकारी, एकखुट्टे भरिया बनाउँछन् भने कतै हात्ती, घोडा, गाडी, जहाजसमेत बनाउँछन् । यसलाई भित्ता छिपेको भनिन्छ । छिपेको आसपासमा स-साना बुट्टा बनाउने काम छोरीचेलीले गर्छन् । घर छिप्दा पनि गीत गाउने चलन छ । छिपेको ठाउँको तल छिपेको बुट्टा देखिनेगरी अमलाको काठको टाँड बनाएर मान्द्रोमाथि बिहान पट्ट्याएर राखेका कपडा राखिन्छ । यसलाई पितृको स्थान बनाएको भनिन्छ । यो कपडाको थुप्रोलाई मृतक पुरूष भए पुरूषको र महिला भए महिलाको कपडा लगाइदिएर वा बेरेर मानिसको आकार बनाइन्छ । त्यसको आसपासमा बाबरी र टोटलाको फूलले सजाइन्छ ।

६.६.६ पितृ बोलाउने

माझी समुदायको श्राद्धमा पितृ बोलाउने काम महत्वपूर्ण मानिन्छ । पितृ बोलाउँदा नयाँ नाङ्लोमा विशेष किसिमले पट्ट्याएको चाटीको बीचमा जेक (मर्दाखेरी प्रयोग गरेको कात्रोको सानो टुक्रा, जुन पितृ स्थापना गर्दा प्रयोग गरिन्छ) राखी दायाँ-बायाँ बाबरीको फूल र सिक्री, जन्तर अन्य गरगहना राखेर किरियापुत्रीले बोक्छ । अरूले ढोल, मादल, झ्याली बजाएर पितृ बोलाउने गीत गाउँदै पितृलाई चढाउने सबै सामान र चोखो जाँड लिएर महिला, पुरूष, केटाकेटी सबै एकैचोटि पितृ बोलाउने ठाउँ जान्छन् । दायाँपट्टि पितृ (चाटीसहितको नाङ्ले) बायाँपट्टि रायो अथवा राहुलाई केराको पात ओछ्याएर राखिन्छ । त्यसपछि सालको धूप हालेर पोटरी, चिउरा, केरा, मटेङ्ग्रा, मासु, माछा, पानी र जाँड चढाइन्छ ।

पितृलाई चढाइसकेपछि विधि गर्न जान्ने बूढापाकाले सबैलाई गाउन, बजाउन रोकी हात जोडेर 'तिमीलाई निम्तो गर्न आएका छौँ, तिमी जहाँ जे-जस्तो अवस्थामा भए पनि आऊ, बन्धनमा परेका छौ भने बन्धन खुस्काएर आऊ, ठाउँठाउँमा साँघु, पुल थापी नदीनाला तरेर आऊ, ठाउँठाउँमा थान बनाएर आऊ, तिमीलाई भारी निम्तो छ, तिम्रो नाममा यो काममा इस्टमित्र, कुलकुटुम्ब, नातागोता धेरै आएका छन्' भन्दै पितृलाई बोलाउँछन् । यसलाई बखानेको वा

पितृसँग बल मागेको पनि भन्ने गरिन्छ । यसपछि सबैले पितृलाई झुकेर नमस्कार गर्छन् र नाङ्लोको चाटी बोकेर किरियापुत्री अघिअघि अरू मादल, ढोल, झ्याली बजाउँदै पितृ बोलाउने गीत गाउँदै घर पुग्छन् । घरमा पुगेर नाङ्लोको चाटी टाँडमा राख्छन् । घरमा पनि *पोटरी*लगायत तयार पारेका सामान पितृलाई चढाइन्छ र सबैले खानपिन गरेर नाचगान गर्छन् । पितृ बोलाउँदा गाइने गीत यसप्रकारको हुन्छ :

> उठहरे काँसी बसहरे विरास विरासको फूलै टिपी जगाई आवर ।
> ठाउँठाउँ साँघु, ठाउँठाउँ भ्याङ साँघु र भ्याङलाई जगाई आवर ।
> झवारी पनि सुनैकोसीपारि पनि दूधैकोसी, सुनैकोसी दूधैकोसी जगाई आवर ।
> सुनखानी नुनखानी तामाखानी दाउ गोलमन राजासँग बिदै मागी आऊ ।
> लरीवरी काँकरी त टिप बहिनी खाऊँ बन्दीपुरे उकालीमा हाँस्दै खेल्दै आऊ ।
> सातै कुल उँभो सातै कुल उँधो सातै कुल साक्षी राखी जगाई आवर ।
> करै जोडी बिन्ति बाँहै जोडी बिन्ति करै जोरी बिन्ति लागोस् पितर राजालाई ।
> छोराको आर्जन बुहारीको भोर्जन लाउनै आऊ खानै आऊ बालै पितर ।
> लाउने बेला यही हो खाने बेला यही हो लाउनै आऊ खानै आऊ बालै पितर ।
> सुनै खानी नुनै खानी तामा खानी धाउ चउँरीको दोभानमा थानै बाँधी आऊ ।

६.६.७ वरनी चलाउने

पितृ बोलाउने दिन मृतकको छोरी छ भने छोरीले छैन भने अन्य गाउँका छोरीचेलीले अनिवार्य रूपले भोज खुवाउनुपर्छ । यसलाई वरनी चलाउने भनिन्छ । छोरीले आफ्नो क्षमताअनुसार खर्च गरेर सक्नेले राँगा, बाख्रा, खसी, बोका काट्छन् भने नसक्नेले एउटा कुखुरा भए पनि काटेर भोज खुवाउनुपर्छ । अहिले खर्च कम गर्ने हिसाबले सबै छोरीचेली मिलेर एउटा मात्रै राँगा, खसी, बोका वा बाख्रा मात्र काट्ने चलन आएको छ । यो भोजमा भुटेको मासु, चिउरा, केरा, गोलमाडी, जाँड, रक्सी त्यहाँ उपस्थित सबैलाई छोरीचेलीले नै वितरण गर्नुपर्छ । वितरण गरेर बाँकी रहेको सामान भान्सेभान्सेनीलाई जिम्मा दिइन्छ । वरनी गर्दा यसप्रकारको गीत गाउने गरिन्छ :

> चलाऊँ चलाऊँ वरनी चलाऊँ चलाऊँ वरनी
> छोराले दिने विलेदान छोरीले दिने वरनी
> पाकिहाल्यो मालुमु केरा नडैले उधारूँ
> कैसे गरी दसधारा दूधको भारा उतारूँ

६.६.८ भाराकी ढुकाउने

पितृसम्बन्धी एउटा नाच वा विधि, जसलाई भाराकी ढुकाउने भनिन्छ । यसका लागि घोडा, तरबार, बर्छा, लिस्नो, चेल्पा, झ्याउ, अमलाका दाना चाहिने भएकाले यी सामान काटेर ल्याउनका लागि जगउरे (पितृको काम गर्ने खेताला) लाई सगुन खुवाएर जङ्गल पठाइन्छ । जङ्गलबाट सामान ल्याएपछि जगउरेमध्येको एकजना मूल जगउरेले भित्ता छिप्दा प्रयोग गरेको रङ, चिचिन्डा, मकैको घोगा, मासुको सेला, नाङ्लोमा हालेर नाङ्लोलाई टाउकामा राखेर नचाउँदै अघिअघि हिँड्छ । अरू जगउरे उसको पछिपछि हिँड्छन् । बूढापाका, युवायुवती, केटाकेटी ढोल, मादल, झ्याली बजाउँदै, गीत गाउँदै, नाच्दै उनीहरूको पछिपछि लाग्छन् ।

*जगउरे*हरूले घोडा, बर्छा, इत्यादि राखेको ठाउँमा पुगेपछि मूल जगउरेले छिप्न प्रयोग गरेको सेतो, रातो रङले पूजा गरेर सबै सामान रङ्ग्याउँछ । सबै जगउरे र अरूलाई समेत त्यो रातो, सेतो रङ निधार र गालामा दलिदिन्छ । मूल जगउरेले बर्छा अरू सबैले एकएक थोक सामान बोक्छन् । केटाकेटीले झ्याउ बोकेर उफ्रीउफ्री नाच्छन् । एउटाले नाङ्लोलाई पनि घोडाजस्तो चढेर नचाउँदै दौडिन्छ । एकजनाले अमलाको झोला बोकेर नाच्छ । माझीहरू अमलालाई पितृको पैसा भन्छन् । मूल *जगउरे*ले बर्छाले बाटो छेकेर कसैलाई पनि अघि बढ्न दिँदैन । यसरी नाच्दै घर पुग्छन् ।

घरमा आइपुगेपछि *जगउरे*हरू भित्र पस्न खोज्छन् । ढोकामा बसेकाले भित्र पस्न दिँदैनन् । अमला नचाउनेले यो असल पैसा हो भन्छ । ढोकामा बस्नेले यी पैसा खोटा हुन् भनेर फालिदिन्छन् । तेस्रोपटकमा *जगउरे*हरूले नचाएको घोडालगायत सबै सामान भित्र लैजान्छन् । लिस्नो पितृको टाँडमा उल्टो पारी ठड्याएर राख्छन् भने अमला टपरीमा राखेर पितृलाई चढाउँछन् । अरू सामान टाँडको आसपासमा राख्छन् । *जगउरे*हरू बाहिर आँगनमा आई गीत गाएर उफ्रीउफ्री नाच्छन् ।

त्यसपछि पितृको बत्ती बालेर पितृ कसरी आए, खुसी भए या रिसाए भन्ने पत्ता लगाइन्छ । बत्ती बाल्दा सलाई, लाइटर आगोले बाल्नुहुँदैन । चकमक (आगाको झिल्का निस्कने फलामको साधन) र दर्छिन ढुङ्गामा झिल्को निकालेर आगो सल्काउनुपर्छ । त्यसबाट आगो बाल्दा फुक्नुहुँदैन । हल्लाएर आगो बालेपछि त्यही आगोले पितृको बत्ती सल्काउनु वा बाल्नुपर्छ । यो बत्ती बालेपछि पितृ नबगाउन्जेल निभ्नुहुँदैन । बत्ती साधारण अवस्थामा भन्दा पनि केही झरिलो र हावा नआउँदा पनि ढलपल गरेर बल्छ । यसरी बत्ती बल्यो भने पितृ आए, खुसी भए भन्ने

जनाउँछ भने बत्ती निभ्यो, राम्रो बलेन भने पितृ रिसाएछन्, खुसी भएनछन् भन्ने विश्वास गरिन्छ । यस रातभरि नाचगान गरिन्छ किनकि पितृको स्थानमा शून्य पार्नुहुँदैन भन्ने मान्यता रहेको छ ।

६.६.९ खउला गाँस्ने

त्यसैगरी पितृ बगाउने प्रयोजनका लागि *खउला* (भोर्लाको पात र मोटोमोटो बाँसको सिन्काले विशेष किसिमले बनाइएको ठूलो खालको टपरी) गाँसिन्छ । *खउला* गाँस्नका लागि टिपिने भोर्लाको पातको फेदमा पूजा गरेर भेट्नोसमेतको पात टिपिन्छ । यो पात र यसमा प्रयोग गरिने सिन्का माझीबाहेक अन्य कुनै पनि जातिले छुनुहुँदैन । छोएमा बिटुलो हुन्छ र पितृ रिसाउँछन् भन्ने मान्यता रहेको छ । यसरी तयार भएको *खउला*लाई भित्ता छिप्दा प्रयोग गरेको रङले रङ्ग्याउँछन् ।

यसरी विधिपूर्वक पितृको शक्तिले बनाएको खउला राखेको ठाउँबाट अलिअलि आफैँ सर्छ भन्ने गरिन्छ । यदि खउला सऱ्यो भने पितृ ज्यादै खुसी भएछन् र पितृ शक्तिशाली रहेछन् भन्ने विश्वास माझीहरू गर्छन् । खउला गाँस्दा गीत गाउँदै गाँस्ने गर्छन् । गाँसिसकेपछि खउला गाँस्ने मानिसलाई रक्सी, निघार, चिउरा, मासुको सगुन दिएर सम्मान गर्छन् । सगुन खाँदा पनि गीत गाउँदै खाँदै गरिन्छ । किरियापुत्रीले गाँसेर तयार पारेको *खउला* टाउकामा राखेर ढोल, मादल, झ्याली बजाउँदै भित्र लैजाने गर्छ । *खउला* गाँस्दा गाइने गीत यसप्रकारको हुन्छ :

भोर्लाको पात टिपेर ल्याई डुङ्गिया बनाउँला
क्या राम्रो डुङ्गा बनाए भनी नामै चलाउँला,
हुइँया काठकी डुङ्गिया मनचिन्ते काठकी बहना
तारिदेऊ न माझी दाजै खेवा दिउँला गहना,
लामोलामो डुङ्गियालाई टेकाऊ बहना
डुङ्गाको पैसा जम्मा गरी पितृलाई गहना,
ताछीतुछी बनाको डुङ्गा त्रिवेनीमा सलसल ।

६.६.१० दुःख फुकाउने

खउला भित्र्याइसकेपछि किरियापुत्री, छोरा, छोरी, बुहारीलगायत दुःख बोक्ने सबैलाई एकैठाउँमा राखेर दुःख फुकाउने गरिन्छ । गाउँका माझी बूढापाकालाई बोलाएर दुःखको समयमा खान बारेका सबै चिज अनिवार्य रूपमा जुटाउनुपर्छ ।

त्यसपछि बूढापाकाले तिमीहरूले मृतकको नाममा जे-जति बारेका थियौ, ती सबै चिज आजदेखि फुके भनेपछि किरियापुत्री र दुःख बार्ने सबैले कन्या केटी, गन्यमान्य बूढापाका ज्वाईंचेलालाई टीका लगाइदिएर दछिना दिन्छन् र बारेका सबै चिज खान्छन्, नाचगानसमेत गर्छन् । नयाँ कपडा पनि लगाउँछन् । बारेका सबै चिज लगाउन वा खान हुन्छ । यसलाई दुःख झार्ने वा फुकाउने भनिन्छ । दुःख झार्ने सबै काम सकेपछि किरियापुत्री र दुःख बोक्ने सबैले केरा, चिउरा, मासु *बिलेदान*का रूपमा बाँड्छन् । पितृको नामको यो अन्तिम दान अथवा बिदा गर्ने बेलाको दान भएकाले यस दानलाई बिलेदान भनिन्छ ।

६.६.११ पितृ बगाउने

श्राद्धको अन्तिम कामलाई पितृ बगाउने भनिन्छ । भोर्लाको पातबाट विशेष किसिमले गाँसेको *खउला*मा पितृको नाममा काटेको जनावरको खुर, सिङ, कुखुराको नङ्ग्रा, चामलको पिठोबाट बनाएको हात्ती, घोडा, ढिकी, जाँतो, ओख्ली, गोलमाडी सबै सामान हालिदिन्छन् । उक्त *खउला*लाई किरियापुत्रीले टाउकामा राखेर नचाउँछ र त्यहाँ भएकामध्ये कसैले घोडा, बर्छा, लिस्नु, इयाउलगायत सबै सामान नचाउँदै घरभित्रबाटै सुईसुई पार्दै ढोल, मादल, झ्याली बजाउँदै, दियालो बालेर गीत गाउँदै बगाउन लैजान्छन् ।

पितृ बगाउन लगिएको सामान लिएर खोलाको छेउमा लिङ्गो गाडेको ठाउँमा पुर्‍याइन्छ । लिङ्गो गाडेको ठाउँमा पितृका नाममा काटमार गरेको जनावर र पक्षीको पाइलो देखियो भने पितृ खुसी भएछन् र देखिएन भने पितृ रिसाएछन् भन्ने विश्वास गरिन्छ । त्यसपछि गाडेको लिङ्गो हटाएर त्यसमा खउला राखिन्छ । किरियापुत्री र दुःख बोक्ने सबैले नुहाएर खउलामा पानी चढाउँछन् ।

घरबाट बालेर लगेको दियालोले खउलाको बीचमा राखेको दियालो सल्काएर जेक र पितृको नाममा बालेको बत्ती पनि त्यसैमा राखी *खउला* पानीमा बगाइन्छ । खउला पानीमा राख्नासाथ ढोल, मादल, झ्याली बन्द गरी भाका फेरेर झ्याउरे, चुट्के भाकामा मादल बजाइन्छ । यसरी पितृ बगाएर घरमा आएपछि सबैलाई जाँड, मासु र भात खुवाइन्छ । पितृको नामको अन्तिम भोज यसैलाई मानिन्छ । पितृ बगाउँदा गाइने गीत निम्नप्रकारको हुन्छ :

> रउसे पितर जानै लाग्यो रउसे पितर जानै लाग्यो
> माया मारी जानै लाग्यो जानै लाग्यो

उज्यालो देशलाई छोडेर अँध्यारो देशमा जानै लाग्यो,
लरीबरी काँकरी त टिप बहिनी खाऊँ
बन्दीपूरै ओरालीमा हाँस्दै खेल्दै जाऊँ,
बत्ती बल्यो धिपीधिपी तोरीको तेलैमा
यो घरको पितर आज त जान्छन् चढेर रेलमा,
चिचिन्डा रोप्नू फर्सी रोप्नू नरोप्नू लौका त ।

६.६.१२ भान्से बिदा गर्ने

पितृ बगाएको भोलिपल्ट पितृकार्यमा भान्सेको काम गरेका सबैलाई भान्से कामबाट फुर्सद दिनुपर्छ । भान्से बिदा गर्ने दिन घरपरिवारका मानिसले बूढापाका र भान्सेलाई खुवाउनका लागि आवश्यक खानेकुरा तयार गरी भान्से र गाउँका बूढापाका बोलाइन्छ । बूढापाकाले सबै भान्सेभान्सेनीलाई धन्यवाद र आशिष दिन्छन् । त्यससन्दर्भमा कति भान्सेभान्सेनीले भान्साको काम गर्दा परेको अप्ठ्यारो र आफूले गरेको अनुभव सुनाउँछन् । त्यसपछि खानपिन गरेर भान्सेभान्सेनी बूढापाका सबै आ–आफ्नो घर जान्छन् । यसलाई भान्सेभान्सेनी बिदा गर्ने भनिन्छ । रामेछाप र आसपासका जिल्लामा सोह्रश्राद्धमा श्राद्ध गरिने भएकाले त्यही वर्षको आउँदो दसैँको फूलपातीको दिन भान्सेभान्सेनीलाई जाँड, रक्सी, मासु खुवाउने चलन पनि छ ।

आफ्ना मरेका पुर्खा वा सन्तानको प्रेतात्मालाई माझीहरू वायु भन्छन् । वायुले बेलाबेलामा दुःख दियो भने थान लगाएर राख्ने चलन माझी समुदायमा छ । थान लगाएर राखेकालाई थानी *वायु* र थान नलगाएकालाई काँचो *वायु* भन्ने गरिन्छ । काँचो वायुले बेलाबखत बस्तुभाउ बिरामी हुने, मर्ने, अन्नपानीको सह नहुने, कहिलेकाहीँ मानिसलाई पनि दुःख दिने गर्‍यो भने धामीलाई जोखना हेरेर काँचो *वायुले* दुःख दिएको हो होइन भन्ने निश्चित गरिन्छ । यदि धामीले काँचो *वायुले* दुःख दिएको बताएपछि धामी लगाएर काँचो वायुलाई थान लगाएर राख्छन् । थान लगाउँदा वायु बकाउने, केर्ने, *खली* खुवाउने (बालेको बत्ती खानु, आगोमा पस्न लगाई कसम खुवाउने) गर्छन् । थान लगाएर राखेपछि दुःख दिँदैन भन्ने मान्यता माझीहरूमा छ । वायुलाई औँसीपूर्णेमा धूप, बत्ती दिने, अछेता फेरिदिने गर्नुपर्छ भने बैशाखे पूर्णे र मङ्सिरे पूर्णेमा कुखुरा बलि पनि दिन्छन् । बलि दिँदा पुरूषलाई भाले र महिलालाई पोथी दिन्छन् । वायु थान लगाएर राखेको ठाउँमा अन्य जात र कुटुम्वलाई जान दिँदैनन् ।

अध्याय ७

आर्थिक तथा राजनीतिक परम्परा र अभ्यास

७.१ परम्परागत पेसा

माझी परापूर्वकालदेखि नै नदीलाई आधार बनाई जीविकोपार्जन गर्दै आएको जाति हो । मानवशास्त्री डोरबहादुर विष्टका अनुसार माझी र दरैहरू डुङ्गा चलाउने हुनाले घाट कुरेर बस्छन् र बटुवालाई खोला तारेर ज्याला लिई जीविका चलाउने गर्छन् । धेरैजसोले घाटछेउमा घर बनाएर गुजारा गर्ने यिनीहरूको जीवनकहानी नदीबाट सुरू भएर नदीमै अन्त्य हुन्छ (विष्ट ई. २००२: ५०) । त्यसैले माझीको आर्थिक प्रणाली पनि सुरूमा नदीमै आश्रित थियो । नदीकिनारआसपासमा बसेर माछा मार्ने, डुङ्गा बनाउने, डुङ्गा चलाउने, मूल बाटोको घाट कुर्ने जस्ता कामबाट उनीहरूले जीविकोपार्जन गर्दै आएका थिए । यी परम्परागत पेसा अतिरिक्त उनीहरूले नदीआसपासका जमिनमा खेती गर्ने, थोरै भए पनि पसु पाल्ने र मर्चा बनाउने कामसमेत गर्दै आएका छन् ।

माझी सदियौँदेखि सप्तकोसीका सहायक नदीकिनारमा बसोबास गर्दै आएको जाति हो । सुरूमा नदीकिनारमा औलोलगायत अन्य विभिन्न महामारी लाग्ने भएका कारण अन्य जातजाति बसोबास गर्दैनथे । त्यसबेला कोसीकिनारको समथर जमिन आवाद गरी खेतीयोग्य बनाई भोगचलनसमेत माझीहरूले नै गरेका हुन् । पृथ्वीनारायण शाहको गोर्खा राज्य विस्तारपछि पनि सो जग्गा उनीहरूले नै भोगचलन गर्ने गरी सं १८७५ सालमा माझीहरूको नाममा किपट दिइएको

तस्बिर-१२ः सुनकोसीको नपुघाटमा यात्रुलाई डुङ्गामा तार्दै एक माझी

थियो । किपट जग्गा भोगचलन गरेबापत विभिन्न घाटमा वर्षा, भेल, बाढीमा पनि दिनमा एकपटक हुलाक र सरकारी कर्मचारी तार्न अनिवार्य डुङ्गा चलाउनुपर्थ्यो ।

यसरी माझीले पसिना बगाएर खेतीयोग्य बनाएको कोसीकिनारका समथर जमिन विसं १९६२ सालमा शासकहरूले आफ्ना आफन्त, चाकडीवाला, टाठाबाठालाई विर्ता, विभिन्न मठमन्दिर, देवीदेवताको नाममा दिए र थोरै मात्र जमिन किपट कायम गरी अन्य सबै राम्रा जमिन रैकरमा परिणत गरिदिए । यस घटनाले माझी जमिनविहीन भई विस्थापित भए । आफ्नो भूमिबाट विस्थापित भएपछि नेपालको भित्रीमधेस, भारत र भुटानतिर बसाइँ सर्न बाध्य भए । बाँकी रहेको किपट जमिन पनि पञ्चायतकालमा भूमिसुधारको नाममा सबै रैकरमा परिणत गरी राज्यले माझीहरूलाई भूमिहीन र सुकुम्बासी बनायो ।

७.२ आधुनिकीकरण प्रभाव : परम्परागत पेसामा सङ्कट

त्यसैगरी विकासको आधुनिकीकरणसँगै माझीले डुङ्गा तार्ने घाटमा झोलुङ्गे र पक्की पुलहरू बन्न थाले । यसले पनि उसको परम्परागत पेसामा अर्को सङ्कट

आइलाग्यो । हालको सुनसरी जिल्लाको मधुवन गाविसआसपासमा रहेको जमिन माझीहरूले भोगचलन गर्दै आए पनि यस क्षेत्रलाई समेटेर राज्यले 'कोसीटप्पु राष्ट्रिय निकुञ्ज' को स्थापना गर्‍यो । जसले गर्दा त्यहाँका सबै माझीहरू विस्थापित भए । विकासनिर्माणक्रममा बनेका ठुल्ठूला पुल, नहर, कुलो र बिजुली उत्पादनले माझीको घर-जग्गा नस्ट गरी विस्थापित मात्र बनाएन, समुदायको परम्परागत पेसा र जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको छ । उनीहरू नदीमा माछा मार्दा जाल, बल्छीजस्ता परम्परागत प्रविधिको प्रयोग गर्छन् । यसले माछाको उत्पादन र पुनः उत्पादनमा खासै असर पार्दैन । तर, अहिले नदीमा करेन्ट लगाएर तथा विभिन्न जैविक विष प्रयोग गरी माछा मार्न थालेपछि नदीमा माछा अभाव हुँदै जाँदा उनीहरू माछा मार्ने पेसाबाट समेत विस्थापित हुनुपरेको छ ।

यसरी सबैभन्दा नजिकको सम्बन्ध रहेको नदीमाथि उनीहरूको पहिलो स्वामित्व रहेको छ । आधुनिकीकरणको कतिपय प्रभाव र माझी जातिमाथि राज्यले गर्दै आएको सदियौँदेखिको विभेदले अहिले उनीहरूको नदीबाट आश्रित आर्थिक प्रणालीमै सङ्कट आएको छ । जमिन र जङ्गलमा आश्रित उनीहरू कृषि तथा पशुपालन गरेर जीविकोपार्जन गर्न बाध्य छन् । तर, उनीहरूका लागि जमिन पनि पर्याप्त छैन । त्यस्तै परम्परागत पेसाका रूपमा जाँड बनाउन प्रयोग गरिने औषधि 'मर्चा' बनाएर अन्नमा साट्ने वा नगदमा बिक्री गरेर जीविकोपार्जन गर्छन् । यस

तस्बिर-१३ः सिन्धुलीको मरिनखोलामा जाल हान्दै माझी युवाहरू

तस्बिर-१४ः रामेछापको, मन्थलीघाटमा रहेको झोलुङ्गेपुल । यस्ता पुलहरूले माझीको परम्परागत पेसा (डुङ्गा तार्ने)लाई सङ्कटमा पारेका छन् ।

जातिका महिला व्यापारका रूपमा घाट, चौतारामा जाँड बिक्री गर्छन् । जाँडले मात लाग्ने, शुर चलाउने, हिम्मत बढाउने र पेट पनि भरिने भएकाले यसलाई राम्रो खाजाका रूपमा लिइन्छ । मान्यजन र पाहुनालाई यसैले स्वागत गर्ने परम्परा छ ।

परम्परागत पेसा सङ्कट पर्दै गएपछि यस समुदायका मानिसले अन्य पेसा र व्यवसायबाट जीविकोपार्जनको विकल्प खोजेको पाइन्छ । त्यसमध्ये धेरैजसो भारत तथा केही खाडी मुलुकतिर वैदेशिक रोजगारमा जाने प्रचलन पनि बढेको छ । तर, वैदेशिक रोजगारको त्यति धेरै प्रभाव यो जातिमा देखिँदैन । त्यसैगरी उनीहरूले साधारण किराना पसल, होटल, गलैँचा बुन्ने, गलैँचाको धागो कात्ने, ज्याला मजदुरी गर्ने, इँटा बनाउने काम गर्दै आएका छन् । भारी बोक्ने तथा निर्माणकार्यमा श्रमिकका रूपमा माझी युवायुवती लागेको देखिन्छ ।

यस जातिको सरकारी सेवामा संलग्नता पनि अत्यन्त कम देखिन्छ । शिक्षामा अत्यन्त पछाडि रहेको माझीका लागि सरकारी सेवामा प्रवेशका लागि बनाइएका मापदन्ड सबैभन्दा बाधक बनेका छन् । पढेलेखेका माझी युवालाई पनि अन्य समुदायका युवासँग प्रतिस्पर्धा गरेर सरकारी जागिर खान अत्यन्त कठिन छ ।

सुरूमा माझीले सरकारी कर्मचारी, खरखजाना र अन्य मानिसलाई तार्न घाटमा डुङ्गा चलाउनुपर्ने भएकाले कुनै पनि सरकारी सेवामा लिइँदैनथ्यो । त्यसैले अहिले पनि आर्मी, प्रहरी, निजामती सेवा, शिक्षकजस्ता केही क्षेत्रमा तल्लो स्तरका पदमा समेत उनीहरूको संलग्नता अत्यन्त नगन्य मात्रामा छ ।

त्यसैले उनीहरू परम्परागत पेसाको सङ्कटबाट गुज्रिएको, आधुनिक पेसा व्यवसाय र सरकारी सेवामा अत्यन्त कम पहुँच भएका सीमान्तकृत स्थितिमा रहेका छन् । वर्गका दृष्टिले माझी समाजमा उच्च आर्थिक हैसियत भएका र उद्योगधन्दा, कलकारखाना सञ्चालन गर्ने उद्योगपति, व्यापारीको हैसियतका व्यक्ति छैनन् । तर, मध्यमवर्गीय आर्थिक हैसियत भएका माझीहरू भने छन् । बहुसङ्ख्यक माझी अहिले पनि गरिबीको रेखामुनि रहेका छन् ।

७.३ परम्परागत संस्था : मझेसावा

माझीको परम्परागत राजनीतिक तथा सामाजिक संस्थालाई *मझेसावा* भनिन्छ । *मझे, गौरूङ, दलाली, अडै* र *जेठबुडा* गरी पाँच सदस्यीय हुने यो सभाको नेतृत्व *मझे* (मिझार) ले गर्थ्यो । *मिझार*को मुख्य जिम्मेवारी आफ्नो गाउँमा सामाजिक व्यवस्था मिलाउने, तिरो उठाउने र रैती बसाउने हुन्थ्यो ।[१८] *मिझार*पछिको दोस्रो महत्वपूर्ण भूमिका *गौरूङ*को हुन्थ्यो, जसले *मिझार*लाई झैझगडा मिलाउने र तिरो उठाउने काममा प्रत्यक्ष सहयोग गर्ने गर्छ । *दलाली, अडै* र *जेठबुडा*ले पनि *मझेसावा*को सदस्यका रूपमा आ–आफ्नो भूमिका निर्वाह गर्थे । यी पाँचै पदमा पुरूषमात्रै हुने गर्थे भने सुरूसुरूमा यी पद वङ्शाणुक्रमअनुसार जेठा छोरामा सर्दै जान्थ्यो । माझी समुदायमा *मिझार* र *गौरूङ*को स्थान उच्च रहने हुँदा न्वारान, छेवर, विवाह, अन्त्यष्टिजस्ता संस्कार सम्पन्न गर्दा होस् वा गाउँमा परिआउने झैझगडा मिलाउनुपर्दा होस्, उनीहरूको उपस्थिति अनिवार्य मानिन्थ्यो ।

विवाह र पूजाआजा गर्दा पनि *मिझार* र *गौरूङ*लाई अलग्गै भाग छुट्ट्याउने चलन थियो । साथै खेतीपाती लगाउँदा दुई-तीनजना खेताला प्रत्येक घरबाट उपलब्ध गराउनुपर्थ्यो । पूजा गर्दा *मिझार*लाई दाहिने सिङसहितको टाउको र जाँड, *गौरूङ*लाई च्यापुसहित जाँड बुझाउनुपर्थ्यो । यी दुवै चिज नभए एक भारी घाँस

---

१८. सिन्धुली कपिलाकोटका धनुषा माझी (७२) र शुरवीर माझी (७०), गोविन्दलाल माझी तथा धनबहादुर माझीसँग २०६६ फागुन २१ गते गरिएको सामूहिक कुराकानी ।

लगेर भए पनि *मिझार* र *गौरूङ*को घरमा जानुपर्थ्यो । *मझेसावा*का पदाधिकारीमध्ये *मिझार*लाई बीस मुरी, *गौरूङ*लाई दस मुरी र *अदै*, *दलाली*, *जेडबूढा*लाई पाँच-पाँच मुरी जमिन किपटमध्येबाट दिइन्थ्यो । त्यसैगरी माझीको किपटभित्र बस्ने अन्य जातिले छोरीको बिहे गर्दा जग्गे गरेबापत पाँच रूपैयाँ दस्तुर तिर्नुपर्थ्यो । यसलाई *बुङ्थ्यो* भनिन्छ । अन्य जातिका गाईबस्तु माझीको वनमा चरण गर्दा र घाँसदाउरा गर्दा खरदारी दस्तुर तिर्नुपर्थ्यो ।[१९]

पछिल्ला वर्षहरूमा समाजको प्रजातान्त्रिकीकरणसँगै माझीको परम्परागत संस्था र नेतृत्वमा कमी आएको छ । मिझारको सट्टा जनप्रतिनिधिको भूमिका बढेको छ । गाउँका जनता पनि दलगत राजनीतिमा विभाजित हुने क्रम बढ्दो छ भने जग्गाको तिरो पनि *मिझार*को सट्टा गाउँ विकास समितिको कार्यलयले उठाउने गर्छ । यसबाहेक माझीगाउँमा मर्दापर्दा, पूजाआजा र चाडपर्वमा *मिझार*को भूमिका यथावत् नै रहेको छ ।

माझी जातिमा *मझेसावाले* नै परम्परागत न्यायप्रणालीको भूमिका पनि निर्वाह गर्थ्यो । मुख्यगरी यस समुदायमा सामाजिक विधिविधान र मान्यताविपरीत काम गर्नेलाई दण्ड सजाय दिलाउने, सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता कायम गराउन *मिझार*को प्रमुख भूमिका हुन्थ्यो । कुनै माझी पुरूषले अन्तरजातीय विवाह गरेमा उसबाट जन्मने बालबच्चालाई माझीसरह उकास्ने, हाडनातामा विवाह गर्नेलाई सामाजिक बहिष्कार गरी डाँडा कटाउने तथा माझीगाउँका झैझगडा मिलाउने काम पनि मिझारले नै गर्नुपर्थ्यो । प्रायः माझीगाउँका आ-आफ्नै मिझार हुने भएकाले आफ्नो गाउँमा मात्र मिझारको अधिकार क्षेत्र पर्थ्यो । आफ्नो गाउँ अर्थात् अधिकारक्षेत्रबाहिरका विषयमा सम्बन्धित गाउँका माझी *मिझार*हरू मिलेर समाधान गर्थे ।

७.४ सामाजिक तथा राजनीतिक आन्दोलन

माझी जातिको राजनीतिक इतिहास अध्ययन गर्दा गोपाल बङ्शावलीअनुसार विसं १३८८ सम्म हालको रामेछाप जिल्लाको रजगाउँमा मन्दरे माझी नामका माझी राजाले शासन गर्थे भन्ने स्पष्ट हुन्छ । सुरूदेखि नै उनीहरू नदीकिनारमा बस्ने

१९. रामेछाप रजगाउँका माझी राजा मन्दरे माझीका सन्तान शेरबहादुर माझीसँग मिति २०६६ माघ २० गते गरिएको व्यक्तिगत कुराकानी ।

तस्बिर-१५ः आदिवासी जनजाति अधिकारसम्बन्धी आइएलओ-१६९ प्रशिक्षण कार्यक्रममा सहभागी माझीहरू

र नदीबाटै आफ्नो जीविकोपार्जन गर्दै आएकाले राजनीतिक भूमिका र संलग्नता अत्यन्त कम देखिन्छ । प्राचीन समयमा विभिन्न सामन्ती राजाको आक्रमणबाट बच्न पनि उनीहरू नदीकिनारमा बस्न थालेको कतिपयको तर्क छ । पृथ्वीनारायण शाहको गोर्खा राज्य विस्तारकै क्रममा नुवाकोट आक्रमण गर्दा शुभघाटको बाटो भएर गएका उनका फौजलाई जलुवा माझी नामका माझीले घाट तारिदिएको र सोबापत उनलाई जमिनको ठूलै हिस्सा विर्ताका रूपमा ताम्रपत्रमा लेखी दिएको उल्लेख पाइन्छ (बज्राचार्य र श्रेष्ठ सं २०३७) ।

माझी अधिकारकर्मीहरूका अनुसार राणा शासनविरूद्धमा लागेका राजनीतिज्ञलाई नदीकिनारका माझीहरूले ज्यानको बाजी राखेर रातबिरातमा कहिले पौडी खेलेर र कहिले डुङ्गाबाट कोसी तारिदिने काम गरेका थिए । यो कुरा थाहा पाएपछि राणाहरूले पनि उनीहरूलाई ज्यादै यातना र दुःख दिएका थिए । यातना, कुटपिट, छेकथुन र ज्यानसमेत जाने डरले धेरै माझीहरू पहाडबाट मधेस, भारत र भुटानतिर बसाइँ सर्न बाध्य भएका हुन् (माझी सं २०६३ः १११) । राणा शासन अन्त्यपछि पनि राज्यले अवलम्बन गरेको हिन्दू धर्म, खसभाषा र हिन्दू संस्कृतिको एकल जातीय नीतिले अन्य आदिवासी जनजातिसँगै माझीलाई पनि आर्थिक, साँस्कृतिक र राजनीतिक विभेद र बहिष्करणको सिकार बनायो । तीसवर्षे पञ्चायतकालमा होस् या सं ०४६ सालको प्रजातन्त्रको पुनःस्थापनापछि पनि

राज्य संरचनामा यस जातिको सहभागिता र प्रतिनिधित्व अत्यन्त नगन्य रह्यो । उनीहरूको घना बस्ती भएका केही गाउँमा प्रधानपन्च तथा गाविसअध्यक्ष नै उसले त्यस अवधिमा प्राप्त गरेको सबैभन्दा माथिल्लो स्तरको राजनीतिक पद थियो ।[१९]

२०४६ सालको राजनीतिक परिवर्तनपछिको वाक्स्वतन्त्रता र सङ्घ-संस्था खोल्न पाउने अधिकारले भने यस जातिमा पनि साँस्कृतिक तथा राजनीतिक जागरण ल्यायो । एकातर्फ आफ्नै सामुदायिक सङ्गठन खोलेर उनीहरू आफ्ना जातीय अधिकार र पहिचानका मुद्दामा एकजुट हुन थाले भने अर्कोतर्फ विभिन्न राजनीतिक दलमा आबद्ध भई राजनीतिक अभ्यास र सहभागिता बढाउने प्रयासमा पढेलेखेका शिक्षित माझीहरू क्रियाशील भए । यस जातिको जातीय, भाषिक र साँस्कृतिक पहिचानका मुद्दालाई संस्थागत गर्न देशभरिका माझी अगुवाहरूको पहलमा विसं २०५१ सालमा नेपाल माझी उत्थान सङ्घ स्थापना गरेका थिए ।[२०] स्थापनाकालदेखि नै यस जातिको भाषा, धर्म, संस्कृति, संस्कार, रीतिरिवाज, इतिहास र परम्पराको खोज, अध्ययन तथा जगेर्ना गर्ने, माझीको हक अधिकारका लागि यस जातिमा एकता कायम गरी समाजको उत्थान र विकास गर्ने प्रमुख उद्देश्य सङ्घले लिएको छ ।

हालसम्ममा २१ जिल्लामा सङ्गठन भएको नेपाल माझी उत्थान सङ्घ नेपालका सबै आदिवासी जनजाति सङ्घ-संस्थाको साझा संस्था नेपाल आदिवासी जनजाति महासङ्घको पनि सङ्घीय सदस्य सङ्गठनका रूपमा आबद्ध रहेको छ । यसले

---

१९. सुनसरी जिल्ला मधुवन गाविसका श्री चन्द्रबहादुर माझी, महादेस्थान गाविसका रत्नबहादुर माझी र डाँडीगुराँसे गाविसका साइतवीर माझी तथा उदयपुर जिल्ला रिस्कु गाविसका हर्कध्वज माझी गरी चारजना मात्र अध्यक्ष भएका थिए । त्यसैगरी उपाध्यक्षमा १०-१२ जना र वडा अध्यक्ष वा सदस्यमा नेपालभरि ३०-३५ जना माझी भएको अनुमान छ (स्रोत : माझी सं २०६३) ।

२०. सूर्यबहादुर माझीको अध्यक्षतामा रहेको २३ सदस्यीय केन्द्रीय तदर्थ समितिले नेपाल माझी उत्थान सङ्घको पहिलो महाधिवेशन सं २०५३ सालमा सम्पन्न गरी जिल्ला प्रशासन कार्यालय सुनसरीमा सं २०५४ सालमा संस्था दर्ता गऱ्यो भने सङ्घको दोस्रो महाधिवेशन सं २०६२ चैत १४, १५ र १६ गते सुनसरी जिल्लाको मधुवन गाविसमा सम्पन्न भएको थियो । पहिलो र दोस्रो महाधिवेशनबाट सूर्यबहादुर माझीकै अध्यक्षतामा १७ सदस्यीय केन्द्रीय समिति बनेको थियो । अध्यक्ष सूर्यबहादुर माझीको सं २०६५ माघ १७ मा मृत्यु भएका कारण सङ्घको उपाध्यक्ष रामेछापका धनबहादुर माझी नै कार्यवाहक अध्यक्षको जिम्मेवारी लिएका छन् ।

माझीलाई नेपालको आदिवासी जनजाति आन्दोलनमा उनीहरूको सक्रिय ऐक्यबद्धता जनाउन र समस्या आदानप्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

आफ्नो जातीय हक अधिकारका लागि क्रियाशील नेपाल माझी उत्थान सङ्घको उद्देश्यलाई परिपूर्ति गर्न विभिन्न भ्रातृसङ्गठनसमेत गठन गरिएका छन् । जसमध्ये माझी महिलाहरूको हक अधिकारका लागि काम गर्न 'नेपाल माझी महिला उत्थान सङ्घ'[२१] सं २०५६ सालमा, माझी विद्यार्थीहरूको शैक्षिक हकअधिकारका लागि 'नेपाल माझी विद्यार्थी सङ्घ' सं २०६२ सालमा स्थापना गरिएका प्रमुख सङ्गठनहरू हुन् ।

नेपाल माझी महिला उत्थान सङ्घ राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ र नेपाल माझी विद्यार्थी सङ्घ नेपाल आदिवासी जनजाति विद्यार्थी महासङ्घमा आबद्ध रही समग्र आदिवासी जनजाति आन्दोलनमा पनि क्रियाशील रहेका छन् । त्यसैगरी माझीको संस्कृति संरक्षण गर्न 'नेपाल माझी साँस्कृतिक मञ्च' सं २०६२ सालमा र माझीजातिबारे खोज अनुसन्धान गर्न 'माझी विकास तथा अनुसन्धान परिषद्' सं २०५९ सालमा स्थापना गरिएको छ । यी सबैको उद्देश्य आ–आफ्नो क्षेत्रबाट माझीको उत्थान र विकासमा टेवा पुऱ्याउनु रहेको छ ।

७.५ पहिचान र समावेशीकरणका लागि समानुपातिक प्रतिनिधित्व र माझी स्वशासित क्षेत्र

माझी जातिमा अहिलेसम्म आफ्नै राजनीतिक दलको अभ्यास त भएको छैन, तर राजनीतिक क्रियाशीलता र सहभागिता भने बढ्दो देखिन्छ । माओवादीसँग आबद्ध राष्ट्रिय माझी मुक्ति मोर्चा नै माझीहरूको एकमात्र राजनीतिक मोर्चा हो । देशमा भएका पछिल्ला राजनीतिक घटना खासगरी सं ०६२/६३ को जनआन्दोलन र माओवादी विद्रोहमा माझीको राजनीतिक सहभागिता उल्लेख्य थियो । परिणामस्वरूप सं ०६२/६३ को जनआन्दोलनपछि बनेको अन्तरिम संसद्मा इतिहासमै पहिलोपटक माझीको एकजना सभासद् प्रतिनिधित्व गर्न सफल भए ।

२१. नेपाल माझी महिला उत्थान सङ्घको सं २०५६ सालमा गङ्गादेवी माझीको अध्यक्षतामा केन्द्रीय तदर्थ समिति गठन गरी सं २०५७ सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भयो भने सं २०५९ सालमा काठमाडौंमा सम्पन्न पहिलो अधिवेशनले चिनीमाया माझीको अध्यक्षतामा निर्वाचित ११ सदस्यीय केन्द्रीय समिति हालसम्म क्रियाशील छ ।

त्यसैगरी ऐतिहासिक संविधानसभा चुनावपछि देशकै संविधान लेख्ने ठाउँ संविधानसभामा एकजना माझी सभासद पुगेका छन् ।[२२] यी दुवैजना अहिलेसम्म माझी समुदायमा सबैभन्दा माथिल्लोस्तरको संवैधानिक पद हासिल गर्ने व्यक्ति हुन् । यसले माझी समुदायमा मनोवैज्ञानिक उत्साह थपेको छ । तर, नेपालका कुनै पनि राजनीतिक दलको केन्द्रीय समितिमा भने माझी समुदायका प्रतिनिधित्व शून्य छ । केही माझी राजनीतिक दलका जिल्ला सदस्यसम्म भए पनि अधिकाङ्श स्थानीयस्तरमै सामान्य मतदाताका रूपमा रहेका छन् । सामाजिक तथा राजनीतिक रूपमा संस्थागत प्रयास भए पनि माझी समाजमा अझै आफ्नो अधिकार र पहिचानसम्बन्धी सचेतनाको अवस्था कमजोर नै छ भने माझी पुरूषको तुलनामा माझी महिलाको सहभागिता अझ कमजोर छ ।

सामाजिक समावेशीकरण र बहिष्करणका दृष्टिले हेर्दा माझीगाउँमा क्रियाशील विभिन्न सरकारी गैरसरकारी संस्थाहरू र विकास निर्माणका संरचनामा पनि उनीहरूको समावेश कमै रहेको देखिन्छ । माझीगाउँमा रहेका सामुदायिक वन, विद्यालय व्यवस्थापन समितिजस्ता संस्थाको नेतृत्वमा पनि उनीहरू विरलै भेटिन्छन् । त्यसैगरी गैरसरकारी संस्थाका विभिन्न कार्यक्रम सञ्चालन भए पनि दातृसंस्थाले माझी जातिमा प्रत्यक्ष लगानी गरेका कार्यक्रम सञ्चालित छैनन् ।

नेपालले झन्डै अढाई सय वर्षदेखि अभ्यास गर्दै आएको केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थामा माझी जाति पनि अन्य आदिवासीहरूजस्तै राजनीतिक रूपमा बहिष्कृत, आर्थिक रूपमा अति सीमान्तकृत र साँस्कृतिक रूपमा उत्पीडित बन्दै आएको छ । राज्यका संरचना, अवसर र नीति निर्माण गर्ने ठाउँमा माझीको उपस्थिति शून्य प्रायः छ । त्यसैले अहिले माझी अधिकारकर्मीले जातीय जनसङ्ख्याका आधारमा राज्य संरचनामा समानुपातिक प्रतिनिधित्वको माग गर्दै आएका हुन् । शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरमा सकारात्मक आरक्षण माझी समुदायको अर्को महत्वपूर्ण माग रहेको छ । त्यसैगरी नेपाल यतिबेला केन्द्रीकृत राज्य व्यवस्थाबाट सङ्घीय व्यवस्थामा रूपान्तरण हुने प्रक्रियामा छ । त्यसैले माझीहरूले पनि अन्य आदिवासी जनजातिले जस्तै पुर्ख्यौली भूमिमाथिको आफ्नो अधिकार

२२. सिन्धुलीका बुद्धिमान माझी अन्तरिम सांसद थिए भने सिन्धुलीकै तुलबहादुर माझी संविधानसभाका समानुपातिक सभासद् छन् । यी दुवैलाई माओवादीबाट प्रतिनिधित्व गर्दै उक्त पदमा पुग्ने माझी प्रतिनिधि हुन् ।

कायम गर्न उनीहरूको सघन बसोबास भएको क्षेत्रलाई माझी स्वशासित क्षेत्र घोषणा गर्नुपर्ने मागलाई उठाइरहेका छन् ।

यस्तो स्वशासित क्षेत्र रामेछापको तामाकोसी नदीआसपासका चिसापानी, भटौली, पकरबास, भीरपानी, राकाथुम, भलुवाजोर र मन्थली गाविस तथा सिन्धुलीको सुनकोसीकिनारका रातामाटा, झाँगाझोली, शीतलपाटी, भीमेश्वर गाविससम्मको घना माझी बस्तीलाई माझी विशेष स्वायत्त क्षेत्रका रूपमा प्रस्ताव गरिएको छ । त्यसैगरी सिन्धुलीकै मरिनखोलाआसपासका डाँडीगुराँसे, महादेवस्थान, कल्पवृक्ष, कपिलाकोट, क्यानेश्वर, महिन्द्रझ्याडी गाविसलगायतका माझी बस्ती तथा सिन्धुपाल्चोकको बाँसबारी, शिखरपुर, बाँडेगाउँ भीमटार, फटकशीला, भोटसिपा, साँगाचोक, कदमबास, पाङ्ग्रेटार, ठूलोसिरूबारी र काभ्रेको भुमलुटार, वीरतादेउराली, चन्डेनीमन्डन, दोलालघाट, फलाटेभुमलु, कात्तिकेदेउराली, कोलाटीभुम्लु, सापिङ र श्रमथली गाविसलाई समेटेर अर्को माझी स्वशासित क्षेत्रका रूपमा प्रस्ताव गरिएको छ ।[२३]

यी क्षेत्रहरू माझीले परम्परादेखि नै भोगचलन गर्दै आएका र अहिले पनि उनीहरूको घना आवादी भएका क्षेत्र हुन् । यसरी शिक्षा, स्वास्थ्य र रोजगारीमा सकारात्मक आरक्षण, राज्य संरचनामा समानुपातिक प्रतिनिधित्व तथा माभी स्वशासित क्षेत्रहरू अभ्यासको सुनिश्चितता माभी जातिका सामाजिक तथा राजनीतिक संस्थाहरूले पहिचान र समावेशीकरणका लागि उठाएका प्रमुख सवाल हुन् ।

७.६ सहभागिता र परामर्श

आदिवासी माभी जातिको परम्परागत अभ्यासलाई अध्ययन गर्दा उनीहरूमा परामर्श र सहभागिताको अत्यन्त राम्रो पद्धति थियो, यो विशेषता अहिले पनि उनीहरूमा विद्यमान छ । उनीहरूको परम्परागत सभा, *मझेसावा मिझार* र *गौरूङले* महत्वपूर्ण निर्णय लिँदा सबैको परामर्श लिने गर्थे । गाउँका पूजाआजा, विवाह, मृत्युलगायतका सबै सामाजिक तथा साँस्कृतिक संस्कारमा सबैको *मिझार*, *गौरूङलगायत* सबै अनिवार्य सहभागी हुने चलन थियो । अहिले पनि गाउँका

---

२३. नेपाल माभी उत्थान संघको राज्य पुनर्संरचनासम्बन्धी प्रस्ताव २०६६ र धनबहादुर माभीसँगको २०६७ जेठ १२ गते गरिएको कुराकानीमा आधारित

विकास निर्माण, पूजाआजा र सामाजिक, साँस्कृतिक पर्वहरूमा एक-अर्काको सरसल्लाह र परामर्श हुने गर्छ । यस्तो सल्लाहमा प्रायः पुरूषहरूकै सहभागिता बढी हुने भए पनि महिलाको सहभागिता पनि हुने गर्छ ।

संसारभरिका आदिवासी जनजातिलाई उनीहरूसँग सरोकार राख्ने तथा उनीहरूलाई प्रभावित पार्ने संविधान नियम, कानुन वा नीति बनाउँदा, कार्यान्वयन, संशोधन, परिमार्जन र खारेजी गर्दा तथा उनीहरूको क्षेत्रमा विकास आयोजना तर्जुमा, कार्यान्वयन वा सञ्चालन गर्दा उनीहरूलाई अग्रीम सुसूचित र स्वतन्त्र सहमति वा विमतिको हक हुने गर्छ ।

उक्त कुरा संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्र तथा अन्तर्राष्ट्रिय श्रमसङ्गठन अभिसन्धि नम्बर १६९ ले पनि स्वीकार गरिसकेको छ । उक्त दुवै दस्तावेजलाई नेपाल सरकारले अनुमोदन र स्वीकार गरिसकेको छ । तर, सरकारी निकाय वडा, गाविस, जिल्ला तथा अन्य संयन्त्र र गैरसरकारी संस्थाहरूले माझीको क्षेत्रमा विकास निर्माणका कार्यक्रम सञ्चालन गर्दा, नीति निर्माण र कार्यान्वयन गर्दा उनीहरूको परामर्श र सहभागितालाई बेवास्ता गर्ने

तस्बिर-१६ः रामेछाप, मन्थलीका माझीहरूको पितृ बोलाउने ठाउँ, जहाँ गाविसले उनीहरूको सहमतिविपरीत हाटबजार सञ्चालन गरिरहेको छ ।

गरेको पाइन्छ । सहभागी बनाए पनि समुदाय वा समुदायको प्रतिनिधिका रूपमा भन्दा व्यक्तिगत रूपमा बनाउने गर्छन् । अर्कोतर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले प्रदत्त गरेका अधिकारबारेमा उनीहरूलाई पर्याप्त ज्ञान नहुँदा पनि उनीहरूको सहभागिता र परामर्शसम्बन्धी चासो त्यति प्रभावकारी हुन सकेको छैन ।

माझी समुदायलाई सरकारी तथा गैरसरकारी संस्थाले अग्रिम सुसूचित, परामर्श र सहभागिता नबनाएका धेरै उदाहरण देखिन्छन् । उदाहरणका लागि नदीआसपासमा बस्ने उनीहरूलाई नदीबाट सिँचाइ, बाँध र बिजुली निकाल्दा उनीहरूसँग कसैले सरोकार राख्दैनन् । रामेछाप सदरमुकाम मन्थलीको तामाकोसी नदीकिनारका माझीगाउँमा उनीहरूको पितृ बोलाउने पवित्रस्थललाई गाविसले हस्तक्षेप गरी हाटबजार सञ्चालन गरेको छ भने पितृ बोलाउन प्रयोग गरिने ठाउँमै सार्वजनिक शौचालय निर्माण गरिदिएको छ । स्थानीय माझीहरूको विरोधका बाबजुद हाटबजार सुरू गर्दा माझी समुदायलाई न कुनै पूर्वजानकारी दिइयो न उनीहरूको परामर्श र सहमति नै लिइयो । उनीहरूको सहमतिविना सञ्चालित यो हाटबजार आदिवासी परम्परागत पद्धतिविरूद्ध र उनीहरूको मानवअधिकार हननको एउटा उदाहरण हो ।

अध्याय ८

लोकगीत, सङ्गीत र भौतिक संस्कृति

८.१ लोकगीत, सङ्गीत र बाजागाजा

माझी जातिमा आफ्नै परम्परागत लोकगीत, सङ्गीत र विविध भौतिक संस्कृति विद्यमान छन् । यो जातिको मुख्य बाजा मादल, ढोल, झ्याली र घन्टी हुन् । यीबाहेक मुर्चुङ्गा, मुरली, बिनायो पनि बजाउँछन् । श्राद्धमा ढोल, मादल, घन्टी, झ्याली बजाउँछन् भने विवाहमा मादलमात्र बजाउँछन् । श्राद्धमा गाउने गीतको भाका र बजाउने मादलको ताल छुट्टै खालको हुन्छ । त्यसलाई श्राद्धको भाका भनिन्छ । यो भाका श्राद्धबाहेक अरू समयमा गाउने बजाउने गर्दैनन् । विशेषगरी कोसीपूजा, विवाहमा ख्यालीको भाका गाउने, बजाउने र नाच्ने गरिन्छ । यो नाच दसैँ र तिहारमा पनि नाच्ने गरिन्छ । उनीहरू अन्य विभिन्न समयमा झ्याउरे, चुड्केजस्ता भाकाका गीत गाउने र बाजा बजाएर नाचगान गर्छन् ।

८.२ खानपिन र पाहुना सत्कार

माझी खानपानमा पनि अत्यन्त सौखिन छन् । यो जातिका महिला र पुरुष प्रायः जाँड, रक्सी, माछा, मासु खान मन पराउँछन् । हुनेखाने माझीको घरमा बाह्रै महिना जाँड टुट्दैन । गाईभैँसी कम पाल्ने भएकाले दूध र दूधबाट बन्ने परिकार कम पाइन्छ । उनीहरूले धान, मकै, कोदो, फापर र गहुँको भात, ढिँडो र रोटी

साथमा तरकारी अचार खाने गर्छन् । धेरैजसो माझी कुखुरा, बाख्रा, राँगा, भैँसी र सुँगुरको मासु खान्छन् । कसैकसैले सुँगुरको मासु खाँदैनन् । त्यसैगरी मौसममा सागसब्जी, आलु, गोलभैँडा आदि तरकारी खान्छन् भने बेमौसममा सिन्की, गुन्द्रुक, मस्यौरा र मुलाको चाना तरकारीका रूपमा प्रयोग गर्छन् ।

तस्बिर-१७ः माझी जातिको लोकप्रिय बाजा मादल बजाउँदै माझी महिला

माझीहरू पाहुनाको सत्कार जाँडले गर्छन् । किनकि उनीहरूले जाँडलाई सगुनका रूपमा लिन्छन् । जाँडको तुलनामा रक्सीले कम महत्व पाउँछ । पूजाआजा, चाडपर्व, जात्रा र घरमा प्रायः उनीहरू जाँड पिइरहेका हुन्छन् । पाहुनाको सत्कारमा पहिले जेठो मान्यजन र साइनोले प्राथमिकता पाउँछ । पाहुनामा सम्धीलाई विशेष सत्कार गर्ने चलन छ । सम्धी आएका छन् भने भेट हुनासाथ हातमा कुनै कपडा वा रूमाल लिएर निहुरिएर रूमालसहितको हातले भुइँमा छोई उभिएर तीन पटकसम्म नमस्कार गर्छन् । खाजाका रूपमा जाँड खाँदै गर्दा सन्चोबिसन्चो सोध्ने गरिन्छ । ज्वाईंलाई छोरासरह मानेर धेरै माया गर्छन् । घरमा आएका पाहुनालाई सर्वप्रथम बाहिर दलानमा गुन्द्री र राडी ओछ्याएर स्वागत गरिन्छ । पाहुना घरभित्र बसेपछि पहिले जाँड, माछा, मासु दिइन्छ र खानेकुरा दिँदा नमस्कार गरी हात जोडेर खान अनुरोध गरिन्छ । पाहुनालाई खानेकुरा दिँदा जाँड, मासु र भात भए हुन्छ । विभिन्न प्रकारका तरकारी, अचार आदि नहुँदा पनि हुन्छ, तर मासु छैन भने पाहुनालाई वास्ता नगरेको ठहर्छ । पाहुना बिदा गर्ने बेलामा पनि मिठो जाँड, निघार, रक्सी खान दिइन्छ । यसलाई बाटाको *लौरो* पनि भनिन्छ ।

८.३ भेषभूषा र गरगहना

माझीको आफ्नै पहिचान झल्कने भेषभूषा र गरगहना प्रयोगमा रहेको पाइन्छ । माझी पुरूषले कछाड, भोटो, फेटा, इस्टकोट र टोपी लगाउँछन् र सुनको माडवारी, बिर्मली र सानो छँदा हातमा चाँदीको बाला लगाउँछन् । महिलाले फरिया, चौबन्दी चोलो, पटुका, मजेत्रो, कपालमा लाछा वा धागो लगाउँछन् र गहनाका रूपमा कानमा ढुङ्ग्री, माडवारी, चेप्टेसुन, नाकमा फुली, बुलाकी कपालमा शिरफूल, गलामा हँसुली, चाँदीको सिक्री, हारी, पोते, पन्दा, गोडामा कल्ली हातमा बाघमुखे चाँदीको चुरा र काँचको चुरा लगाउँछन् । कपडा लगाउँदा पुरूषले लगाउने कछाड र महिलाले लगाउने फरिया अन्य जातजातिले भन्दा केही छोटो पारेर लगाउँछन् । पानीमा माछा मार्नु र डुङ्गा चलाउनुपर्ने भएकाले कछाड र फरिया छोटो लगाएका हुन सक्छन् । हाल अन्य विभिन्न जातजातिले लगाउने आधुनिक गरगहना पनि लगाउन थालेका छन् उनीहरूले । अहिलेका युवाहरू सर्ट, पाइन्ट, कोट, ज्याकेट, कमिज, जुत्ता लगाउँछन् भने युवतीहरू सारी, चोलो, पेटिकोट, म्याक्सी, कुर्ता सुरवाल, सल, स्वेटर र पाइन्ट लगाउँछन् ।

तस्बिर-१८: जातीय पोसाकमा सजिएका माझी युवतीहरू

८.४ भाँडावर्तन



तस्बिर-१९: माछा मार्ने जाल र माछा राख्ने भाँडो 'फुर्लुङ' का साथ एक माझी

माझीले पहिले-पहिले माटो र फलामका भाँडाहरू प्रयोग गर्थे । त्यसपछि तामाको भाँडामा भात र फलामको ताप्केमा तरकारी पकाउन थाले । खाना खान चरेसको थाल, काँसको कचौरा, पानी खान ढलौटको अम्खोरा प्रयोग बढी हुने गर्थ्यो । त्यसैगरी माझीहरू तामाका गाग्री, घ्याम्पा र रक्सी पार्ने भाँडाहरू पनि प्रयोग गर्छन् । हिजोआज भने स्टील, ढलौट, सिल्टी र प्लास्टिकका भाँडाको प्रयोग बढी हुन थालेको छ ।

त्यसैगरी माछा मार्नका लागि विभिन्न किसिमका जाल, पासा, ढडिया, बल्छी आदि प्रयोग गर्छन् भने मारेको माछा राख्ने भाँडालाई फुर्लुङ, जाबी र गेद्रा भन्छन् । माझीहरू जाँड छान्न छपनी प्रयोग गर्छन् । छपनी बाँसको चोयाबाट बनाइएको सोली आकारको हुन्छ । छानिएको जाँड कम्टामा (ठाडो मुख भएको काठ वा माटाको भाँडो) जम्मा गरी बाँडिन्छ ।

अध्याय ९

शिक्षा र स्वास्थ्यको अवस्था

९.१ शिक्षा

माझी जातिमा आफ्नै परम्परागत शैक्षिक संस्था त छैन, तर आफ्नो परम्परागत ज्ञान र शिक्षालाई पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने काम भने समाज, परिवार र अभिभावकबाट हुने गरेको पाइन्छ । परम्परागत ज्ञान अथवा शिक्षा भन्नाले उनीहरूको परम्परागत पेसासँग सम्बन्धित शिक्षा भन्ने बुझिन्छ । ती प्रायः नदीसँग सम्बन्धित छन् । माछा मार्ने, जाल बुन्ने, डुङ्गा बनाउने र चलाउने, नदीमा पौडने र मर्चा बनाउने जस्ता परम्परागत काममा आफूभन्दा अग्रज अथवा आफ्ना अभिभावकबाटै शिक्षा लिने चलन छ ।

नेपालको आधुनिक शिक्षामा भने माझीको पहुँच अत्यन्त कम छ । उनीहरूको साक्षरता दर जम्मा ४२.५ प्रतिशतमात्र रहेको छ (गुरूङ ई. २००६) । त्यसैगरी अहिलेसम्म माझी समुदायबाट स्नातकोत्तर तह पास गर्ने तीन र स्नातक तह पास गर्ने १३ जना छन् भने प्रमाणपत्र तह पास गर्ने ३५–४० र एसएलसी पास गर्ने लगभग एक हजार जति भएको अनुमान छ (माझी सं २०६३) । प्रायः गाउँनजिकै स्कुल भएका कारण पनि एसएलसी पास गर्नेको सङ्ख्या उच्च शिक्षाभन्दा बढी रहेको छ । उच्च शिक्षाका लागि गाउँ छाडेर टाढा जानुपर्ने र आर्थिक अवस्था कमजोर भएकाले माझीहरूको उच्च शिक्षामा अत्यन्त कम सहभागिता रहेको छ । अर्कोतर्फ उच्च शिक्षा हासिल गरेका सीमित माझीहरू पनि बेरोजगार भएर बस्नुपर्ने अवस्था छ । शिक्षामा पछाडि पर्नुले माथिल्ला स्तरका सरकारी जागिरमा



तस्बिर-२० : रामेछाप, रजगाउँस्थित भीमेश्वर प्रस्तावित माविमा अध्ययनरत माझी विद्यार्थी

प्रवेश गर्न सकिरहेका छैनन् । यस्ता धेरै कारणले उनीहरूले शिक्षामा प्रगति गर्न सकेका छैनन् । पहिले-पहिले माझी समाजमा पढ्नु या पढाउनुपर्छ भन्ने सामाजिक चेतनाको कमी भए पनि अहिले आफ्ना बालबच्चालाई पढाउनुपर्छ भन्ने धारणाको विकास भएको छ ।

माझीगाउँमा सञ्चालित सार्वजनिक विद्यालय हेर्दा ६० प्रतिशतभन्दा बढी माझी विद्यार्थी भर्ना भएको पाइन्छ, तर ती विद्यालयमा पढाउने शिक्षक-शिक्षिका भने प्रायः गैरमाझी समुदायका छन् ।[२४] तामाकोसीआसपासका माझीभन्दा सिन्धुली मरिनखोलाआसपासका माझी शिक्षा र राजनीतिमा अगाडि देखिन्छन् । तर, भाषिक तथम सांस्कृतिक रूपमा भने तामाकोसीआसपासका माझीहरू धनी छन् । माझी भाषामा अहिलेसम्म प्राथमिक तहसम्म पनि पठनपाठन हुन सकेको छैन । भाषाविद्हरूका अनुसार मातृभाषामा पठनपाठन सहज हुनेहुनाले बालबालिकाले

२४. रामेछापको रजगाउँमा माझीहरूको मात्र बस्ती छ । त्यहाँ रहेको भीमेश्वर प्राविमा ८० प्रतिशत भन्दा बढी माझी विद्यार्थीको बाहुल्य छ । उक्त विद्यालयमा एकजना मात्र माझी शिक्षिका विस्तारित सेवामा कार्यरत छन् ।

तस्बिर-२१ : माझी समुदायबाट पहिलो स्नातक गर्ने शिरबहादुर माझी, रामेछापको श्री खाँडादेवी प्रावि, सेलेघाटको प्राङ्गणमा, उनी सोही स्कुलका प्रधानाध्यापक हुन् ।

स्थानीय परिवेशमा आफ्नो मातृभाषामा छिटो सिक्ने गर्छन् । त्यसैगरी विद्यालय शिक्षक पनि आफ्नो जाति तथा भाषाको भयो भने बालबालिकालाई विद्यालयमा पढ्न मनोवैज्ञानिक हौसला मिल्ने र आफ्नो समस्या सजिलै शिक्षकसँग राख्न सक्छन् । माझी विद्यार्थीका लागि विद्यालयलाई शिक्षामैत्री वातावरण निर्माणका लागि पनि यो उत्तिकै महत्वपूर्ण सवाल हो ।

यसरी हेर्दा माझीका बालबालिकालाई आफ्नै मातृभाषाबाट पठनपाठन गराउन आवश्यक छ । त्यसैगरी माझी विद्यार्थीका लागि उच्च शिक्षामा सकारात्मक आरक्षण गरी विशेष व्यवस्था गर्न सके उनीहरूको पहुँच वृद्धि गर्न सकिन्छ । उनीहरूको परम्परागत पेसालाई उच्च शिक्षामा व्यावसायिक अध्ययनको विषय बनाउन सक्ने हो भने नेपाली मात्र नभएर विदेशी विद्यार्थी समेत आकर्षित हुने उत्तिकै सम्भावना छ । विश्वका धेरै देशमा माछापालनसम्बन्धी व्यावसायिक अध्ययन अध्यापन हुने गर्छ । त्यसैले माझीको परम्परागत ज्ञान, सीपमा आधारित शिक्षालाई संरक्षण र व्यावसायिकरण गर्ने तथा आधुनिक शिक्षामा उनीहरूको समान पहुँच स्थापित गर्नु नै उनीहरूको प्रमुख शैक्षिक मुद्दा हो ।

११.२ स्वास्थ्य

आदिवासी माझीहरूको जीवनपद्धति प्रायः प्रकृतिसँग निकट भएकाले उनीहरूको स्वास्थ्यसम्बन्धी अवधारणा पनि प्राकृतिक र आध्यात्मिक नै छ । प्राचीन समयमा नदीकिनारका आसपासमा बस्दा उनीहरूलाई औलो लाग्दैनथ्यो जब कि त्यसबेला अन्य जातजातिका मानिस औलोको महामारीले नदीकिनार र बेँसीतिर जान डराउँथे । यो समुदायमा विद्यमान आफू जन्मेहुर्केको वातावरणसँग घुलमिल गर्न सक्ने जैविक गुणको उदाहरण हो ।

उनीहरू बिरामी हुँदा धामीझाँक्री र पूजाआजाको सहारा लिन्छन् किनकि उनीहरूमा बिरामी भयो भने भूतप्रेत, मसान र बोक्सीले छल गरेर या देवीदेवता रिसाएर दुःख दिएको भन्ने जनविश्वास पाइन्छ । त्यसैले यस समुदायमा परम्परागत स्वास्थ्यकर्मीको भूमिकामा धामीझाँक्री नै रहेका छन् । अहिले पनि माझी बस्तीहरूको बसोबास र रहनसहनको प्रकृति हेर्दा सरसफाइमा त्यति ध्यान दिएको देखिँदैन । घरसँगै जोडिएको गोठमा गाईबस्तु बाँध्ने र नजिकै सुँगुरको खोर राख्ने तथा अधिकांश माझी बस्तीमा अहिले पनि खुला ठाउँमै दिसा–पिसाब गर्ने गर्छन् ।

यो समाजमा यदि कोही बिरामी भयो भने सुरुमा धामीझाँक्रीबाटै उपचार गराउँछन् । धामीझाँक्रीले फूल तथा चामलको अछेता हेरेर बिरामीलाई के भएको हो भन्ने पत्ता लगाउँछ । त्यसपछि सुरुमा झारफुक र धूपबत्ती गरेर उपचार गर्छ । त्यति गरेर पनि निको भएन भने कुखुरा, हाँस, परेवा र बाख्राको पाठासमेत बलि दिन लगाउँछ । यसका साथै विभिन्न जडीबुटी समेत औषधिका रूपमा खुवाउने गर्छ । यसैगरी विभिन्न समयमा माझीहरू विभिन्न देवीदेवता र शक्तिपीठको पूजा गरी बलि दिने गर्छन् किनकि पूजा गरेर बलि दिइएन भने दुःख दिएर बिरामी बनाउँछ भन्ने उनीहरूमा विश्वास छ ।

अहिले भने बिरामी पर्दा उनीहरू स्वास्थ्य चौकी गएर पनि उपचार गराउँछन् । प्रायः गाउँनजिकै प्राथमिक स्वास्थ्यचौकी भएकाले पनि उनीहरूको धामीझाँक्रीको विकल्पमा स्वास्थ्यकेन्द्र जाने क्रम बढेको छ । पढेलेखेका माझी युवामा आएको चेतनाको प्रभावले पनि धामीझाँक्रीमाथि विश्वास घट्दै गएको छ । तर, डाक्टरकै सेवा लिन भने उनीहरूलाई जिल्ला अस्पताल या नजिकको पायक पर्ने सहर धाउनुपर्छ । आधारभूत स्वास्थ्यसेवामा पनि माझी समुदायको पहुँच अत्यन्त कम छ ।

अध्याय १०

सारांश तथा निष्कर्ष

१०.१ सारांश

नेपालका ५९ सूचीकृत आदिवासी जनजातिमध्ये माझी एक जाति हो । मानव विकास सूचकाङ्कमा निम्न स्थानमा रहेको यो जातिबारेमा पर्याप्त अध्ययन अनुसन्धान हुन सकेको छैन । तसर्थ यो जातिको उत्पत्ति र इतिहासले स्पष्ट रूप लिइसकेको छैन । अझ पनि समान प्रकृतिका पेसा र रहनसहन भएका दरै, राजी र बोटेभन्दा माझी कसरी भिन्न छ भन्ने अध्ययनकै विषय बनेको छ । यो आसय यो जातिको संस्कृति कुनै पनि दृष्टिले अन्य जातिको भन्दा कमसल छ भन्ने होइन ।

माझीको आफ्नै भाषा भए पनि बोलीचालीमा मात्र सीमित छ । यो भाषाको लेखनमा देवनागरी लिपि नै प्रयोग गरिन्छ । भाषिक समानताको दृष्टिले माझी भाषा बङ्गाली, मैथिली, भोजपुरी तथा थारू भाषाको निकट रहेको आभास हुन्छ । तर पनि यी भाषाहरूबीचको सम्बन्ध स्थापित गर्ने पर्याप्त आधार हालसम्म फेला पर्न सकेको छैन । अर्कोतर्फ विभिन्न आधारमा यो जातिको सम्बन्ध हिन्दू ऐतिहासिक व्यक्तित्वसँग पनि स्थापित गर्ने गरिएको छ । यद्यपि यस जातिको सामाजिक तथा साँस्कृतिक अभ्यासले उनीहरू हिन्दू होइनन् भन्ने स्पष्ट हुन्छ । उनीहरूमा हिन्दू धर्मको प्रभाव प्रशस्त देखिनुमा दशकौँदेखि 'राज्य धर्म'का रूपमा हिन्दू धर्म रहेको कारण यस्तो भएको उनीहरूको धारणा छ । तर, हालका दिनमा उनीहरू क्रमशः आफ्नो पुर्ख्यौली धर्मतर्फ फर्कंदै छन् ।

पछिल्ला वर्षहरूमा हिन्दूहरूको प्रमुख चाड दसैँ र तिहार मान्ने उनीहरूको सङ्ख्या पनि घटिरहेको छ ।

नेपालका अन्य आदिवासी जनजातिजस्तै उनीहरूको धार्मिक आस्था पनि प्रकृतिमा निर्भर छ । यिनीहरू धामीझाँक्री र भूतप्रेतमा विश्वास गर्छन् । जल, जमिन, वायु, आकाशलाई जीवनको आधार मान्छन् । नदीसँगको माझीको सम्बन्ध सबैभन्दा निकट छ । प्रकृतिसँग यिनीहरूको सयौँ वर्ष लामो सम्बन्धलाई स्थापित गर्ने प्रशस्त जनश्रुति माझी समाजमा प्रचलनमा छन् ।

ई. १९९० को राजनीतिक परिवर्तन र प्रजातान्त्रिक वातावरणपछि उनीहरूमा जातीय पहिचानको चेतना विकास भएको हो । उनीहरूको सामुदायिक सङ्गठन नेपाल माझी उत्थान सङ्घमा आबद्ध भएर आफ्नो सामाजिक तथा साँस्कृतिक अधिकारका सवालमा क्रियाशील हुँदै आएका छन् । राजनीतिक रूदमा भने उनीहरूको पहुँच र प्रतिनिधित्व कमजोर नै छ । सामाजिक र राजनीतिक चेतनासँगै परिवर्तनको आधार आर्थिक अवस्था मजबुत नभएको कारण त्यति प्रभावकारी हुन सकेको छैन । यस्तै उनीहरूको पहिचान स्थापित गर्न राज्यले महत्वपूर्ण भूमिका खेल्न सकेको छैन । त्यसैले उनीहरू सामाजिक तथा राजनीतिक रूपमा बहिष्कृत र आर्थिक रूपमा सीमान्तकृत समुदायमा पर्छन् ।

नदीनालामा आधारित यस समुदायको जीवन आधुनिक भौतिक विकाससँगै विस्थापित हुँदै छ । नदी घाटहरूमा पुल बनेका छन् भने नदीमा पर्याप्त माछा पाइन छाडेको छ । जसले गर्दा उनीहरूको परम्परागत पेसा प्रायः सङ्कटमा परिसकेको छ । यस्तै घरेलु मदिरालाई हतोत्साही गर्ने राज्यको नीतिका कारण मर्चा बनाउने र जाँड बेचेर परिवारको भरणपोषणमा सहयोग गर्ने माझी महिलाको भूमिका पनि कुन्ठित भएको छ ।

अर्कोतर्फ नदीकिनारको समथर जमिनमा बसाइँसराइको तीव्र चापसँगै यो समुदाय त्यहाँबाट पनि विस्थापित हुँदै छ । यसले उनीहरूलाई पुर्ख्यौली थलोबाट विस्थापित मात्र गराइएको छैन, मौलिक संस्कृति लोप हुने खतरा उत्तिकै बढेको छ । तामाकोसीबाट बसाइँ सरेर भित्रीमधेस गएका माझीहरूले माझी भाषा कम बोल्छन् भने साँस्कृतिक अभ्यासमा पनि अन्य जातिको प्रभाव बढी देखिन्छ ।

माझी जातिको उत्थान र संस्कृति संरक्षण सम्बर्द्धनका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट भएका प्रयास त्यति प्रभावकारी छैनन् । तसर्थ राज्यले

लोपोन्मुख आदिवासी जनजातिको संरक्षण र सम्बर्द्धनका लागि ठोस नीति तथा कार्यक्रम बनाई तदारूकतासाथ लागू गर्नुपर्ने देखिन्छ ।

१०.२ निष्कर्ष

माझीको यो जातिशास्त्रीय अध्ययनले यस जातिको विविध पक्षमा थप अध्ययन अनुसन्धान गर्नुपर्ने देखाउँछ । माझी नेपालको एक आदिवासी जाति हो । यद्यपि यो जातिको उत्पत्ति र इतिहाससम्बन्धी अझसम्म स्पष्ट तथ्य पाउन सकिँदैन । त्यसैले यो जातिको इतिहास, उत्पत्ति, पहिचान र सामाजिक आर्थिक जीवन पद्धतिलगायतका विविध पक्षमा विस्तृत मानवशास्त्रीय सर्वेक्षण गर्नु आवश्यक छ । अन्य जातजातिसँग यस जातिको भाषिक तथा साँस्कृतिक सम्बन्ध, राज्यका नीति कार्यक्रमले यस जातिमा पारेको प्रभाव र जीवन पद्धतिमा आएको परिवर्तनजस्ता विषयमा समेत गहन अध्ययन गर्नुपर्ने देखिन्छ । यस्तो अवस्थामा यो अध्ययनले सीमित रूपमा भए पनि यस जातिको जातीय चिनारी दिने प्रयास गरेको छ । अध्ययनमा माझीको अद्योपान्त समेट्ने प्रयास गरिएको छ, तर समयसीमा र स्रोत–साधनको सीमितताका कारण विस्तृत खोज हुन सकेको छैन । यद्यपि हालसम्म माझीबारे गरिएका अध्ययन दस्तावेज र प्रमुख माझी बस्तीको अवलोकन भ्रमणबाट प्राप्त सूचना र तथ्याङ्कलाई यथाशक्य सरल विश्लेषण र विवेचना गर्ने प्रयास गरिएको छ । यथार्थमा भन्नु पर्दा यो माझी जाति बारे भित्री र बाहिरी दृष्टिकोणबाट गरिएको साङ्गोपाङ्गो वर्णन हो ।

त्यसैले छोटो समयमा माझीबारे जानकारी राख्न चाहनेका लागि यो अध्ययन सहयोगी हुनेछ । साथै यसलाई थप अध्ययन अनुसन्धानको आधार बनाउन सकिनेछ । यसैगरी यो अध्ययन माझीको समग्र उत्थान र समावेशीकरणका नीति तथा कार्यक्रम बनाउन पनि सहायकसिद्ध हुनेछ । माझीको पहिचानका रूपमा रहेका भाषा, संस्कृति र संस्कार लोप हुँदै गएकाले तिनीहरूको संरक्षण, सम्बर्द्धन र विकासको पहल समुदाय र राज्य दुवै पक्षबाट हुनुपर्छ । माझीको माछा मार्ने, डुङ्गा बनाउने, डुङ्गा चलाउने, मर्चा बनाउनेलगायतका परम्परागत पेसा सङ्कटमा परेकाले उनीहरूको आर्थिक अवस्था कमजोर बनेको छ । त्यसैले राज्य तथा माझीले नै त्यसको आधुनिक विकल्प तयार गरी आफ्नो समुदायलाई आत्मनिर्भर बनाउनु आवश्यक छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी तथा राज्यका सरकारी गैरसरकारी निकायमा माझीको

सहभागिता, पहुँच र प्रतिनिधित्व अत्यन्त न्यून रहेकाले उनीहरू सामाजिक रूपमा बहिष्कृत तथा आर्थिक रूपमा सीमान्तकृत बन्न पुगेका छन् । त्यसैले उनीहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी र राज्यका विभिन्न निकायमा सकारात्मक विभेद एवम् समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक छ । माझीलाई उनीहरूसँग सरोकार राख्ने तथा उनीहरूलाई प्रभावित पार्ने विकास निर्माणका नीति तथा कार्यक्रम बनाउँदा वा कार्यान्वयन वा परिमार्जन र खारेजी गर्दा उनीहरूको अग्रिम सुसूचित र स्वतन्त्र सहमति वा विमतिको हकलाई सुनिश्चित गरिनुपर्छ । यस्तो अधिकारको सुनिश्चितता नेपाल पक्षराष्ट्र भई अनुमोदन गरिसकेको आइएलओ अभिसन्धि नम्बर १६९ ले पनि व्यवस्था गरेको छ ।

माझी जातिमा पनि पुरूषको तुलनामा महिलाको अवस्था अझ कमजोर भएकाले यो लैङ्गिक असमानतालाई हटाउन माझी महिलाहरूको नेतृत्व विकास र सशक्तीकरणको पहल गर्नुपर्ने देखिन्छ । त्यसैगरी उनीहरूमा विद्यमान कतिपय रूढिवादी र खर्चिलो संस्कार एवम् संस्कृतिले पनि उनीहरूलाई पछाडि पारेको छ । त्यसता संस्कार समयानुकूल परिमार्जन गर्दै जानुपर्ने देखिन्छ । त्यसका लागि सामाजिक, आर्थिक रूपान्तरण, चेतनामूलक कार्यक्रम र माझी समुदायको सशक्तीकरण कार्यक्रम माझी समाजमा सञ्चालन गर्नु आवश्यक छ ।

अनुसूचीहरू

अनुसूची १

माझी जातिमा साइमुन्द्री बुझाउँदा गरिने धर्म अक्षरको नमुना

बेहुलातर्फ

"हिजो पनि शिरै जोडी कुटुम्ब, आज पनि शिरै जोडी कुटुम्ब, हिजो पनि कुशै समाई आएका थियौँ, आज पनि कुशै समाई आएका छौँ । आउँदाआउँदा बाटामा ठुल्ठूला जङ्गल, ठुल्ठूला खोला नदी रहेछन् । जङ्गल फाँडेर मूल बाटो बनायौँ, खोला नदीमा पुल बनायौँ । त्यही बाटोबाट आउँदाआउँदा कति जोर जुत्ता फटायौँ, कति जोर सुरूवाल फटायौँ । बल्लबल्ल कुटुम्बराजाको पिछा पर्न यहाँ आइपुग्यौँ । कुटुम्बराजा बडा हौ, ठूला हौ । पानी पर्दा ओत, घाम लाग्दा छहारी पाइन्छ कि भनेर सहाराका लागि बडावृक्षको अँगालो हालेका थियौँ । ओतको ठाउँमा ओत पायौँ, छहारीको ठाउँमा छहारी पायौँ, ठूलो सहारा पायौँ । कुटुम्बराजा बडा हौ, ठूला हौ । हिजो काग भएर आएका थियौँ, आज हाँस भयौँ, डोलीभरि पठाइदिनू ।"

बेहुलीतर्फ

"अघि पनि शिरै जोडी कुटुम्ब, पछि पनि शिरै जोडी कुटुम्ब, हिजो पनि कुशै समाई आएका, आज पनि कुशै समाई आएका । कुटुम्बराजा बडा हौ, ठूला हौ । जङ्गल फाँडी मूल बाटो, नदीमाथि पुल बनाई आउँदाआउँदा अनकन्टार जङ्गलको बीचमा एउटा ठूलो पोखरी रहेछ । त्यो पोखरीको बीचमा मगमग बास्ना आउने एउटा कमलको फूल फुलेको रहेछ । कमलको फूलको बास्ना लिँदै

एउटा रजहाँस आफ्ना बच्चाहरूको साथमा आनन्दपूर्वक खेल्दै दिन बिताउने गरेको रहेछ । आफ्नी आमाको साथमा रमाइरमाई खेलिरहेको बेलामा अकस्मात् एक दिन आकाशबाट एउटा बाजले हाँसको बच्चालाई समातेर गाँजेछ । दुस्ट बाजबाट आफ्नो बच्चालाई बचाउन हाँसले अनेक प्रयास गरे पनि केही सीप लागेनछ । हाँसको बच्चालाई बाजले लगिनै छाडेछ । हामीले हाँस भनेको त हाँस होइन रहेछ, हामी रहेछौँ । त्यो हाँसको चल्ला भनेको त होइन रहेछ, हाम्री छोरी रहिछे । त्यो बाज भनेको त होइन रहेछ, कुटुम्बराजा ज्वाईं रहेछन् । कुटुम्बराजा बडा हौ, ठूला हौ, महान् हौ । आकाशजस्तो अग्लो, धरतीजस्तो चाक्लो, समातौँ समातिनसक्नु, उचालौँ उचालिनसक्नु, घचेटौँ घचेटिनसक्नु । कुटुम्बराजाले गाँजेपछि हाम्रो केही लागेन । कुटुम्बराजालाई हाम्री छोरी नदिई सुख पाएनौँ, दिनैपऱ्यो । हिजोसम्म हाम्री छोरी काठको सोइलामा थिई, आजदेखि फलामको सोइलामा परी । पाले पुण्य, मारे हत्या (केटाको तीनपुस्ते) फलानालाई (केटीको तीनपुस्ते) फलानालाई (नाम) आजैदेखि एक दियौँ, दुई दियौँ, तीन दियौँ, दियौँ, दियौँ ।

'हाम्री छोरी आजसम्म बाटोमाथि, बाटोमुनि लागेकी छैन, लाटी छैन, खोरन्डी छैन, अन्धी छैन । सुनै सुवर्णकी हाम्री छोरी कुटुम्बराजा ज्वाईं (फलाना) लाई आजदेखि सुम्प्यौँ । कुटुम्बराजाको घर गएपछि लाटी होली, अन्धी होली, खोरोन्डी होली, हामीलाई अबगाल अथवा दोष नआओस् । आकाश गए खुट्टामा समाती तान्नू, पाताल गए कपालमा समाती तान्नू । चलाउन जाने माटाको भाडा पनि काँसको तामाजस्तो खप्छ, चलाउन नजाने काँसको, तामाको भाँडा पनि माटोजस्तो भएर जान्छ । जुन देख्यो उही राम्री नगर्नू, कमाई ल्याउने ज्वाईंको काम, पकाइबनाइदिने छोरीको काम । खोला भागी समुद्र, छोरी भागी माइत भनेझैँ कुनै दिन भूलचुकले छोरी भागेर माइत आइछे भने पनि ज्वाईं आई लिएर जानू । माल तपाईंको, हाम्रो माया मात्र हो । आजदेखि कुटुम्बराजाको पोल्टामा सुम्पियौँ ।' (स्रोतः माझी सं २०६३ः ३३-३४)

अनुसूची २

माझी समुदायमा मृतकको चोखिने दिन भनिने पाराङ्गेको नमुना

"किन जन्मिस् मर्नुलाई, मरेको होइन सरेको हो, दुई दिनको अघिपछि मात्र हो, हामी सबैको जाने बाटो त्यही हो, जन्मिँदाको साइत छैटौँको दिनमा भावीले यो उमेरमा, यो दिन, यो बार, यो समयमा, यो रोगले यसरी जानु लेखिदिएकाले आज सोही कुरो भोग्नुपऱ्यो, सोही कुरा हुन गयो ।

बिरामी भएदेखि नै दाजुभाइ, इस्टमित्र, कुलकुटुम्ब भेला भयौँ, धामीझाँक्री, वैद्य, डाक्टर बोलायौँ, सबै मिली हरेक प्रयास गऱ्यौँ, धामीझाँक्रीको मन्तर हावा, बतास गीत भएर गयो, वैद्य, डाक्टरको औषधि पानी भएर गयो, पापी दुस्ट दैवले कहिल्यै भेट नहुनेगरी हाम्रो काखबाट खोसेर, हरेर लगिदियो, हाम्रो दुखेसो सुनेन, हाम्रो केही लागेन ।

मरिसकेपछि त्यसै घरमा राखी छाड्नुभएन । दाजुभाइ, इस्टमित्र, कुलकुटुम्ब, छरछिमेकी सबै भेला भएर लास बोक्नेले लास बोके, दाउरा बोक्नेले दाउरा बोके, नसक्ने रित्तै हिंडे, टाढाकाहरू दौडधुप गरेर आए, सागरमा पुऱ्याइयो । लेखन्तमा भएका सबै मलामी भेला भए ।

पुर्खादेखि गरी आएको रीतिअनुसार नङकेश गरी सोलामा चढाई सबै मलामीले दाउरा, पानी, माटो दिई दागबत्ती दिई खरानी बनायौँ, पञ्चतत्वबाट बनेको शरीर पञ्चतत्वमै मिल्यो । सद्गद् गरी घर आएपछि नाता साइनोअनुसार तिम्रो नाममा छाक खल्को गरी कसैले पूरा, कसैले पाँच, तीन दिन, कसैले एक छाक छोडी नुन बारे । बार्नेले पनि बारे, नबार्नेले पनि बारे, सबैले बारे ।

आज .... दिनमा पुर्खाले गरेको चलनअनुसार नुवाइधुवाइ, चोखोनितो गरी समुद्रमा गई तिम्रो नाममा तिलबाँस लिनेले तिलबाँस लिए, गहुँत तेल छुनेले गहुँत तेल छोई शुद्ध शान्ति गरियो । आज चोखोनितो गरी तिम्रो नाममा बनाएका चिजबिज तिमीलाई पार्‍यौँ, चढायौँ । कुनै चिज भूल भएर चढाउन छुट भएको भए हामी माफ पाऊँ । तिम्रो नाममा आएका पाहुनापात, इस्टमित्र, मलामी, सबैलाई हाम्रो गच्छेअनुसारको खानपिन गरायौँ । आज (मृतकको नाम) को साङ्गे पाराङ्गे भयो । आजदेखि तिमी देवअङ्शी भयौ । पहिले गएका पुर्खा पितृहरूसँग हारमिली बस्नू, खानू, पाउनू । कमलको फूलको आसन वैकुण्ठमा बास होस् ।"

अनुसूची ३

माझी भाषामा १०० स्वाडेश शब्दसूची

क्र.सं.	माझी	खस/नेपाली	अङ्ग्रेजी
०१	*सेब्बे* (सर्व)	'सबै'	all
०२	*खारानि* (ना)	'खरानी'	ash
०३	*बोखा* (ना)	'बोक्रा'	bark
०४	*पाँटि/पेट्* (ना)	'पेट'	belly
०५	*बड्ख* (वि)	'ठूलो'	big
०६	*चरि* (ना)	'चरा'	bird
०७	*कम्टइ/कम्टेइ* (क्रि)	'टोक्नु'	to bite
०८	*काड्ड* (वि)	'कालो'	black
०९	*रकत्* (ना)	'रगत'	blood
१०	*हाड्* (ना)	'हाड'	bone
११	*छाति* (ना)	'छाती'	breast
१२	*जिगइ* (क्रि)	'बल्नु'	to burn
१३	*बादल्* (ना)	'बादल'	cloud
१४	*चिसो* (वि)	'चिसो'	cold
१५	*आइ* (क्रि)	'आउनु'	to come
१६	*मोरइ* (क्रि)	'मर्नु'	to die
१७	*कुकल्* (ना)	'कुकुर'	dog
१८	*पेइ* (क्रि)	'पिउनु'	to drink
१९	*सुकल* (क्रिवि)	'सुकेको'	dry
२०	*कान्* (ना)	'कान'	ear
२१	*पृथिवि* (ना)	'पृथ्वी'	earth
२२	*खाइ* (क्रि)	'खानु'	to eat
२३	*डिमा* (ना)	'अन्डा'	egg
२४	*आँखि* (ना)	'आँखा'	eye
२५	*पाँख्* (ना)	'प्वाँख'	feather
२६	*आगि* (ना)	'आगो'	fire
२७	*माछ/माछ्लि* (ना)	'माछा'	fish
२८	*मासु* (ना)	'मासु'	flesh, meat

२९	*उँड्इ* (क्रि)	'उड्नु'	to fly
३०	*गोड्* (ना)	'खुट्टा'	foot
३१	*भोरि* (क्रिवि)	'भरी'	full
३२	*दइ* (क्रि)	'दिनु'	to give
३३	*माहाँल* (वि)	'राम्रा'	good
३४	*बाँसो* (ना)	'बोसो'	grease
३५	*हरिया* (वि)	'हरियो'	green
३६	*बार्/कापाल्* (ना)	'केस'	hair
३७	*हात्* (ना)	'हात'	hand
३८	*कापाल्/कापालेक्* (ना)	'टाउको'	head
३९	*सुनइँ* (क्रि)	'सुन्नु'	to hear
४०	*मुटु* (ना)	'मुटु'	heart
४१	*सिङ्* (ना)	'सिङ'	horn
४२	*तातो* (वि)	'ताता'	hot
४३	*मुइँ* (सर्व)	'म'	I
४४	*मारइ* (क्रि)	'मार्नु'	to kill
४५	*घाँडा* (ना)	'घुँडा'	knee
४६	*जानइँ* (क्रि)	'जान्नु'	to know
४७	*पाता* (ना)	'पात'	leaf
४८	*सुतइ* (क्रि)	'लेट्नु'	to lie
४९	*काराजि* (ना)	'कलेजो'	liver
५०	*लामो* (वि)	'लामो'	long
५१	*उँकुँनि* (ना)	'जुम्रा'	louse
५२	*अँडेमानुस्* (ना)	'मान्छे, पुरूष'	man
५३	*धेरे* (वि)	'धेरै'	many
५४	*चानाजोहोन्* (ना)	'चन्द्रमा'	moon
५५	*पहाड्* (ना)	'पहाड'	hill
५६	*मुख्* (ना)	'मुख'	mouth
५७	*नङ्* (ना)	'नङ'	nail
५८	*नाउँ* (ना)	'नाम'	name
५९	*घेन्टि/घेँच* (ना)	'घाँटी'	neck
६०	*नयाँ* (वि)	'नयाँ'	new
६१	*रात्* (ना)	'रात'	night
६२	*नाक्* (ना)	'नाक'	nose
६३	*बइने* (क्रि)	'छैन'	not
६४	*एक्* (सर्व)	'एक'	one
६५	*बाट्* (ना)	'बाटो'	path

६६	*व्यक्ति* (ना)	'व्यक्ति'	person
६७	*बर्सा* (ना)	'बर्षा'	rain
६८	*पिर्ल* (वि)	'रातो'	red
६९	*जरा* (ना)	'जरा'	root
७०	*गोलो* (वि)	'गोलो'	round
७१	*बलउटा* (ना)	'बालुवा'	sand
७२	*बलइ/बाजइ* (क्रि)	'भन्नु'	to say
७३	*हेरइ* (क्रि)	'हेर्नु'	to see
७४	*विउ* (ना)	'बीऊ'	seed
७५	*बसइ* (क्रि)	'बस्नु'	to sit
७६	*छाला* (ना)	'छाला'	skin
७७	*सुतइ* (क्रि)	'सुत्नु'	to sleep
७८	*स्यान्ख* (वि)	'सानो'	small
७९	*धुवाँ* (ना)	'धुँवा'	smoke
८०	*ठँड्याइ* (क्रि)	'उभिनु'	to stand
८१	*तारा* (ना)	'तारा'	star
८२	*पाथर्* (ना)	'ढुङ्गा'	stone
८३	*दिन्* (ना)	'सूर्य'	sun
८४	*पउडइ* (क्रि)	'पौडनु'	to swim
८५	*पुछर्* (ना)	'पुच्छर'	tail
८६	*होइ* (सर्व)	'त्यो'	that
८७	*हय्* (सर्व)	'यो'	this
८८	*तुइ* (सर्व)	'तिमी'	you
८९	*जिब्रो* (ना)	'जिब्रो'	tongue
९०	*दाँत्* (ना)	'दाँत'	tooth
९१	*गाछ्* (ना)	'रूख'	tree
९२	*दुइ* (सर्व)	'दुई'	two
९३	*हिंड्इ* (क्रि)	'हिड्नु'	to walk
९४	*पानि* (ना)	'पानी'	water
९५	*हाइँ* (सर्व)	'हामी'	we
९६	*केति* (सर्व)	'के'	what
९७	*गोरो* (वि)	'सेतो'	white
९८	*कुन्* (सर्व)	'को'	who
९९	*बेटिमान्सुनि* (ना)	'आइमाई'	woman
१००	*पयाँल* (वि)	'पहेंलो'	yellow

स्रोतः धनबहादुर माझी

सन्दर्भ-सूची

अधिकारी, विष्णुबहादुर. २०६०. सिन्धुपाल्चोक जिल्ला भीमाटार गाविसका माझी जातिको सामाजिक तथा सांस्कृतिक पक्षः एक समाजशास्त्रीय अध्ययन. स्नातकोत्तर शोधपत्र. काठमाडौं, त्रिभुवन विश्वविद्यालय.

उक्याव, ताम्ला र श्याम अधिकारी. २०५७. *नेपालका जनजातिहरू.* काठमाडौंः राष्ट्रिय जनजाति विकास समिति.

कँडेल, राजऋषि. २०५५. रामेछाप जिल्ला चिसापानी गाविसका माझी जातिको सामाजिक सांस्कृतिक पक्षः एक अध्ययन. स्नातकोत्तर शोधपत्र. काठमाडौं, त्रिभुवन विश्वविद्यालय.

काइँला, बैरागी. २०६२. आदिवासी जनजातिको परिप्रेक्ष्यमा पहिचानको राजनीति र भाषा . *वहा जर्नल*, २, २ः

कुमार, यमेश. २०२६. पूर्वी नेपालका माझी जातिको एक संस्कृति, *हाम्रो संस्कृति*, १, ३.

कोइराला, मोहन. २०३८. *नदी किनारका माझी.* काठमाडौंः हिमाली शिशु संस्थान.

गुरूङ, हर्क. २००६. *जनजाति सेरोफेरो.* ललितपुरः नेपाल आदिवासी जनजाति महासङ्घ.

गुरूङ, हर्क. २००४. *नेपाल जनगणना २००१ मा धर्मसम्बन्धी तथ्याङ्क.* काठमाडौंः नेपाल आदिवासी जनजाति महासङ्घ.

गौतम, वासुदेव. २०५५. नेपाली र माझी भाषाको तुलनात्मक अध्ययन. स्नातकोत्तर शोधपत्र. काठमाडौं, त्रिभुवन विश्वविद्यालय.

बज्राचार्य, धनबज्र र टेकबहादुर श्रेष्ठ. २०३७. *शाहकालको अभिलेख.* काठमाडौंः नेपाल तथा एसियाली अनुसन्धान केन्द्र.

माझी, धनबहादुर. २०६३. *माझी जातिको संस्कार र संस्कृति.* काठमाडौंः माझी विकास तथा अनुसन्धान परिषद्, नेपाल.

धिमाल, सोम. प्रेसमा. *धिमाल जातिको चिनारी.* ललिपुरः आजउरा प्रतिष्ठान र धिमाल जाति विकास केन्द्र.

नेपाल, अरूण. २०५६. माझी जातिको सामाजिक तथा सांस्कृतिक जीवनः सिन्धुपाल्चोक जिल्ला पाङ्ग्रेटार गाविसको एक समाजशास्त्रीय अध्ययन. स्नातकोत्तर शोधपत्र. काठमाडौं, त्रिभुवन विश्वविद्यालय.

नेपाली बृहत् शब्दकोश. २०६०. काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.

लामा, प्रेमध्वज. २०५९. *सि*न्धुपाल्चोक जिल्ला भीमाटार गाविसका माझी जातिको सामाजिक तथा सांस्कृतिक पक्षको एक अध्ययन. स्नातकोत्तर शोधपत्र. काठमाडौं, त्रिभुवन विश्वविद्यालय.

पोखरेल, बालकृष्ण. २०३७. *राष्ट्रभाषा.* काठमाडौंः साझा प्रकाशन.